# भ्रष्टाचार विरुद्धको दोस्रो राष्ट्रिय रणनीतिक योजना
# (आर्थिक वर्ष २०८२/८३-२०८७/८८)

(नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०८३।३।१८ मा स्वीकृत)

नेपाल सरकार
**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**
सिंहदरबार, काठमाडौं

# भ्रष्टाचार विरुद्धको दोस्रो राष्ट्रिय रणनीतिक योजना
# (आर्थिक वर्ष २०८२/८३ - २०८७/८८)

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं।

२०८३

पुष्कर सापकोटा

सचिव

विषयसूची


**परिच्छेद-१ परिचय** ........ ३

**१.१ पृष्ठभूमि** ........ ३

**१.२ नेपालमा भ्रष्टाचार विरुद्धको महासन्धिको कार्यान्वयन** ........ २

१.२.१ महासन्धि कार्यान्वयनका लागि नेपालले गरेका प्रयास ........ २

१.२.२ महासन्धि कार्यान्वयन सम्बन्धी पहिलो कार्ययोजनाको समीक्षा ........ २

१.२.३ समकक्षी पुनरावलोकनका सिफारिसहरू ........ ८

**१.३ संवैधानिक र कानूनी व्यवस्था** ........ १०

१.३.१ संवैधानिक व्यवस्था ........ १०

१.३.२ कानूनी व्यवस्था ........ १०

१.३.३ संस्थागत व्यवस्था ........ १३

१.३.४ भ्रष्टाचार निवारण सम्वन्धी समन्वय तथा सम्पर्क विन्दुको स्थापना ........ १५

**परिच्छेद-२ भ्रष्टाचार विरुद्धको राष्ट्रिय रणनीतिक योजना** ........ १७

**२.१ पृष्ठभूमि** ........ १७

**२.२ दीर्घकालीन सोच** (Vision) ........ १८

**२.३ रणनीतिको उद्देश्य** (Objective) ........ १८

**२.४ रणनीतिक स्तम्भहरू** (Strategic Pillars) ........ १८

**२.५ कार्यनीतिहरू** ........ १८

**परिच्छेद-३ भ्रष्टाचार विरुद्धको राष्ट्रिय रणनीतिक योजनाको कार्यान्वयन** ........ २२

**३.१ कार्यान्वयनको ढाँचा** ........ २२

**३.२ कार्ययोजनामा समावेश गरिएका क्रियाकलापहरू** ........ २२

**३.३. जिम्मेवार निकायको भूमिका** ........ २३

**३.४. सहयोगी निकायको भूमिका** ........ २३

**३.५. राष्ट्रिय रणनीतिक योजना कार्यान्वयन संयन्त्र** ........ २३

३.५.१ विशेष सुशासन अनुगमन एकाइ ........ २४




पुष्कर सापकोटा
सचिव

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

३.५.२ निर्देशक समिति ........ २४

३.५.३ कार्य सम्पादन समिति ........ २६

३.५.४ प्रदेश कार्यान्वयन समिति ........ २७

३.५.५ स्थानीय तह कार्यान्वयन समिति ........ २८

**३.६ अनुगमन गर्ने निकाय र तिनको भूमिका** ........ २९

**३.७ भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिका प्रावधान र रणनीतिक योजनाबीचको सम्बन्ध** ........ ३०

३.७.१ निर्माण गर्नुपर्ने नीति, मापदण्ड र दिग्दर्शन तथा गर्नुपर्ने सन्धिसम्झौता ........ ३१

३.७.३ निर्माण गर्नुपर्ने नयाँ ऐनहरू ........ ३२

**३.८ संस्थागत सुधार** ........ ३२

**परिच्छेद-४ कार्ययोजना** ........ ३६

**४.१ रणनीति, कार्यनीति र क्रियाकलापहरू** ........ ३६

**४.३ अनुगमन तथा मूल्याङ्कन फ्रेमवर्क** ........ ७८

**परिच्छेद-५ रणनीतिक योजनाको सीमा र अपेक्षित उपलब्धि** ........ ८२

**५.१ रणनीतिक योजनाको सीमा** ........ ८२

**५.२ जोखिम न्यूनीकरणका उपायहरू** ........ ८३

**५.३ अपेक्षित उपलब्धि** ........ ८३

५.३.१ कानूनी तथा संस्थागत उपलब्धि ........ ८३

५.३.२ सदाचार र जवाफदेहिता सम्बन्धी उपलब्धि ........ ८४

५.३.३ अनुसन्धान, अभियोजन र न्यायिक सुधार ........ ८४

५.३.४ सार्वजनिक वित्तीय प्रणाली सुधार ........ ८४

५.३.५ नागरिक सहभागिता र सामाजिक विश्वास ........ ८४

५.३.६ समग्र प्रभाव ........ ८४

**पुष्कर सापकोटा**
सचिव

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरवार, काठमाडौं

# परिच्छेद-१ परिचय

## १.१ पृष्ठभूमि

नेपालमा भ्रष्टाचार निवारणको प्रयास वैदिककालदेखि नै सुरुवात भएको पाईन्छ। हिन्दू धर्म ग्रन्थ: ऋग्वेद, यजुर्वेद एवम् विभिन्न उपनिषद्मा भ्रष्टाचारका कारण तथा निवारणका उपायबारे व्याख्या गरिएको पाइन्छ। श्रीमद्भागवत गीतामा काम र क्रोधमा लिप्त मानिस अन्यायपूर्वक धन सञ्चय गर्न प्रयत्न गर्छन् भनिएको छ। बौद्ध धर्मले सदाचारको लागि आष्टाङ्गिक मार्गको अवलम्बन गर्न सुझाव दिएको छ। किराँत धर्मग्रन्थ मुन्धुमले राज्यको स्रोत एवम् शक्तिलाई जनताको हित एवम् भलाइमा प्रयोग गर्नुपर्छ भनेको छ।

ऐतिहासिक रूपले लिच्छवीकालीन समयबाट न्याय र भ्रष्टाचार विरुद्ध दण्ड प्रणालीको सुरुवात भएको देखिन्छ। मल्लकालमा काल भैरवको स्थापना गरी दण्ड व्यवस्थालाई प्रभावकारी बनाउने प्रयास गरिएको पाइन्छ। पृथ्वीनारायण शाहले "न्याय निथारनु, अन्याय हुन नदिनु, अदालथ्मा पनि बडा निसाफ हेर्नु, घूस दिन्या र घूस खान्या यी दुईको त धन जीव गरी लियाको पनि पाप छैन, यी राजाका महासतुर हुन्" भनी भ्रष्टाचारप्रति निर्मम हुने नीति लिएका थिए।

राणा शासनकालमा राज्यको ढुकुटी शासकको निजी सम्पत्ति सरह प्रयोग गरिएको देखिन्छ। वि. सं. २००७ मा प्रजातन्त्रको उदय पश्चात् निर्वाचन गरी नागरिकको अपेक्षा अनुसार विधिको शासन कायम गराउने प्रयास भए तापनि उल्लेख्य सफलता पाएको देखिँदैन। वि. सं. २०१७ सालमा पञ्चायतकालको सुरुवात भए लगत्तै भ्रष्टाचार निवारण ऐन, २०१७ लागू गरी अख्तियार दुरूपयोग निवारण आयोगको व्यवस्था गरिएको थियो। अयोगलाइ असुसन्धान गर्ने, अभियोजन गर्ने, फैसला गर्ने तथा उक्त फैसला कार्यान्वयन गराउने अधिकार दिएको पाइन्छ। वि. सं. २०४६ सालमा बहुदलीय व्यवस्थाको पुनर्स्थापनासँगै संविधानमा नै अख्तियार दुरूपयोग अनुसन्धान आयोगको व्यवस्था भएको र भ्रष्टाचार निवारण ऐन, २०५९ समेत लागू गरिएको थियो।

संयुक्त राष्ट्रसङ्घीय महासभाले सन् २००३ अक्टोवर ३१ तारिखमा भ्रष्टाचार विरुद्धको महासन्धि (UN Convention Against Corruption-UNCAC ) पारित गरी अनुमोदनका लागि सदस्य राष्ट्रलाई खुला गरेको थियो। नेपालले सन् २०११ फेब्रुअरी २३ तारिखमा यो महासन्धिलाई अनुमोदन गरेको थियो। यस महासन्धिले पक्ष राष्ट्रको हकमा कानून, संस्थागत व्यवस्था र अभ्यासको खाका प्रस्तुत गर्दै भ्रष्टाचार विरुद्ध उपयुक्त विधि कार्यान्वयन गर्न मार्गनिर्देश गरेको छ। महासन्धिले भ्रष्टाचारको रोकथाम वा नियन्त्रण, अपराधीकरण र सजाय सम्बन्धी कानून कार्यान्वयन, अन्तर्राष्ट्रिय सहयोग, सम्पत्तिको पुनर्प्राप्ति, प्राविधिक सहयोग तथा सूचना आदानप्रदान र कार्यान्वयनसम्बन्धी संयन्त्रलाई सुदृढ गर्ने लक्ष्य लिइएको पाइन्छ।

महासन्धिको पक्ष राष्ट्र बनेपछि नेपालले महासन्धिका व्यवस्था कार्यान्वयन गर्न " भ्रष्टाचार विरुद्धको राष्ट्रिय रणनीति तथा कार्ययोजना, २०६९" (यसपछि 'राष्ट्रिय रणनीति तथा कार्ययोजना' भनिएको) कार्यान्वयन गर्दै



पुष्कर सापकोटा
सचिव

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

आएको छ। राष्ट्रिय रणनीति तथा कार्ययोजना कार्यान्वयनमा आएको १३ वर्षमा विभिन्न कानून तर्जुमा एवम् संशोधन भएका छन् र संस्थागत सुदृढीकरण भएको छ। तथापि, राष्ट्रिय रणनीति तथा कार्ययोजनाको प्रभावकारी रूपमा कार्यान्वयन भएको पाइँदैन।

वि.सं.२०७२ सालमा जारी भएको नेपालको वर्तमान संविधानले सङ्घीय शासन प्रणाली अवलम्बन गरेकोले सङ्घीय संरचनाबमोजिम तीन तहका सरकारबाट महासन्धिले सिर्जना गरेका दायित्वलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने आवश्यकता छ। साथै, महासन्धि कार्यान्वयनको सम्बन्धमा सन् २०१६ को नोभेम्वर १४ देखि १६ सम्म र सन् २०२२ को जुन १३ देखि १७ सम्म सम्पन्न पहिलो र दोस्रो चरणको समकक्षी पुनरावलोकनबाट प्राप्त सुझाव समेतलाई सम्बोधन गर्न भ्रष्टाचार विरुद्धको पहिलो राष्ट्रिय रणनीति तथा कार्ययोजनालाई संशोधन गर्नुपर्ने भएको छ।

मुलुकमा व्याप्त भ्रष्टाचार, कुशासन, दण्डहीनता, भेदभाव, बहिष्करण तथा आर्थिक-सामाजिक असमानता जस्ता संरचनात्मक कारणबाट सिर्जित द्वन्द्वको सम्बोधन समयमै नहुँदा उत्पन्न आम वितृष्णा र निराशाले जेन-जी युवाको अगुवाईमा वि.सं. २०८२ भाद्र २३ र २४ गते विद्रोह भएको थियो। प्रविधिको तीव्र विकाससँगै विश्वव्यापी रूपमा भ्रष्टाचारको स्वरूप र आयामहरूमा समेत परिवर्तन हुँदै आएको छ। यी विविध पक्षलाई मध्यनजर गरी नेपाललाई भ्रष्टाचारमुक्त समृद्ध राष्ट्र निर्माण गर्न भ्रष्टाचार विरुद्धको नयाँ रणनीति तथा कार्ययोजना तर्जुमा गर्नुपर्ने आवश्यकता छ।

## १.२ नेपालमा भ्रष्टाचार विरुद्धको महासन्धिको कार्यान्वयन

### १.२.१ महासन्धि कार्यान्वयनका लागि नेपालले गरेका प्रयास

नेपालको भ्रष्टाचार विरुद्धको पहिलो राष्ट्रिय रणनीति तथा कार्ययोजनाबमोजिम नयाँ कानूनको तर्जुमा, प्रचलित कानूनमा संशोधन र परिमार्जन गर्दै लगिएको छ। त्यसैगरी, भ्रष्टाचार विरुद्ध काम गर्ने अनुसन्धानात्मक, अभियोजनात्मक तथा न्यायिक निकायको संस्थागत सुदृढीकरण, जनशक्तिको क्षमता विकास; भ्रष्टाचार विरुद्ध नवीन प्रविधिको प्रयोग र राज्यको नीति, कार्यक्रम, बजेट र आवधिक योजना मार्फत भ्रष्टाचार निवारणका लागि विभिन्न प्रयास हुँदै आएको छ। वर्तमान सोह्रौं योजनाले सुशासनलाई दीर्घकालीन राष्ट्रिय लक्ष्य "सुख" को सूचकको रूपमा राखेको र वि.सं. २०८५/८६ सम्म भ्रष्टाचार नियन्त्रण सूचकाङ्क ०.४० र भ्रष्टाचार न्यूनीकरण अनुभूति सूचकाङ्क ४३ पुऱ्याउने परिमाणात्मक लक्ष्य लिएको छ।

### १.२.२ महासन्धि कार्यान्वयन सम्बन्धी पहिलो कार्ययोजनाको समीक्षा

पहिलो राष्ट्रिय रणनीति तथा कार्ययोजनामा ५ वटा रणनीति, १५ वटा उद्देश्य, ५३ वटा कार्यनीति र १०६ वटा क्रियाकलाप राखिएका थिए। हरेक क्रियाकलाप कार्यान्वयनका लागि जिम्मेवार निकाय, सहयोगी निकाय, क्रियाकलाप सम्पन्न गर्न लाग्ने समयावधि, अनुगमन गर्ने निकाय र अनुगमन सूचक स्पष्ट गरिएको थियो।



पुष्कर सापकोटा
सचिव

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

राष्ट्रिय रणनीति तथा कार्ययोजनामा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, राष्ट्रिय सतर्कता केन्द्र र दातृ निकाय समेतको भूमिका स्पष्ट गरिएको थियो। राष्ट्रिय रणनीति तथा कार्ययोजना कार्यान्वयनको अनुगमन गर्न नेपाल सरकारका मुख्यसचिवको अध्यक्षतामा नेपाल सरकारका सचिवहरू रहेको एक कार्यान्वयन तथा अनुगमन समितिको व्यवस्था गरिएको थियो।

राष्ट्रिय रणनीति तथा कार्ययोजना बमोजिम भ्रष्टाचार निवारण ऐन र अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐनमा परिमार्जन गरियो। सम्पत्ति शुद्धीकरण र सुशासन सम्बन्धी कानून तर्जुमा भयो। तथापि, विद्यमान भ्रष्टाचार निवारण ऐनको संशोधन भने हुन सकेन र निजी क्षेत्रमा हुने भ्रष्टाचारलाई अझै पनि पूर्ण रूपमा कानूनी दायरामा ल्याउन सकिएको छैन। राष्ट्रिय रणनीति तथा कार्ययोजनाको उद्देश्य अनुरूप ठूला नीतिगत भ्रष्टाचार, ठेक्कापट्टामा हुने मिलेमतो र स्थानीय तहमा हुने अनियमितता पूर्ण रूपमा रोक्न सकिएको छैन। सो राष्ट्रिय रणनीति तथा कार्ययोजना कार्यान्वयनमा राजनीतिक इच्छाशक्तिको पनि कमी देखियो।

राष्ट्रिय रणनीति तथा कार्ययोजनाले कूल २७ वटा कानून संशोधन गर्न वा नयाँ ऐन तर्जुमा गर्न प्रस्ताव गरेको थियो। ती २७ वटा कानूनमध्ये केही कानूनमा संशोधन भएको, केही नयाँ ऐन तर्जुमा गरिएको र अन्य केहीको हकमा भने संशोधन वा नयाँ कानून तर्जुमा गर्न बाँकी रहेको छ। तत् सम्बन्धी जानकारी देहायको तालिकामा दिइएको छ।

| क्र.सं. | संशोधनका लागि प्रस्ताव गरिएका कानून | कार्य प्रगति | कैफियत |
|---|---|---|---|
| १. | करार ऐन, २०५६ | करार सम्बन्धी कानून खारेज गरी मुलुकी देवानी संहिता, २०७४ मा व्यवस्था गरिएको। | नयाँ कानून निर्माण |
| २. | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०६३ | • बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३<br>• नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५<br>• मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५<br>• आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न ऐन, २०८१ | |
| ३. | निर्वाचन सम्बन्धी ऐनहरू (राजनीतिक दल सम्बन्धी ऐन २०५८, स्थानीय निकाय | • राजनीतिक दल सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७४<br>• केही नेपाल ऐन संशोधान गर्ने ऐन, | • |



पुष्कर सापकोटा
सचिव

| | | | |
|---|---|---|---|
| | (निर्वाचन कार्यविधि) २०४८, निर्वाचन आयोग ऐन, २०६३ निर्वाचन (कसूर र सजाय) ऐन, २०६३) | २०७५<br>•केही अध्यादेश खारेज गरी नेपाल ऐनको साविकको व्यवस्था जगाउन बनेको अध्यादेशलाई प्रतिस्थापन गर्ने ऐन, २०७७<br>•स्थानीय तह निर्वाचन ऐन, २०७३(नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५)<br>•स्थानीय तह निर्वाचन (पहिलो संशोधन)ऐन, २०७४<br>•निर्वाचन आयोग ऐन, २०७३(केही नेपाल ऐन संशोधान गर्ने ऐन, २०७५,<br>• केही नेपाल ऐन संशोधान गर्ने ऐन, २०८२ | |
| ४. | आर्थिक कार्यविधि ऐन, २०५५ | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लागू | नयाँ कानून निर्माण |
| ५. | न्याय परिषद् ऐन, २०४७ | •न्याय परिषद् ऐन, २०७३<br>•केही नेपाल ऐन संशोधान गर्ने ऐन, २०८२ | नयाँ कानून निर्माण |
| ६. | न्याय प्रशासन ऐन, २०४८ | •केही नेपाल ऐन संशोधान गर्ने ऐन, २०७५<br>•फौजदारी कसूर तथा फौजदारी कार्यविधि सम्बन्धी केही ऐन संशोधन गर्ने ऐन, २०७९<br>•केही नेपाल ऐन संशोधान गर्ने ऐन, २०८२ | नयाँ कानून निर्माण |
| ७. | सपुर्दगी ऐन, २०४५ | सपुर्दगी ऐन, २०७० लागू | नयाँ कानून निर्माण |
| ८. | लेखापरीक्षण ऐन, २०४८ | लेखापरीक्षण ऐन, २०७५ लागू | नयाँ कानून निर्माण |
| ९. | बीमा ऐन, २०४९ | •बीमा ऐन, २०७९<br>•केही नेपाल ऐन संशोधान गर्ने ऐन, २०८२ | नयाँ कानून निर्माण |
| १०. | भ्रष्टाचार निवारण ऐन, २०५९ | •भ्रष्टाचार निवारण (पहिलो संशोधन) ऐन, २०८१ | संशोधन |
| ११. | नेपाल राष्ट्र बैंक ऐन, २०५८ | •केही नेपाल ऐन संशोधान गर्ने ऐन, | संशोधन |



मुकुन्द सापकोटा

| | | | |
|---|---|---|---|
| | | २०७२<br>• नेपाल राष्ट्र बैंक(दोस्रो संशोधन) ऐन, २०७३<br>• केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४<br>• भुक्तानी तथा फस्यौंट ऐन, २०७५<br>• मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५<br>• सम्पत्ति शुद्धीकरण(मनि लाउण्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन, २०८०<br>• सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०८१ | |
| १२. | नेपाल चार्टर्ड एकाउण्टेण्ट ऐन, २०५३ | • केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२<br>• नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ | संशोधन |
| १३. | सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ | • सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण(दोस्रो संशोधन) ऐन, २०७०<br>• केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५<br>• सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन, २०८० | संशोधन |
| १४. | राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ | पहिलो संशोधन (२०७६) र आर्थिक तथा व्यावसायिक वातावरण सुधार तथा लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०८१ मार्फत संशोधन गरिएको। | खारेजीमा रहेको |
| १५. | सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ | • नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५<br>• सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा | केही संशोधन |

| | | | |
|---|---|---|---|
| | | प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०८१ र केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०८२ मार्फत संशोधन गरिएको। | |
| १६. | सैनिक ऐन, २०६३ | •केही नेपाल कानून संशोधन र खारेज गर्ने ऐन, २०७२<br>•केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२<br>•केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४<br>•नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ | केही संशोधन |
| १७. | अख्तियार दुरूपयोग तथा अनुसन्धान आयोग ऐन, २०४८ | •केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२<br>•तेस्रो संशोधन विधेयक तर्जुमाको क्रममा रहेको। | |
| १८. | नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ | •नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५<br>नयाँ कानून निर्माणको चरणमा रहेको। | |
| १९. | निजामती सेवा ऐन, २०४९ | नयाँ कानून निर्माणको चरणमा रहेको। | |
| २१. | दुरसञ्चार ऐन, २०५३ | पछिल्लो संशोधन २०७८ (आर्थिक ऐन मार्फत) मा भएको। | नयाँ ऐनको मस्यौदा भइरहेको |
| २२ | कम्पनी ऐन, २०६३ | २०७४ सालमा पहिलो संशोधन तथा केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ र २०८१ मार्फत संशोधन भएको। | कम्पनी ऐन सम्बन्धी नयाँ विधेयकको मस्यौदा तयार भएको। |
| २३. | महाभियोग (कार्यविधि नियमित गर्ने) ऐन, २०५९ | संशोधन वा प्रतिस्थापन गर्नुपर्ने। | बाँकी रहेको। |
| २४. | विशेष अदालत ऐन, २०५९ | केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०८२ | संशोधन |
| २५. | संस्था दर्ता ऐन, २०३४ | संशोधन वा प्रतिस्थापन गर्नुपर्ने। | बाँकी रहेको। |
| २६. | प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ | संशोधन वा प्रतिस्थापन गर्नुपर्ने। | बाँकी रहेको। |
| २७. | निर्माण व्यवसाय ऐन, २०५५ | नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ | संशोधन वा प्रतिस्थापन गर्नु पर्ने। |



पुष्कर सापकोटा

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

त्यसैगरी, राष्ट्रिय रणनीति तथा कार्ययोजनामा ७ वटा नयाँ कानून निर्माण गर्ने लक्ष्य राखिएको थियो। त्यसबारे भएको प्रगति देहायको तालिकामा देखाइएको छः

| क्र.सं. | निमाण गर्नु प्रस्तावित नयाँ कानून | कार्य प्रगति | कैफियत |
|---|---|---|---|
| १. | सङ्गठित अपराध सम्बन्धी कानून | सङ्गठित अपराध निवारण ऐन, २०७० | कानून निर्माण भएको |
| २. | पारस्पारिक कानूनी सहायता सम्बन्धी कानून | पारस्परिक कानूनी सहायता ऐन, २०७० | कानून निर्माण भएको |
| ३. | सुपुर्दगी सम्बन्धी कानून | सुपुर्दगी ऐन, २०७० | कानून निर्माण भएको |
| ४. | पीडित, साक्षी तथा विशेषज्ञको संरक्षण सम्बन्धी कानून | अपराध पीडित संरक्षण ऐन, २०७५ | कानून निर्माण भएको |
| ५. | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग र राजस्व अनुसन्धान विभागलाई छुट्टै स्वतन्त्र निकायको रूपमा विकास गर्ने | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग र राजस्व अनुसन्धान विभागलाई छुट्टाछुट्टै कानूनबाट स्वतन्त्र निकायको रूपमा संस्थागत गरिएको। | कानून निर्माण भएको |
| ६. | स्वार्थको द्वन्द्व सम्बन्धी कानून | नेपालको संविधान; अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८; भ्रष्टाचार निवारण ऐन, २०५९; सार्वजनिक खरिद ऐन, २०६३; सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४; राजनीतिक दल सम्बन्धी ऐन, २०७३; सार्वजनिक प्रशासन सुधार सम्बन्धी नीतिगत दस्तावेजहरूमा स्वार्थको द्वन्द्व सम्बन्धी केही व्यवस्थाहरू रहेको भए तापनि स्वार्थको द्वन्द्वको पहिचान, घोषणाको बाध्यता तथा कारबाही प्रक्रिया स्पष्ट नभएकोले एकीकृत र कार्यान्वयनयोग्य स्वार्थको द्वन्द्व सम्बन्धी कानून निर्माण गर्नुपर्ने आवश्यकता रहेको। | कानून निर्माण गर्ने क्रममा रहेको। |
| ७. | सुराकी संरक्षण सम्बन्धी कानून | सङ्गठित अपराध निवारण ऐन, २०७०; अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८; मानव वेचविखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ र वन्यजन्तु संरक्षण ऐन, २०२९ समेतका विभिन्न कानूहरूमा केही व्यवस्था भएको भए तापनि सुराकीको संरक्षण सम्बन्धी प्रभावकारी व्यवस्था गर्न छुट्टै एकीकृत कानून निर्माणको आवश्यकता रहेको। | कानून तर्जुमा गर्ने क्रममा रहेको। |



प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
नेपाल सरकार
सिंहदरबार, काठमाडौं

पुष्कर सापकोटा

राष्ट्रिय रणनीति तथा कार्ययोजना अनुरूप सर्वोच्च अदालत, विशेष अदालत, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, महान्यायाधिवक्ताको कार्यालय, राष्ट्रिय सतर्कता केन्द्र, महालेखापरीक्षकको कार्यालय, महालेखा नियन्त्रकको कार्यालय, सार्वजनिक खरिद अनुगमन कार्यालय, सम्पति शुद्धीकरण अनुसन्धान विभाग र राजस्व अनुसन्धान विभाग समेतका १० वटा निकायको संस्थागत क्षमता विकास निरन्तर रूपमा भइरहेको छ। साथै, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग र राजस्व अनुसन्धान विभागलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयवाट पुनः अर्थ मन्त्रालय मातहत रहने गरी फर्काइएको छ।

### १.२.३ समकक्षी पुनरावलोकनका सिफारिसहरू

सन् २०१६ को नोभेम्वर १४ देखि १६ सम्म र सन् २०२२ को जुन १३ देखि १७ सम्म क्रमशः पहिलो र दोस्रो चरणमा सम्पन्न भएको महासन्धि कार्यान्वयनको लागि समकक्षी पुनरावलोकनले नेपाललाई देहायका सुझाव दिएको थियोः

**प्रथम चरणको समकक्षी पुनरावलोकनमा दिएका सुझावहरूः**

१. महासन्धिबमोजिम स्थापित सबै अपराधलाई सुपुर्दगीयोग्य बनाई त्यस्ता अपराधलाई सुपुर्दगी सन्धिमा समावेश गर्ने वा सोही अनुसार हुनेगरी सन्धिलाई संशोधन गर्ने।

२. दोहोरो अपराध सिद्धान्तको अभावमा पनि सुपुर्दगीलाई अनुमति दिन कानून संशोधन गर्ने।

३. सहायक सुपुर्दगी (मतियार) पहिचान सम्बन्धमा अध्ययन गर्ने।

४. महासन्धिलाई सुपुर्दगीको कानूनी आधारको रूपमा ग्रहण गरी सुपुर्दगी सन्धि गर्ने।

५. सुपुर्दगी प्रक्रियालाई थप सरलीकृत गर्ने उपायको अध्ययन गर्ने।

६. सुपुर्दगी प्रक्रियासँग सम्बन्धित व्यक्तिलाई पूर्ण सुरक्षा दिने व्यवस्था लागू गर्ने।

७. गैरनागरिकलाई भेदभाव विरुद्ध सुरक्षा प्रदान गर्ने।

८. सुपुर्दगी अस्वीकार हुनु अघि नै अनुरोध गर्ने राष्ट्रसँग परामर्श गर्ने।

९. दण्डित व्यक्तिको हस्तान्तरण (स्थानान्तरण) का लागि सम्झौता गर्न अध्ययन गर्ने।

१०. जुनसुकै किसिमको सजाय कायम भए तापनि महासन्धिमा समावेश गरिएका अपराधको बारेमा सहायता सुनिश्चित गर्ने। विशेष गरी बल प्रयोग नगरिएको अनुरोधका सम्बन्धमा दोहोरो अपराध सिद्धान्त खुकुलो बनाउने।

११. कानूनी व्यक्तिलाई जिम्मेवार बनाउन सकिने अपराधको सम्बन्धमा समेत पारस्परिक कानूनी सहयोग उपलब्ध गराउन कानून संशोधन गर्ने।

१२. पारस्परिक कानूनी सहायताको लागि अनुरोध गर्ने मुलुकको सामान्य कानूनी व्यवस्था विपरीत नहुने गरी अन्य सहयोग प्रदान गर्ने बारे अध्ययन गर्ने।

१३. अनुरोध गरिएका मुलुकबाट प्रस्थान गर्नु अघि स्थानान्तरण गरिएको व्यक्तिका कार्य वा सजायको कार्यान्वयन सुनिश्चित गर्न कानून संशोधन गर्ने। सो व्यक्तिले अनुरोध भई आएको मुलुकको हिरासतमा बिताएको समयको छुट प्राप्त गर्ने विषय कानूनमा निर्दिष्ट गर्ने।

१४. तोकिएको केन्द्रीय निकायको सूचना अद्यावधिक गर्ने विषय सुनिश्चित गर्ने। आपतकालीन अवस्थामा INTERPOL मार्फत पारस्परिक कानूनी सहयोगका अनुरोध प्राप्त गर्नसक्ने सम्भावनाको विश्लेषण गर्ने



पुष्कर सापकोटा

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

र केन्द्रीय निकायद्वारा प्राप्त गर्ने प्रत्यक्ष अनुरोधले छिटो र प्रभावकारी सहकार्यमा योगदान दिनसक्ने बारे मूल्याङ्कन गर्ने।

१५. पारस्परिक कानूनी सहयोगका लागि मौखिक अनुरोध स्वीकार गर्ने विषयमा ध्यान दिने, थप सहयोगको प्रावधानमा अवरोध नपुर्‍याउने सुनिश्चित गर्न कानून संशोधन गर्ने र आउने अनुरोध समेतका लागि भिडियो कन्फेरेन्समार्फत सुनुवाइ गराउन अनुमति दिने।

१६. महासन्धिले निर्दिष्ट गरेको भन्दा थप अस्वीकार गर्ने आधारले पारस्परिक कानूनी सहयोगमा अवरोध सिर्जना नगर्ने विषयलाई सुनिश्चित गर्ने।

१७. चालु अनुसन्धान, अभियोजन वा न्यायिक प्रक्रियामा हस्तक्षेप गर्ने अवस्थामा पारस्परिक कानूनी सहयोग अस्वीकार नगरी स्थगित गर्ने लगायतका उपाय अपनाउने।

१८. सहयोग अस्वीकार गर्नु वा स्थगित गर्नु अघि अनुरोध गर्ने मुलुकसँग परामर्श गर्ने विषय सुनिश्चित गर्ने।

१९. महासन्धिको प्रावधान अनुसार पारस्परिक कानूनी सहयोगका खर्च नियमन गर्ने।

२०. महासन्धिलाई पारस्परिक कानूनी सहयोगको कानूनी आधारको रूपमा प्रयोग गरी सोसम्बन्धी सम्झौता वा व्यवस्था गर्ने।

२१. कानून कार्यान्वयनमा सहयोग तथा सञ्चारका आधुनिक प्रविधिको प्रयोगबाट गरिएका अपराध समेतमा निरन्तर सहयोग सुदृढ गर्ने र सम्झौता गर्ने।

२२. उपयुक्त भएको खण्डमा महासन्धि अन्तर्गतका अपराधको सम्बन्धमा विशेष अनुसन्धानात्मक प्रविधिको प्रयोगबारे कानूनमा निर्दिष्ट गरी त्यस्तो प्रविधिबाट प्राप्त प्रमाण अदालतले ग्रहण गर्ने सुनिश्चितता गर्ने।

२३. नेपाललाई आपराधिक कारबाहीको स्थानान्तरण, संयुक्त अनुसन्धान र विशेष अनुसन्धानात्मक प्रविधि सम्बन्धी सम्झौता वा व्यवस्था गर्न प्रोत्साहन गर्ने।

<u>दोस्रो चरणको समकक्षी पुनरावलोकनले दिएका सुझावहरू</u>

१. वित्तीय खुलासा प्रणाली (Financial Disclosure System) लाई प्रभावकारी बनाउन सोसम्बन्धी व्यवस्थाको पुनरावलोकन र सुदृढीकरण गर्ने।

२. विदेशी मुलुकमा रहेको वित्तीय खातामा चासो, हस्ताक्षर अधिकार वा अन्य अधिकार भएका सार्वजनिक पदाधिकारीलाई र सम्बन्धित निकायलाई अनिवार्य रूपमा उपलब्ध गराउने र यस्ता खाता सम्बन्धी उचित अभिलेख कायम राख्न आवश्यक पर्ने उपाय अवलम्बन गर्ने।

३. अन्य मुलुकले नेपालका अदालतमा दायर गरेका देवानी मुद्दाका सम्पत्तिमा स्वामित्वको अधिकार स्थापनाका लागि वा क्षतिपूर्ति दाबीका लागि उपयुक्त र पर्याप्त समयावधि प्रदान गर्न नेपालको हदम्याद सम्बन्धी कानूनी प्रावधान (मुलुकी देवानी संहिता, २०७४ को दफा २७५) लाई पुनरावलोकन गर्ने।



पुष्कर सापकोटा

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

४. भ्रष्टाचारका मुद्दामा अपराधीको मृत्यु, फरार, अनुपस्थिति वा अन्य उपयुक्त कारण अभियोजन गर्न नसकिने अवस्थामा अभियोजनबिना समेत उक्त व्यक्तिको सम्पति जफत गर्न अनुमति दिने उपाय अबलम्बन गर्ने।

५. अन्य पक्ष राष्ट्रको अदालतद्वारा जारी गरिएको सम्पत्ति जफत सम्बन्धी आदेशको कार्यान्वयन गर्न महासन्धिलाई आवश्यक र पर्याप्त सन्धिको रूपमा लिने।

६. महासन्धिको धारा ५७ को अनुच्छेद १ र ३ अनुरूप सम्पत्ति फर्काउने तथा नष्ट गर्ने सम्बन्धी व्यवस्था सुनिश्चित गर्ने।

## १.३ संवैधानिक र कानूनी व्यवस्था

भ्रष्टाचार विरुद्धको महासन्धिले समेटेका भ्रष्टाचारको रोकथाम, नियन्त्रण तथा कानूनी कारबाहीका सम्बन्धमा नेपालमा भएका संवैधानिक तथा कानूनी व्यवस्था देहायबमोजिम रहेका छन्-

### १.३.१ संवैधानिक व्यवस्था

| | |
|---|---|
| नेपालको संविधान | - राज्यको नीति अन्तर्गत सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामुलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने व्यवस्था रहेको (धारा ५१ख)।<br>- राज्यको नीति अन्तर्गत राजनीतिक, प्रशासनिक, न्यायिक, सामाजिक लगायत सबै क्षेत्रको भ्रष्टाचार र अनियमितता नियन्त्रणका लागि प्रभावकारी उपाय अवलम्बन गर्ने व्यवस्था रहेको (धारा ५१ट)।<br>- न्यायाधीशको ... अनुशासन सम्बन्धी कारबाही, बर्खास्ती र न्याय प्रशासनको अन्य विषयको सिफारिस गर्न वा परामर्श दिने.. जिम्मेवारी न्याय परिषद्को हुने (धारा १५३)।<br>- कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरूपयोग गरेको सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले कानून बमोजिम अनुसन्धान गर्न वा गराउन सक्ने (धारा २३९)।<br>- सरकारी तथा सार्वजनिक निकायको ... नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखा परीक्षकबाट लेखापरीक्षण हुने धारा २४१)। |

### १.३.२ कानूनी व्यवस्था

| क्र.सं. | कानून | कानूनी प्रावधान एवम् कार्यक्षेत्र |
|---|---|---|
| १. | अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ | - "भ्रष्टाचार" भन्नाले भ्रष्टाचार निवारण सम्बन्धी प्रचलित कानून बमोजिम सजाय हुने कसूर सम्झनु पर्दछ भनी परिभाषा गरिएको (दफा २(ज))।<br>- सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले अख्तियार दुरूपयोग गरेमा आयोगले यस ऐन वा अन्य प्रचलित कानून बमोजिम अनुसन्धान र तहकिकात गर्ने, मुद्दा चलाउने तथा तत्सम्बन्धी कारबाही गर्ने कानूनी व्यवस्था भएको (दफा ४ (१)। |



पुष्कर सापकोटा

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

| | | |
|---|---|---|
| | | - सरकारी वा सार्वजनिक सम्पत्ति वा नेपाल सरकारको स्वामित्व भएको सार्वजनिक संस्थाको सम्पत्ति हिनामिना गरी भ्रष्टाचार गरेकोमा कुनै हदम्याद लाग्ने छैन भन्ने कानूनी व्यवस्था भएको (दफा १३ को (२) को प्रतिबन्धात्मक वाक्यांश। |
| २. | भ्रष्टाचार निवारण ऐन, २०५९ | - " भ्रष्टाचार" भन्नाले परिच्छेद-२ अन्तर्गत सजाय हुने कसूर सम्झनु पर्छ भनी परिभाषित भएको (दफा २)।<br>- रिसवत लिनेदिने, विना मूल्य वा कम मूल्यमा वस्तु वा सेवा लिने, दान दातव्य उपहार वा चन्दा लिने, कमिशन लिने, राजस्व चुहावट गर्ने, गैरकानूनी लाभ वा हानि पुऱ्याउने वदनियतले कार्य गर्ने, गलत लिखत तयार गर्ने, गलत अनुवाद गर्ने, सरकारी कागजात सच्याउने, सरकारी वा सार्वजनिक संस्थाको कागजात नोक्सान गर्ने, परिक्षा सम्बन्धी कसूर गर्ने, गैरकानूनी व्यापार व्यवसाय गर्ने, नपाएको ओहोदा पाएको भन्ने, पदीय हैसियतको दुरूपयोग गर्ने, झुठ्ठा विवरण दिने, सम्पत्ति हिनामिना वा दुरूपयोग गर्ने, निर्णय नगरी हानि नोक्सानी पुऱ्याउने, गैरकानूनी दबाब दिने, गलत प्रतिवेदन दिने, गैरकानूनी सम्पत्ति आर्जन गर्ने, ती कार्यहरू गर्न उद्योग गर्ने र उक्त कार्य गर्न मतियारको रूपमा भूमिका खेल्नुलाई समेत भ्रष्टाचारको कसूर मानी सजाय गर्ने कानूनी व्यवस्था भएको (परिच्छेद-२)।<br>- महत्त्वपूर्ण सार्वजनिक पद धारण गरेका व्यक्तिले कसूर गरेमा थप सजाय हुने कानूनी व्यवस्था भएको (दफा २४)।<br>- भ्रष्टाचारको कसूरमा अनुसन्धानको क्रममा वा अदालतमा अभियोजन दर्ता भए पश्चात् स्वतः पदबाट निलम्बित हुने कानूनी व्यवस्था भएको (दफा ३३)।<br>- सेवावाट अवकाश भएका व्यक्तिको मृत्यु पश्चात् समेत भ्रष्टाचारमा अनुसन्धान गरी मुद्दा दायर गर्ने कानूनी व्यवस्था भएको (दफा ४६)। |
| ३. | विशेष अदालत ऐन, २०५९ | - खास किसिमका मुद्दाको कारबाही र किनारा छिटो, छरितो र प्रभावकारी ढङ्गले गराउन विशेष अदालत गठनको कानूनी व्यवस्था भएको (ऐनको प्रस्तावना तथा दफा ३)।<br>- खास किसिमका मुद्दा भन्नाले नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएका खास किसिमका मुद्दा सम्झनु पर्छ भनी परिभाषित भएको (दफा २)।<br>- नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी भ्रष्टाचार लगायतका मुद्दा समेत कारबाही किनारा गर्न विशेष अदालतलाई तोक्नसक्ने कानूनी व्यवस्था भएको। |
| ४. | मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ | - भ्रष्टाचार र सम्पत्ति शुद्धीकरण सम्बन्धी मुद्दा फिर्ता लिन नहुने कानूनी व्यवस्था रहेको (दफा ११६ को उपदफा (२) को खण्ड (क))।<br>- भ्रष्टाचार र सम्पत्ति शुद्धीकरणका कसूरदारलाई सजाय माफी दिने, मुल्तवीमा |



पुष्कर सापकोटा

| | | |
|---|---|---|
| | | राख्ने, परिवर्तन गर्ने वा सजाय कम गर्न नहुने कानूनी व्यवस्था भएको (दफा १५९ को उपदफा (४))। |
| ५. | मुलुकी अपराध संहिता, २०७४ | - अधिकार प्राप्त अधिकारीले कानून अनुसार दिएको आदेश नमान्ने कर्मचारीलाई छ महिना कैद वा पाँच हजार जरिवाना वा दुवै सजाय हुने व्यवस्था रहेको (दफा ८७ को उपदफा (१)।<br>- कुनै कसूर भएको वा हुन लागेको छ भन्ने थाहा पाई त्यस्तो कसूरको विषयमा प्रहरी वा अधिकार प्राप्त अधिकारी समक्ष खबर वा सूचना दिने व्यक्तिलाई थुनछेक गर्न वा अन्य कुनै किसिमले बाधा अवरोध पुऱ्याउन नहुने कानूनी व्यवस्था रहेको (दफा ९४ को उपदफा (१) |
| ६. | निजामती सेवा ऐन, २०४९ | - निजामती कर्मचारीले भ्रष्टाचार गरेमा भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी सेवाबाट हटाउने कानूनी व्यवस्था रहेको (दफा ६१ को उपदफा (२)। |
| ७. | राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ | - राजस्व चुहावटलाई प्रभावकारी रूपमा नियन्त्रण तथा रोकथाम गरी राजस्व सङ्कलन वृद्धि गर्ने र राजस्व चुहावटको कसूरमा अनुसन्धान र तहकिकात गरी उच्च अदालतमा मुद्दा दायर गर्ने कानूनी व्यवस्था रहेको। |
| ८. | सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ | - निर्णय गर्दा आधार र कारण खुलाउनुपर्ने (दफा १७)।<br>- स्वार्थ बाझिएमा निर्णय गर्न नहुने (दफा १८)।<br>- नेपाल सरकारले सरकारी कार्यालयको काम कारबाहीलाई छिटो, छरितो र मितव्ययी रूपमा सञ्चालन गर्न वा कार्य सम्पादन गर्न दिग्दर्शन बनाई लागू गर्न सक्ने (दफा ४५) कानूनी व्यवस्था रहेको। |
| ९. | सङ्गठित अपराध निवारण ऐन, २०७० | - अपराधिक लाभ (एक्सटर्सन) लिन नहुनेः कसैले नियतपूर्वक कुनै व्यक्तिलाई निजको वा अरु कसैको जीउज्यान वा सम्पत्तिमा कुनै क्षति पुऱ्याउने, डर त्रासमा पारी निजबाट बेइमानीपूर्वक आफ्नो वा अरू कसैको लागि नगदी वा जिन्सी वा अन्य कुनै लाभ उठाएमा वा त्यस्तो लाभ उठाउने नियतले कुनै काम गरे गराएमा वा निजलाई कुनै काम गर्नबाट रोकेमा अपराधिक लाभ लिएको मानिने कानूनी व्यवस्था रहेको (दफा ८)।<br>- अपराधिक लाभ (एक्सटर्सन) लिएमा सजायको व्यवस्था भएको (दफा ९)। |
| १०. | पारस्परिक कानूनी सहायता ऐन, २०७० तथा मुलुकी देवानी संहिता, २०७४ | - नेपाल र विदेशी राज्यबीच द्विपक्षीय सन्धिमा भएका पारस्परिक कानूनी सहायता आदानप्रदान गर्न सकिने व्यवस्था रहेको। |
| ११. | आर्थिक कार्यविधि | - बजेट तर्जुमा, निकासा तथा खर्च, आर्थिक कारोबारको लेखाङ्कन तथा प्रतिवेदन, |



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

पुष्कर सापकोटा

| | | |
|---|---|---|
| | तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ | आन्तरिक नियन्त्रण तथा लेखा परीक्षण गर्ने कानूनी व्यवस्था समावेश भएको। |
| १२. | न्याय परिषद् ऐन, २०७३ | - न्यायाधीशले भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण समेतका कसूर गरेमा खराब आचरण वा आचारसंहिताको गम्भीर उल्ङ्घन गरेको मानिने र जिल्ला अदालत र उच्च अदालतका न्यायधीशको हकमा संविधानको धारा १४२ र धारा १४९ बमोजिम हुने र सर्वोच्च अदालतका न्यायधीशको हकमा धारा १३१ बमोजिम हुने व्यवस्था गरिएको (दफा-११ र दफा १४)। |
| १३. | सपुदर्गी ऐन, २०७० | - भ्रष्टाचारलाई राजनीतिक प्रकृतिको कसूर नमानिने कानूनी व्यवस्था गरिएको (दफा ६)।<br>- फरार अभियुक्त वा कसूरदारलाई सुपुर्दगी गर्दा त्यस्तो अभियुक्त वा कसूरदारलाई नेपालमा पक्राउ गर्दाका बखत नियन्त्रणमा लिएको अवस्थामा कसूरसँग सम्बन्धित सम्पत्ति र सोबाट आर्जित अन्य सम्पत्ति नेपाल सरकारले माग गर्ने राज्यलाई फिर्ता गर्नसक्ने कानूनी व्यवस्था गरिएको (दफा २२)। |
| १४. | कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० | - कसूरजन्य कार्यबाट प्राप्त गरेको सम्पत्ति र सोबाट बढेबढाएको सम्पत्ती रोक्का, नियन्त्रण तथा जफत गर्ने कानूनी व्यवस्था गरिएको (दफा ४ र दफा ११ समेत)। |
| १५. | सम्पत्ति शुद्धीकरण (मनिलाउन्डरिङ) निवारण ऐन, २०६४ | - दुई वा सोभन्दा बढी सम्वद्ध कसूरमा अनुसन्धान गर्न लेखी पठाउने वा संयुक्त अनुसन्धान टोली गठन गर्नसक्ने कानूनी व्यवस्था रहेको (१४क)।<br>- सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य गरी नेपाल सरकार वा सार्वजनिक संस्थालाई हानि नोक्सानी पुऱ्याएकोमा त्यस्तो हानि नोक्सानी सम्बन्धित व्यक्तिबाट भरिभराउ गर्न वा आयोगले उपयुक्त ठानेको अन्य उपयुक्त कारबाही गर्नका लागि सम्बन्धित निकाय वा अधिकारीलाई लेखी पठाउने कानूनी व्यवस्था रहेको (अ.दु.आ.ऐन, २०४८ को दफा १२(क))।<br>- उल्लिखित कानूनी व्यवस्थाबाट भ्रष्टाचार र सम्पत्ति शुद्धीकरणको कसूरमा एकैसाथ अनुसन्धान भई कारबाही गर्न सकिने अवस्था विद्यमान रहेको। |

### १.३.३ संस्थागत व्यवस्था

भ्रष्टाचार निवारणको लागि संवैधानिक निकायको रूपमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग रहेको छ। त्यस्तै, प्रचलित कानून बमोजिम विशेष अदालत, राष्ट्रिय सतर्कता केन्द्र लगायतका न्यायिक तथा अर्धन्यायिक निकाय कार्यरत रहेका छन्। यी निकायले भ्रष्टाचारको कसूरको निगरानी, छानबिन, अनुसन्धान, तहकिकात र अभियोजन गरी न्याय निरूपणको कार्य सम्पादन गर्दै आएका छन्। भ्रष्टाचार निवारणका लागि जिम्मेवार निकाय तथा कार्यक्षेत्र देहाय बमोजिम रहेको छः



पुष्कर सापकोटा

सचिव

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

| क्र.सं. | निकायको नाम | कार्यक्षेत्र |
|---|---|---|
| १. | अख्तियार दुरूपयोग अनुसन्धान आयोग | - भ्रष्टाचार सम्बन्धी कसूरको छानबिन, अनुसन्धान, तहकिकात र मुद्दा दायर गर्ने। |
| २. | राष्ट्रिय सतर्कता केन्द्र | - भ्रष्टाचार हुनसक्ने स्थान वा काममा नियमित निगरानी राख्ने, छड्के जाँच र अन्वेषण गर्ने;<br>- भ्रष्टाचार नियन्त्रण सम्बन्धमा अपनाउनुपर्ने नीति, रणनीति र तत् सम्बन्धी कानूनमा सुधार गर्नुपर्ने भएमा नेपाल सरकारलाई सुझाव दिने;<br>- भ्रष्टाचार नियन्त्रणका लागि निगरानी, अनुगमन र भ्रष्टाचार नियन्त्रणका प्रवर्धनात्मक कार्य गर्ने। |
| ३. | विशेष अदालत | - भ्रष्टाचार मुद्दाको सुरु कारबाही किनारा गर्ने। |
| ४. | सर्वोच्च अदालत | - भ्रष्टाचार सम्बन्धी मुद्दाको पुनरावेदन सुन्ने र मुद्दाको अन्तिम किनारा गर्ने। |
| ५. | संसदीय समितिहरू | - भ्रष्टाचार सम्बन्धी निगरानी, जाँचवुझ गर्ने। |
| ६. | महालेखा परीक्षकको कार्यालय | - सार्वजनिक निकायले गरेको खर्चको सम्बन्धमा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा लेखापरीक्षण गर्ने। |
| ७. | न्याय परिषद् | - न्यायाधीशबाट भएका भ्रष्टाचार सम्बन्धी कसूरको जाँचवुझ र छानबिन गरी आवश्यकता अनुसार मुद्दा दायर गर्ने। |
| ८. | महान्यायाधिवक्ताको कार्यालय र विशेष सरकारी वकिलको कार्यालय | - नेपाल सरकारको तर्फबाट भ्रष्टाचार सम्बन्धी मुद्दामा बहस, पैरवी र प्रतिरक्षा गर्ने। सम्पत्ति शुद्धीकरण र राजस्व चुहावट, छलि एवम् हिनामिना, सहकारी र कम्पनीको रकम हिनामिना, क्रिप्टो करेन्सी, हुण्डी समेत वित्तीय अपराधका मुद्दाको अभियोजन बहसपैरवी र प्रतिरक्षा गर्ने। |
| ९. | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग | - सम्पत्ति शुद्धीकरण, आतङ्कवाद गतिविधिमा वित्तीय लगानी सम्बन्धी कसूरमा अनुसन्धान, अभियोजन र मुद्दा दायर गर्ने। |
| १०. | राजस्व अनुसन्धान विभाग | - राजस्व चुहावट तथा छली सम्बन्धी कसूरमा अनुसन्धान, छानबिन गरी मुद्दा दायर गर्ने। |
| ११. | नेपाल प्रहरी | - सम्पत्ति शुद्धीकरण, सङ्गठित अपराध, सहकारी र कम्पनीको रकम हिनामिना, क्रिप्टो करेन्सी, हुण्डी समेत वित्तीय अपराधको कसूरमा अनुसन्धान, तहकिकात गर्ने। |
| १२. | वित्तीय जानकारी एकाई (नेपाल राष्ट्र बैंक) | - सम्पत्ति शुद्धीकरण, आतङ्कवादी गतिविधिमा वित्तीय लगानी सम्बन्धी शंकास्पद कारोबार, सो सम्बन्धी सम्वद्ध सूचना प्राप्त गर्ने, विश्लेषण गर्ने तथा विश्लेषणको निष्कर्ष सम्प्रेषण (स्वायत्त र स्वतन्त्र निकायको रूपमा) गर्ने। |
| १३. | कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग | - अपराधको अनुसन्धान तथा तहकिकातको सिलसिलामा रोक्का राखिएको नियन्त्रणमा लिइएको सम्पत्ति वा साधन सुरक्षित राख्ने, व्यवस्थापन गर्ने |



पुष्कर सापकोटा
सचिव

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

| | | |
|---|---|---|
| | | अदालतको आदेश वा फैसला बमोजिम जफत भएको सम्पत्ति वा साधन प्राप्त गर्ने र कानून बमोजिम लिलाम बिक्री गर्ने। |

### १.३.४ भ्रष्टाचार निवारण सम्वन्धी समन्वय तथा सम्पर्क विन्दुको स्थापना

भ्रष्टाचारको रोकथाम तथा नियन्त्रणको प्रमुख जिम्मेवारी नेपाल सरकारको हो। भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिले सिर्जना गरेको दायित्त्वको परिपालना गर्न र संयुक्त राष्ट्रसङ्घ लगायत अन्तर्राष्ट्रिय सङ्घसंस्थासँग सम्बन्ध कायम गर्ने जिम्मेवारी समेत नेपाल सरकारमा रहेको छ। सरकारले यी दुवै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जिम्मेवारी पूरा गर्नुपर्दछ। राष्ट्रिय रणनीति तथा कार्ययोजनाको कार्यान्वयनको राष्ट्रियस्तरमा हुने सहजीकरण, समन्वय र अनुगमन गर्न शासकीय सुधार महाशाखालाई सम्पर्क विन्दु तोकिएको छ। त्यसैगरी, भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिको दायित्त्व पूरा गर्न र अन्तर्राष्ट्रिय सङ्घसंस्था, निकायसँग समन्वय र सम्बन्ध कायम गर्न मानव अधिकार तथा अन्तराष्ट्रिय सन्धिसम्झौता महाशाखालाई सम्पर्क बिन्दु तोकिएको छ। ती दुवै महाशाखाका जिम्मेवारीहरू देहाय बमोजिम रहेका छन्-

**(क) शासकीय सुधार महाशाखा**

(१) भ्रष्टाचार निवारण सम्वन्धी कानून कार्यान्वयन गर्ने निकाय र सम्बद्ध निजी संस्थाबीच सहयोग अभिवृद्धिका लागि आवश्यक समन्वय गर्ने।

(२) अनुचित कार्यको अनुसन्धान तथा कारबाहीका सम्बन्धमा राष्ट्रिय सतर्कता केन्द्रलाई प्रधामन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट आवश्यक सहजीकरण गर्ने।

(३) संवैधानिक निकाय बाहेकका नियामक निकायबाट भ्रष्टाचार निवारणका सम्बन्धमा भए गरेका क्रियाकलापको प्रगति विवरण प्राप्त गर्ने, अनुगमन एवम् मूल्याङ्कन गर्ने।

(४) भ्रष्टाचार निवारण सम्बन्धमा नेपाल सरकारको तर्फबाट संसदीय समितिमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट पठाउनुपर्ने लिखित जवाफ तयार गर्ने।

(५) सङ्घीय संसद्को सुशासन र राज्य व्यवस्था समितिबाट भएका निर्णय तथा निर्देशन कार्यान्वयन गर्ने।

(६) अख्तियार दुरूपयोग अनुसन्धान आयोगसँगको समन्वयमा गर्नुपर्ने क्रियाकलापको लागि सम्पर्क विन्दुको रूपमा कार्य गर्ने।

(७) अख्तियार दुरूपयोग अनुसन्धान आयोग, महालेखा परीक्षकको कार्यालय र लोकसेवा आयोगका वार्षिक प्रतिवेदनमा औंल्याइएका सुझाव कार्यान्वयन गर्ने गराउने।

(८) मानव अधिकार तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौता महाशाखासँगको समेत समन्वयमा यस भ्रष्टाचार विरुद्धको दोस्रो राष्ट्रिय रणनीति तथा कार्ययोजनाको कार्यान्वयनको अनुगमन गर्ने।

(९) संवैधानिक निकायका पदाधिकारी, राष्ट्रपतिबाट मनोनित तथा नियुक्त पदाधिकारी, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्बाट नियुक्त पदाधिकारी र राष्ट्रिय योजना आयोगका सदस्यको सम्पत्ति विवरण सङ्कलन तथा अभिलेख व्यवस्थापन गर्ने।

(१०) भ्रष्टाचार तथा अनियमितताबारे प्रधामन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्राप्त उजुरी सम्बोधन गर्ने।



पुष्कर सापकोटा
सचिव

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(११) सदाचार प्रवर्धन तथा भ्रष्टाचार नियन्त्रण सम्बन्धी नेपाल सरकारको वार्षिक, मध्यकालीन र दीर्घकालीन नीति तथा रणनीति तर्जुमा, परिमार्जन र विश्लेषण गरी तिनको प्रभावकारी रूपमा कार्यान्वयन गर्ने।

**(ख) मानव अधिकार तथा अन्तराष्ट्रिय सन्धिसम्झौता महाशाखा**

(१) भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिद्वारा सिर्जित दायित्व पूरा गर्न तथा महासन्धिको प्रभावकारी कार्यान्वयन गर्न अन्तर्राष्ट्रियस्तरमा आवश्यक समन्वय र सहजीकरण गर्ने।

(२) शासकीय सुधार महाशाखासँग समन्वय गरी भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिको कार्यान्वयन अवस्थाको अनुगमन गर्ने।

(३) भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय महासन्धिसँग सम्बन्धित कागजपत्र एकीकृत गरी सुरक्षित राख्ने ।

(४) भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय महासन्धिसँग सम्बन्धित अन्तर्राष्ट्रिय सङ्घसंस्थासँग परराष्ट्र मन्त्रालयमार्फत सहयोग आदानप्रदान गर्ने।

(५) भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय महासन्धिसँग सम्बन्धित संयुक्त राष्ट्रसङ्घ वा अन्य अन्तर्राष्ट्रिय निकाय समक्ष पेस गर्नुपर्ने प्रतिवेदन तयार गरी परराष्ट्र मन्त्रालयमार्फत सम्बन्धित निकायमा पेस गर्ने गराउने।

(६) भ्रष्टाचार विरुद्धको अन्तराष्ट्रिय महासन्धिको कार्यान्वयनको अनुगमन निरीक्षण गर्न आउने प्रतिनिधिसँग भेटघाट गर्ने, वार्ता गर्ने तथा प्राप्त सुझाव कार्यान्वयनको लागि समन्वय र सहजीकरण गर्ने।

(७) भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय महासन्धिसम्बन्धी तोकिए बमोजिमका अन्य आवश्यक कार्य गर्ने।

त्यसैगरी, नेपाल सरकारका सबै मन्त्रालय/निकायमा भ्रष्टाचार विरुद्धको गुनासो सुन्ने अधिकारी तोकिएको छ। कुनै पनि कार्यालयमा भ्रष्टाचार, ढिलासुस्ती, मोलमोलाहिजा भएमा तुरुन्त खबर गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा हेलो सरकारको व्यवस्था गरिएको छ।

पुष्कर सापकोटा
सचिव

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

# परिच्छेद-२ भ्रष्टाचार विरुद्धको राष्ट्रिय रणनीतिक योजना

## २.१ पृष्ठभूमि

मुलुकमा पारदर्शी, उत्तरदायी, जनमुखी एवम् कानूनसम्मत शासन प्रणालीको स्थापना गरी नागरिकलाई प्रदान गरिने सेवा, सुविधा सहज र सरल तरिकाले उपलब्ध गराउनु सरकारको दायित्व हो। राज्य संयन्त्रबाट सेवा प्रवाहमा ढिलासुस्ती भएमा तथा सेवाग्राहीले हैरानी, दुःखकष्ट र सास्ती पाउने अवस्था विद्यमान रहेसम्म नागरिकले सुशासनको महसुस गर्दैनन्। सरकारी संयन्त्रको मनोवृत्तिमा परिवर्तन भएको मानिदैन। सेवाग्राहीले राज्य संयन्त्रबाट सम्मानपूर्ण व्यवहारको अनुभूती गर्न छिटो, छरितो, सहज र कम लागतमा सेवा प्राप्त गर्नुपर्छ। यसले नागरिकमा सरकारको कामकारबाही एवम् कार्यशैलीप्रति विश्वास एवम् भरोसा उत्पन्न गराउँदछ। यस्तो स्थिति निर्माण गर्नु जनउत्तरदायी तथा लोकतान्त्रिक राज्यको प्रमुख दायित्व हो।

भ्रष्टाचार विरुद्धको यो दोस्रो राष्ट्रिय रणनीतिक योजनाः (क) सरकारी कार्यप्रणाली र सेवा प्रवाहमा जनअपेक्षा अनुरूप सुधार गर्दै नागरिकमा प्रवाह हुने सार्वजनिक सेवा उचित समय, लागत र गुणस्तरीय रूपमा प्रवाह गर्न, (ख) सबै तह र स्वरूपका भ्रष्टाचार, अनियमितता एवम् विसँगतीजन्य क्रियाकलापलाई नियन्त्रण गरी नागरिकमा सुशासन र सार्थक परिवर्तनको अनुभूति दिलाउन र (ग) सदाचार, नैतिकवान एवम् सुसंस्कृत नेपाली समाजको निर्माण गर्न आवश्यक भएको हो।

नेपालको भ्रष्टाचार विरुद्धको पहिलो राष्ट्रिय रणनीति तथा कार्ययोजना कार्यान्वयन गर्ने सन्दर्भमा भ्रष्टाचारको रोकथाम तथा नियन्त्रणका लागि संस्थागत सुधार एवम् भ्रष्टाचार निवारणसँग सम्बन्धित विद्यमान कानूनमा संशोधन एवम् नयाँ कानून तर्जुमा समेत गरिएको थियो।
नेपालको संविधान अनुरूपको सङ्घीय शासन व्यवस्था, शासकीय संरचना र लागू भएका नयाँ कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नु आवश्यक छ। साथै, परिवर्तित समय र सन्दर्भ अनुरूप नयाँ कानून निर्माण गरी भ्रष्टाचारजन्य क्रियाकलाप नियन्त्रण गर्ने कार्यलाई निरन्तरता दिनुपर्ने खाँचो छ। त्यसरी नै विश्वमा तीव्र गतिमा विकसित भैरहेका नविनतम प्रविधिसँगै भ्रष्टाचारको रोकथाम तथा नियन्त्रणमा थप चुनौती देखापरेका छन्। तिनलाई चिर्न संरचानगत सुधार गर्न र भ्रष्टाचार नियन्त्रणसँग सम्बन्धित निकायको क्षमता अभिवृद्धि गर्नु आवश्यक देखिन्छ।

उपर्युक्त सन्दर्भमा भ्रष्टाचारजन्य क्रियाकलाप नियन्त्रण गर्ने समयसापेक्ष राष्ट्रिय रणनीतिक योजना लागू गर्न आवश्यक भएकोले नेपाल सरकारले सम्बन्धित संवैधानिक तथा सरकारी निकाय, निजी क्षेत्र, नागरिक समाज र सुशासनको क्षेत्रमा काम गर्ने गैरसरकारी संस्थाहरूसँग विभिन्न चरणमा समन्वय, अन्तरक्रिया तथा छलफल गरी सबै प्रदेश सरकारबाट रणनीतिक योजनाको मस्यौदामा सुझाव समेत लिई प्रस्तुत "भ्रष्टाचार विरुद्धको दोस्रो राष्ट्रिय रणनीतिक योजना (२०८२/८३-२०८७/८८)" लागू गरेको छ।



पुष्कर सापकोटा

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय नेपाल सरकार

## २.२ दीर्घकालीन सोच (Vision)

सदाचारितामा आधारित भ्रष्टाचारमुक्त र समृद्ध राष्ट्र निर्माण।

## २.३ रणनीतिको उद्देश्य (Objective)

१. भ्रष्टाचार नियन्त्रण र सार्वजनिक सदाचारका लागि राष्ट्रिय आवश्यकता र अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल कानूनको परिमार्जन गरी तीनै तहका निकायहरूको संस्थागत सुशासन सुदृढ गर्ने।

२. डिजिटल प्रविधि र नागरिक सशक्तीकरणको माध्यमबाट सार्वजनिक सेवालाई पारदर्शी, सेवाग्राहीमैत्री र जवाफदेही बनाउने तथा नैतिकवान, सुसंस्कृत, सदाचारयुक्त समाज र समृद्ध राष्ट्रको निर्माण गर्ने।

३. सरकारी, निजी, गैरसरकारी र सहकारी क्षेत्रमा हुने भ्रष्टाचारलाई अपराधीकरण गर्दै कसूरजन्य सम्पत्ति जफत प्रणालीमा सुधार गर्ने।

४. वैज्ञानिक अनुसन्धान र न्यायिक निरूपणलाई परिणाममुखी बनाउन प्रविधिमैत्री पूर्वाधार र विशिष्टीकृत दक्ष जनशक्ति विकास गर्ने।

५. भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिको पालनाका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समन्वय र पारस्परिक कानूनी सहायता अभिवृद्धि गर्ने।

## २.४ रणनीतिक स्तम्भहरू (Strategic Pillars)

**रणनीतिक स्तम्भ १:** नीति, कानूनको तर्जुमा तथा संस्थागत सुशासन सुदृढीकरण।

**रणनीतिक स्तम्भ २:** नवीनतम प्रविधिको उपयोग तथा नागरिक सशक्तीकरणको माध्यमबाट भ्रष्टाचार विरुद्ध कर्तव्य बोध, जवाफदेहिता र पारदर्शितालाई प्रोत्साहन गर्दै सदाचारयुक्त समाजको निर्माण।

**रणनीतिक स्तम्भ ३:** सबै क्षेत्रमा हुने भ्रष्टाचारजन्य कार्यलाई अपराधीकरण गर्ने र राज्यलाई हानी नोक्सानी भएको वा अनुचित लाभ लिए दिएकोमा कारबाही गर्न नीति तथा कानूनी व्यवस्थाको कार्यान्वयनमा सुधार।

**रणनीतिक स्तम्भ ४:** भ्रष्टाचार निवारण सम्बन्धी कानूनको प्रभावकारी कार्यान्वयनका लागि अनुसन्धान, अभियोजन र प्रतिरक्षा गर्न विशिष्टीकृत एवम् सक्षम जनशक्ति विकास।

**रणनीतिक स्तम्भ ५:** भ्रष्टाचार निवारणको लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा समन्वय, सहकार्य गर्ने र पारस्परिकता कायम गर्दै भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय महासन्धि लगायतका कानूनी प्रावधानको प्रभावकारी कार्यान्वयन।

## २.५ कार्यनीतिहरू

**रणनीतिक स्तम्भ १: नीति, कानूनको तर्जुमा तथा संस्थागत सुशासन सुदृढीकरण।**

<u>**कार्यनीतिहरू:**</u>

कार्यनीति १.१: भ्रष्टाचार नियन्त्रणका लागि नेपालको संविधान, भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धि (UNCAC) लगायतका अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरूप विद्यमान नीति तथा कानूनी



**पुष्कर सापकोटा**

व्यवस्थाको समग्र समीक्षा गर्दै विद्यमान कानूनमा आवश्यक संशोधन तथा नयाँ कानून तर्जुमा गर्ने।

कार्यनीति १.२: पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गर्दै राज्यका निकाय, पदाधिकारी तथा कर्मचारीको व्यावसायिक दक्षता अभिवृद्धि गरी सार्वजनिक सेवा प्रवाहको समुचित व्यवस्थापन एवम् प्रभावकारिता अभिवृद्धि गर्ने।

कार्यनीति १.३: भ्रष्टाचार निवारणका लागि राज्यका तीनवटै तह अन्तर्गतका निकायहरूको संस्थागत सुदृढीकरण गर्ने।

कार्यनीति १.४: भ्रष्टाचार नियन्त्रण गर्ने कानून कार्यान्वयन (अनुसन्धान तथा अभियोजन) गर्ने जिम्मेवार निकाय, पदाधिकारी तथा कर्मचारीमा व्यावसायिक दक्षता अभिवृद्धि गर्ने।

कार्यनीति १.५: न्यायिक क्षेत्रमा हुने भ्रष्टाचारजन्य कार्य र न्यायमा मनसायपूर्वक अवरोध पुऱ्याउने कार्यलाई निरुत्साहित गर्दै न्यायपालिकाको निष्ठा अभिवृद्धि गर्ने।

कार्यनीति १.६: राजनीतिक वित्त व्यवस्थापन तथा राजनीतिक दलका क्रियाकलापमा पारदर्शिता कायम गर्ने।

कार्यनीति १.७: संवैधानिक निकाय लगायतका संवैधानिक नियुक्ति तथा अन्य राजनीतिक नियुक्तिलाई पारदर्शी, योग्यतामा आधारित एवम् उत्तरदायी बनाइ व्यवस्थित गर्ने।

कार्यनीति १.८: भ्रष्टाचारजन्य कसुरको सूचनादाता, सुराकी, साक्षी, विशेषज्ञ र पीडितको सुरक्षाको सुनिश्चितता गर्ने।

**रणनीतिक स्तम्भ २: नवीनतम प्रविधिको उपयोग तथा नागरिक सशक्तीकरणको माध्यमबाट भ्रष्टाचार विरुद्ध कर्तव्य बोध, जवाफदेहिता र पारदर्शितालाई प्रोत्साहन गर्दै सदाचारयुक्त समाजको निर्माण।**

**कार्यनीतिहरू**

कार्यनीतिः २.१: सार्वजनिक सेवालाई छिटो, छरितो, पारदर्शी, जवाफदेही र पहुँचयोग्य बनाउन डिजिटल प्रविधिको प्रभावकारी उपयोग गर्ने।

कार्यनीतिः २.२: नवीनतम प्रविधिको उपयोगका लागि भ्रष्टाचार नियन्त्रणसँग सम्बन्धित निकायको संस्थागत सुदृढीकरण गर्ने र पदाधिकारी तथा कर्मचारीको दक्षता बढाउने।

कार्यनीति २.३: राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा सहकार्य गरी क्रिप्टो करेन्सी लगायतका भर्चुअल करेन्सी सम्बन्धी कसूर नियन्त्रण गर्ने।

कार्यनीति २.४: भ्रष्टाचारको सम्भाव्य क्षेत्रको पहिचान गरी उक्त क्षेत्रको क्रियाकलापमा निगरानी तथा अनुगमन एवम् मूल्याङ्कनको व्यवस्था गर्ने।

कार्यनीतिः २.५: भ्रष्टाचार नियन्त्रणका लागि राज्यका निकाय, निजी क्षेत्र, सरोकारवाला लगायत सबै क्षेत्रको संलग्नतामा प्रवर्धनात्मक कार्यक्रमहरू सञ्चालन गर्ने।

पुष्कर सापकोटा
सचिव

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

**रणनीतिक स्तम्भ ३: सबै क्षेत्रमा हुने भ्रष्टाचारजन्य कार्यलाई अपराधीकरण गर्ने र राज्यलाई हानि नोक्सानी भएको वा अनुचित लाभ लिए दिएकोमा कारबाही गर्न नीति तथा कानूनी व्यवस्थाको कार्यान्वयनमा सुधार।**

कार्यनीतिहरू

कार्यनीति ३.१: सरकारी निकाय, सहकारी क्षेत्र, पब्लिक वा प्राइभेट कम्पनी र अन्य कुनै निजी सङ्घसंस्थामा हुने भ्रष्टाचार निवारण गर्न प्रभावकारी रूपमा कानून कार्यान्वयन गर्ने।

कार्यनीति ३.२: निजी क्षेत्रका क्रियाकलाप एवम् सेवा प्रवाहमा सुशासन प्रत्याभूत गर्ने।

कार्यनीति ३.३: भ्रष्टाचार सम्बन्धी उजुरीमा अनुसन्धान गर्दा दुष्कृतिजन्य कार्यलाई सुधार गर्न मौका दिने नीति अवलम्बन गर्ने।

कार्यनीति ३.४: कसुरजन्य सम्पत्तिको जफत एवम् व्यवस्थापन प्रक्रियालाई प्रभावकारी बनाउने।

**रणनीतिक स्तम्भ ४: भ्रष्टाचार निवारण सम्बन्धी कानूनको प्रभावकारी कार्यान्वयनका लागि अनुसन्धान, अभियोजन र प्रतिरक्षा गर्ने विशिष्टीकृत एवम् सक्षम जनशक्ति विकास।**

कार्यनीतिहरू

कार्यनीति ४.१: भ्रष्टाचारजन्य कसूरको अनुसन्धान, अभियोजन र प्रतिरक्षा गर्ने प्रणाली स्थापना गर्ने र सक्षमता अभिवृद्धि गर्ने।

कार्यनीति ४.२: भ्रष्टाचारजन्य कसूरको अनुसन्धान, अभियोजन, प्रतिरक्षा र न्यायिक निरूपणमा संलग्न निकायमा विशिष्टिकृत दक्षतायुक्त जनशक्ति सहित संस्थागत क्षमता सुदृढीकरण गर्ने।

कार्यनीति ४.३: भ्रष्टाचार सम्बन्धी कसूरको अनुसन्धानमा प्रमाण सङ्कलन गर्न, कसूर स्थापित गर्न र प्रमाणलाई कानूनतः ग्रहणयोग्य बनाउन नवीनतम प्रविधिको उपयोग गर्ने बारे कानूनी व्यवस्था गर्ने।

कार्यनीति ४.४: भ्रष्टाचारसम्बन्धी कसुरको अनुसन्धान, अभियोजन र प्रतिरक्षामा नवीनतम प्रविधिको उपयोग गर्ने र त्यसको लागि सम्बन्धित निकायका पदाधिकारी तथा कर्मचारीको दक्षता अभिवद्धि गर्ने।

**रणनीतिक स्तम्भ ५: भ्रष्टाचार निवारणको लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा समन्वय, सहकार्य गर्ने र पारस्परिकता कायम गर्दै भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय महासन्धि लगायतका कानूनी प्रावधानको प्रभावकारी कार्यान्वयन।**

कार्यनीतिहरू

कार्यनीति ५.१: भ्रष्टाचारसँग सम्बन्धित नीतिगत, कानूनी र प्रशासकीय विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा समन्वय, सहयोग र सहकार्य प्रवर्धन गर्न आवश्यक व्यवस्था मिलाउने।

कार्यनीति ५.२: भ्रष्टाचारजन्य कसूरसँग सम्बन्धित अनुसन्धान, अभियोजन र न्यायिक कारबाहीमा आपसी पारस्परिक कानूनी सहायता आदानप्रदान गर्न द्विपक्षीय सम्झौता लगायतका आवश्यक व्यवस्था गर्ने।

कार्यनीति ५.३: कसुरजन्य सम्पत्ति व्यवस्थापन तथा फैसला कार्यान्वयनलाई प्रभावकारी बनाउने।



पुष्कर सापकोटा
सचिव

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

कार्यनीति ५.४: भ्रष्टाचार निवारणका सम्बन्धमा निगरानी बढाई र अन्तरनिकाय समन्वय तथा सहकार्य प्रभावकारी बनाउने।

माथि उल्लिखित रणनीतिक स्तम्भ र कार्यनीति अन्तर्गतका क्रियाकलापको विस्तृत चर्चा परिच्छेद-४ मा गरिएको छ।

पुष्कर सापकोटा

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरवार, काठमाडौं

## परिच्छेद-३ भ्रष्टाचार विरुद्धको राष्ट्रिय रणनीतिक योजनाको कार्यान्वयन

### ३.१ कार्यान्वयनको ढाँचा

"भ्रष्टाचार विरुद्धको दोस्रो राष्ट्रिय रणनीतिक योजना (२०८२/८३-२०८७/८८)" (यसपछि *राष्ट्रिय रणनीतिक योजना* भनिएको) मा उल्लिखित क्रियाकलाप सङ्घ, प्रदेश तथा स्थानीय तहका सरकारी निकाय, निजी क्षेत्र र नागरिक समाजसँगको समन्वय, सहयोग, सहकार्य र सहभागितामा कार्यान्वयन गरिने छ। यो राष्ट्रिय रणनीतिक योजना कार्यान्वयनको प्रमुख जिम्मेवारी संवैधानिक निकाय, सर्वोच्च अदालत, न्याय परिषद्, नेपाल सरकारका मन्त्रालय र सो अन्तर्गतका विभाग, प्रदेश मन्त्रालय, स्थानीय तह, महान्यायाधिवक्ताको कार्यालय र नेपाल चार्टर्ड एकाउन्टेण्ट संस्था, निजी क्षेत्रका छाता सङ्गठन लगायत रणनीतिक योजनामा उल्लिखित जिम्मेवार र सहयोगी निकाय वा संस्थाको हुनेछ। कार्ययोजना कार्यान्वयनका लागि आवश्यक स्रोत साधन तत् तत् निकायको वार्षिक बजेट तथा कार्यक्रममा समावेश गर्नु पर्नेछ। कार्ययोजनामा उल्लिखित क्रियाकलाप कार्यान्वयन गर्न बजेट अभाव भएमा अर्थ/ आर्थिक मामिला मन्त्रालयमा थप बजेट माग गर्नुपर्नेछ र ती मन्त्रालयले पनि प्राथमिकता दिई थप बजेट निकासा दिनुपर्नेछ। तीनै तहका सम्बन्धित निकायबाट विषयवस्तुको आवश्यकता र प्राथमिकताको आधारमा स्रोत साधनको कुशल विनियोजन एवम् परिचालन गर्ने व्यवस्था गर्नुपर्नेछ। तीनवटै तहले नीति, योजना, बजेट तथा कार्यक्रम तर्जुमा गर्दा प्रस्तुत राष्ट्रिय रणनीतिक योजनालाई मार्गदर्शकको रूपमा लिनुपर्नेछ।

### ३.२ कार्ययोजनामा समावेश गरिएका क्रियाकलापहरू

प्रस्तुत राष्ट्रिय रणनीतिक योजनामाः (क) भ्रष्टाचारको रोकथाम तथा नियन्त्रणका लागि उपयुक्त उपाय अवलम्बन गर्न, (ख) भ्रष्टाचारजन्य कार्यलाई दण्डित गर्न र (ग) भ्रष्टाचार निवारणका लागि विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समन्वय र सहकार्य गर्न आवश्यक निरोधात्मक, प्रवर्धनात्मक, दण्डात्मक तथा समन्वय एवम् सहकार्यलाई बढावा दिने कार्ययोजना र क्रियाकलाप समावेश गरिएको छ।

सबै क्षेत्रको समन्वय र सहकार्यमा भ्रष्टाचारको रोकथाम एवम् नियन्त्रण गरी समाजबाट भ्रष्टाचारलाई निर्मूल पार्दै सदाचारयुक्त समाजको निर्माण गर्न यस राष्ट्रिय रणनीतिक योजनामा देहायका क्रियाकलाप समावेश गरिएको छः

(क) नीति, ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड तर्जुमा, संशोधन र कार्यान्वयनका क्रियाकलाप।

(ख) संस्थागत वा संरचनात्मक सुधार र दक्ष जनशक्ति विकासका क्रियाकलाप।

(ग) भ्रष्टाचार निवारण सम्बन्धमा नवीनतम प्रविधिको उपयोग र जनचेतना जागरणका क्रियाकलाप।

(घ) भ्रष्टाचारजन्य क्रियाकलापलाई अपराधीकरण गर्ने, उपचारात्मक तथा दण्डात्मक गर्ने क्रियाकलाप।

(ङ) भ्रष्टाचार निवारणका सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समन्वय एवम् सहकार्यका क्रियाकलाप।



पुष्कर सापकोटा
सचिव

(च) सदाचार प्रवर्धनका लागि निजी क्षेत्रको भूमिकासम्बन्धी क्रियाकलाप।

(छ) भ्रष्टाचार निवारणका सम्बन्धमा पैरवी गर्न, जनसहभागिता बढाउन नागिरक सचेतना, शिक्षा र सहकार्यका क्रियाकलाप।

## ३.३. जिम्मेवार निकायको भूमिका

यस राष्ट्रिय रणनीतिक योजनाको उद्देश्य हासिल गर्न जिम्मेवार निकायको भूमिका देहाय बमोजिम रहेको छः

(क) सदाचार प्रवर्धन तथा भ्रष्टाचार निवारण सम्बन्धी क्रियाकलाप कार्यान्वयन गर्न मुख्य जिम्वेवारी लिने;

(ख) नीति, कानून, आचारसंहिता, मापदण्ड तर्जुमा र परिमार्जन गर्न मुख्य दायित्व लिने;

(ग) आवश्यक स्रोत, साधन, जनशक्ति उपलब्ध गराउने;

(घ) दुई वा दुईभन्दा बढी निकायको संलग्नता हुनुपर्ने अवस्थामा ती निकायबीच समन्वय गर्ने गराउने;

(ङ) कार्ययोजना कार्यान्वयनको प्रतिवेदनका लागि सम्पर्क व्यक्ति तोक्ने;

(च) कार्ययोजना कार्यान्वयनका क्रममा बाधाअड्काउ देखिएमा त्यस्तो बाधा अड्काउ फुकाउने।

## ३.४. सहयोगी निकायको भूमिका

प्रस्तुत राष्ट्रिय रणनीतिक योजनामा उल्लिखित कार्ययोजना कार्यान्वयनका लागि मुख्य जिम्मेवार निकायले समन्वय वा सहयोगको अपेक्षा गरेको अवस्थामा सहयोगी निकायले तोकिएको क्रियाकलाप कार्यान्वयन गर्न सघाउन देहाय बमोजिमको भूमिका निर्वाह गर्नेछः

(क) भ्रष्टाचार निवारणसँग सम्बन्धित क्रियाकलाप कार्यान्वयन गर्ने निकायलाई सघाउने, समन्वय र साझेदारी गर्ने;

(ख) जिम्मेवार निकायको मागबमोजिम आवश्यक स्रोत साधन र विशेषज्ञता उपलब्ध गराउने;

(ग) जिम्मेवार निकाय समक्ष राष्ट्रिय रणनीतिक योजनामा समावेश भएको कुनै क्रियाकलाप कार्यान्वयनका लागि आवश्यकता अनुसार प्रस्ताव माग वा अनुरोध गर्ने;

(घ) कार्ययोजना कार्यान्वयनमा जिम्मेवार निकायको मागबमोजिमका अन्य आवश्यक कार्य गर्ने।

## ३.५. राष्ट्रिय रणनीतिक योजना कार्यान्वयन संयन्त्र

यस राष्ट्रिय रणनीतिक योजनामा उल्लिखित कार्ययोजना कार्यान्वयनमा जिम्मेवार निकाय, अधिकार प्राप्त अधिकारी तथा अन्य सरोकारवाला निकायबीचको सहकार्य एवम् समन्वय गर्ने मुख्य जिम्मेवारी नेपाल सरकारको हो। राष्ट्रिय रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयन गर्न गराउन देहायबमोजिमका संस्थागत संरचनाहरूको प्रबन्ध गरिनेछ।

पुष्कर सापकोटा
सचिव

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

### ३.५.१ विशेष सुशासन अनुगमन एकाइ

नेपालमा व्याप्त भ्रष्टाचार नियन्त्रण गर्न तथा सुशासन प्रवर्धनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत एक विशेष सुशासन अनुगमन एकाइ रहनेछ। एक चुस्त, छरितो, गतिशील र स्वतन्त्र संयन्त्रको रूपमा रहने यस इकाइले भ्रष्टाचार विरुद्ध तथा सुशासन प्रवर्धनका सम्बन्धमा सूचना सङ्कलन गर्ने, तथ्य प्रमाण जुटाउने र प्रधानमन्त्रीलाई सिधै प्रतिवेदन गर्नेछ। यस एकाइले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको एकीकृत अनुगमन संयन्त्रलाई सुदृढ बनाउनुको साथै निर्देशक समिति तथा कार्य सम्पादन समितिको काममा सहयेग गर्नेछ।

प्रधानमन्त्री संरक्षक रहने यस एकाइमा प्रधानमन्त्रीले नियुक्त गरेको (वा तोकेको) वरिष्ठ अनुसन्धानकर्ता (सूचना/जानकारी वा उजुरीको विश्लेषण तथा तथ्यप्रमाणको सत्यापन गर्न), अनुसन्धानकर्ता (सूचना/जानकारी वा उजुरीको विश्लेषण तथा तथ्यप्रमाण सङ्कलन गर्न), तथ्याङ्क विश्लेषक (तथ्याङ्क खोजी, सङ्कलन तथा विश्लेषण गर्न), साइबर सुरक्षा विज्ञ (डिजिटल प्लेटफर्म वा एप निर्माण, डिजिटल डेटा सङ्कलन र विश्लेषण तथा साइवर सुरक्षा हेर्न), कानूनी सल्लाहकार(कानूनको अध्ययन, मूल्याङ्कन, कानूनी आधार विश्लेषण तथा सम्बन्धित संवैधानिक तथा कानूनी निकायसँग समन्वय गर्न), सञ्चार अधिकृत र प्रशासन तथा समन्वय अधिकृत(अन्तरनिकाय समन्वय तथा प्रशासनिक कार्य व्यवस्थापन) लगायतका विषय विज्ञ रहनेछन्। सूचना सङ्कलनको लागि राष्ट्रिय अनुसन्धान विभागको विशेष टोली समेत परिचालन गर्न सकिनेछ।

**विशेष सुशासन अनुगमन एकाइको कार्यसम्पादनसम्बन्धी व्यवस्था**

(क) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग समन्वय गरी विशेष सुशासन अनुगमन एकाइले अफ्नो जिम्मेवारी सम्पादन गर्नेछ र कुनै पदाधिकारी, कर्मचारी वा विज्ञलाई आमन्त्रण गरी सहयोग लिन सक्नेछ।

(ख) सुशासन प्रवर्धनका लागि विशेष सुशासन अनुगमन एकाइले सरकारी निकायका पदाधिकारी, कर्मचारी एवम् स्वतन्त्र विज्ञ वा विशेषज्ञलाई कार्यजिम्मेवारी तोकी कार्यक्षेत्रमा खटाउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समक्ष सिफारिस गर्न सक्नेछ।

(ग) विशेष सुशासन अनुगमन एकाइमा रहने विज्ञ वा विशेषज्ञलाई निश्चित कार्यविवरण सहित तोकिएका कार्य गर्नेगरी खटाइनेछ। विज्ञ वा विशेषज्ञलाई कार्यजिम्मेवारी दिँदाको बखत नै सेवाको शर्त तथा सुविधाबारे उल्लेख गरिनेछ।

(घ) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले विशेष सुशासन अनुगमन एकाइलाई आवश्यक पर्ने लजिस्टक तथा अन्य व्यवस्था उपलब्ध गराउनेछ।

### ३.५.२ निर्देशक समिति

यस राष्ट्रिय रणनीतिक योजना कार्यान्वयनको समग्र नेतृत्व र मार्गदर्शन गर्न देहाय बमोजिमको एक निर्देशक समितिको व्यवस्था गरिएको छः

पुष्कर सापकोटा
सचिव



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(क) प्रधानमन्त्रीले तोकेका मन्त्री -संयोजक

(ख) नेपाल सरकारका मुख्य सचिव -सदस्य

(ग) नेपाल राष्ट्र बैंकको गभर्नर -सदस्य

(घ) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवहरू (शासकीय मामिला क्षेत्र, कानून तथा मानव अधिकार क्षेत्र) -सदस्य

(ङ) अख्तियार दुरूपयोग अनुसन्धान आयोगको सचिव -सदस्य

(च) राष्ट्रिय सतर्कता केन्द्रका प्रमुख -सदस्य

(छ) महान्यायाधिवक्ताको कार्यालयले तोकेको नायब महान्यायाधिवक्ता -सदस्य

(ज) नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष -सदस्य

(झ) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले मनोनित गरेका भ्रष्टाचार निवारणका क्षेत्रमा संलग्न कम्तीमा एक जना महिला सहित नागरिक समाजका तीनजना प्रतिनिधि -सदस्य

(ञ) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका शासकीय सुधार महाशाखा हेर्ने सहसचिव - सदस्य सचिव

निर्देशक समितिको बैठक प्रत्येक ४ महिनामा कम्तीमा एकपटक वा आवश्यकता अनुसार बस्नेछ। उक्त बैठकमा संयोजकले कुनै पदाधिकारी, कर्मचारी वा विज्ञलाई आमन्त्रण गर्न सक्नेछ। निर्देशक समितिको प्रकरण (झ) बमोजिम मनोनित हुने सदस्यको पदावधि मनोनयन भएको मितिले तीन वर्ष हुनेछ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको शासकीय सुधार महाशाखाले निर्देशक समितिको सचिवालयको कार्य गर्नेछ।

**निर्देशक समितिको कार्यक्षेत्र**

(क) राष्ट्रिय रणनीतिक योजना कार्यान्वयनमा जिम्मेवार तीनै तहका सरकारी निकाय, संवैधानिक निकाय तथा न्याय सम्पादनमा संलग्न निकाय लगायत सरोकारवालासँग आवश्यक समन्वय, सहकार्य गर्ने।

(ख) राष्ट्रिय रणनीतिक योजना कार्यान्वयनका लागि आवश्यक कानूनको तर्जुमा र संशोधनका लागि सम्बन्धित मन्त्रालय तथा निकाय समक्ष सिफारिस गर्ने।

(ग) राष्ट्रिय रणनीतिक योजना कार्यान्वयनमा जिम्मेवार तथा सहयोगी निकायको संस्थागत क्षमता विकासका कार्यमा सहयोग र सहजीकरण गर्ने।

(घ) राष्ट्रिय रणनीतिक योजना कार्यान्वयनका लागि कार्यक्रम तर्जुमा तथा बजेट विनियोजनका लागि सम्बन्धित निकायलाई आवश्यक मार्गदर्शन र सहजीकरण गर्ने।

(ङ) भ्रष्टाचार नियन्त्रणका असल अभ्यास पहिचान गरी लागू गर्ने गराउने।

(च) रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयनका लागि सरोकारवालाबीच राष्ट्रिय र अन्तराष्ट्रियस्तरमा सहयोग आदान प्रदान गर्ने।

(छ) राष्ट्रिय रणनीतिक योजना कार्यान्वयको आकस्मिक वा आवधिक अनुगमन गर्ने तथा रणनीति कार्यान्वयनका सम्बन्धमा समीक्षा गरी वार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेस गर्ने।

पुष्कर सापकोटा
सचिव



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(ज) भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिको कार्यान्वयनका लागि थप अध्ययन, अनुसन्धान गर्ने गराउने।

(झ) सुशासन र सदाचारिता प्रवर्धनमा उल्लेख्य कार्य गर्ने व्यक्ति तथा संस्थालाई प्रोत्साहन र पुरस्कृत गर्ने।

(ञ) राष्ट्रिय रणनीतिक योजना कार्यान्वयनका लागि कार्यसम्पादन समिति, प्रदेश कार्यान्वयन समिति र स्थानीय तह कार्यान्वयन समितिलाई आवश्यक निर्देशन दिने तथा सहयोग गर्ने।

(ट) विशेष सुशासन अनुगमन एकाइबाट प्राप्त सूचना वा सिफारिसको आधारमा सुशासन कायम गर्न आवश्यक निर्णय लिने।

### ३.५.३ कार्य सम्पादन समिति

भ्रष्टाचार निवारणको लागि संस्थागत, कानूनी र नीतिगत सुधार गर्दै यस राष्ट्रिय रणनीतिक योजना कार्यान्वयनमा आवश्यक सहयोग र समन्वय गर्न देहाय बमोजिमको एक कार्यसम्पादन समिति रहनेछः

| | | |
|---|---|---|
| (क) | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका सचिव (शासकीय मामिला क्षेत्र) | -संयोजक |
| (ख) | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको शासकीय सुधार क्षेत्र हेर्ने सहसचिव | -सदस्य |
| (ग) | अख्तियार दुरूपयोग अनुसन्धान आयोगको सहसचिव | -सदस्य |
| (घ) | महान्यायाधिवक्ता कार्यालयका सहन्यायाधिवक्ता | -सदस्य |
| (ङ) | राष्ट्रिय सतर्कता केन्द्रको सहसचिव | -सदस्य |
| (च) | सार्वजनिक खरिद अनुगमन कार्यालयको सहसचिव | -सदस्य |
| (छ) | प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको सुशासन शाखा हेर्ने उपसचिव | -सदस्य सचिव |

कार्य सम्पादन समितिको बैठक प्रत्येक तीन महिनामा कम्तीमा एकपटक वा आवश्यकता अनुसार बस्नेछ। उक्त बैठकमा संयोजकले कुनै पदाधिकारी, कर्मचारी वा सम्बन्धित क्षेत्रका विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

**कार्यसम्पादन समितिको कार्यक्षेत्र**

(क) राष्ट्रिय रणनीतिक योजना कार्यान्वयनका लागि तर्जुमा वा संशोधन गर्नुपर्ने कानून, नीति तथा कार्यविधिको पहिचान गरी निर्देशक समिति समक्ष सिफारिस गर्ने।

(ख) राष्ट्रिय रणनीतिक योजना कार्यान्वयनको लागि सङ्घीय निकाय, प्रदेश तथा स्थानीय तहसँग सहकार्य तथा समन्वय गर्ने।

(ग) राष्ट्रिय रणनीतिक योजना कार्यान्वयनका सम्बन्धमा सरोकारवालालाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने गराउने।

(घ) भ्रष्टाचार नियन्त्रणका असल अभ्यास पहिचान गरी निर्देशक समित समक्ष पेस गर्ने ।

(ङ) राष्ट्रिय रणनीतिक योजना कार्यान्वयनका लागि आवश्यक पर्ने स्रोत साधन, बजेट, जनशक्ति आदिका सम्बन्धमा निर्देशक समिति समक्ष सिफारिस गर्ने।

(च) राष्ट्रिय रणनीतिक योजना कार्यान्वयनको चौमासिक समीक्षा गरी निर्देशक समिति समक्ष पेस गर्ने।



पुष्कर सापकोटा
सचिव

(छ) भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिको कार्यान्वयनका लागि आवश्यक अध्ययन, अनुसन्धान गरी निर्देशक समिति समक्ष पेस गर्ने।

(ज) विशेष सुशासन अनुगमन एकाइबाट प्राप्त सूचना वा सिफारिसको आधारमा सुशासन कायम गर्न आवश्यक समन्वय र कार्य गर्ने।

(झ) निर्देशक समितिले तोकेका अन्य कार्य गर्ने।

### ३.५.४ प्रदेश कार्यान्वयन समिति

राष्ट्रिय रणनीतिक योजना अन्तर्गतको कार्यनीति र कार्ययोजनाको प्रदेशस्तरमा प्रभावकारी रूपमा कार्यान्वयन गरी भ्रष्टाचार नियन्त्रण गर्न प्रत्येक प्रदेशमा देहाय बमोजिमको एक प्रदेश कार्यान्वयन समिति रहनेछः

| | | |
|---|---|---|
| (क) | मुख्यमन्त्री वा निजले तोकेको मन्त्री (अर्थ, कानून वा आन्तरिक मामिला मन्त्रालय हेर्नेमध्ये) | -संयोजक |
| (ख) | प्रदेश सरकारका प्रमुख सचिव | -सदस्य |
| (ग) | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रदेश सचिव (कानून) | -सदस्य |
| (घ) | अख्तियार दुरूपयोग अनुसन्धान आयोगका सम्बन्धित प्रादेशिक कार्यालयको प्रमुख | -सदस्य |
| (ङ) | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले मनोनित गरेको प्रदेशस्तरमा क्रियाशील नागरिक समाज र पत्रकार महासङ्घका एक/एक जना प्रतिनिधि | -सदस्य |
| (च) | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रदेश सचिव (प्रशासन) | -सदस्य सचिव |

प्रदेश कार्यान्वयन समितिको बैठक प्रत्येक चार महिनामा कम्तीमा एकपटक वा आवश्यकता अनुसार बस्नेछ। उक्त बैठकमा संयोजकले कुनै पदाधिकारी वा कर्मचारीलाई आमन्त्रण गर्न सक्नेछ। समितिको प्रकरण (ङ) वमोजिम मनोनित हुने सदस्यको पदावधि मनोनयन भएको मितिले तीन वर्ष हुनेछ।

**प्रदेश कार्यान्वयन समितिको कार्यक्षेत्र**

(क) प्रदेशको जिम्मेवारीमा रहेका राष्ट्रिय रणनीतिक योजनामा समावेश भएका क्रियाकलाप कार्यान्वयन गर्न सरोकारवालासँग आवश्यक समन्वय र सहकार्य गर्ने।

(ख) राष्ट्रिय रणनीतिक योजना कार्यान्वयन गर्न आवश्यक पर्ने प्रदेश कानून तर्जुमा तथा संशोधनका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने।

(ग) राष्ट्रिय रणनीतिक योजना कार्यान्वयन गर्न प्रदेशका मौजुदा नीति, कार्यनीति तथा कार्ययोजनामा आवश्यक संशोधन वा परिमार्जन गर्न आवश्यक समन्वय तथा सहजीकरण गर्ने।

(घ) राष्ट्रिय रणनीतिक योजना कार्यान्वयनमा प्रदेशका जिम्मेवार तथा सहयोगी निकायको संस्थागत क्षमता विकासका कार्यमा सहयोग र सहजीकरण गर्ने।

(ङ) राष्ट्रिय रणनीतिक योजना कार्यान्वयन लागि कार्यक्रम तर्जुमा तथा वजेट विनियोजनका लागि सम्बन्धित निकायलाई आवश्यक मार्गदर्शन दिने र सहजीकरण गर्ने

(च) भ्रष्टाचार नियन्त्रणका असल अभ्यास पहिचान गरी लागू गर्ने गराउने।



पुष्कर सापकोटा
सचिव

(छ) राष्ट्रिय रणनीतिक योजना कार्यान्वयको नियमित अनुगमन गर्ने। प्रदेश तहमा रणनीति कार्यान्वयनसँग सम्बन्धित चौमासिक र वार्षिक समीक्षा गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समक्ष प्रतिवेदन पेस गर्ने।

(ज) सदाचार प्रवर्धनका लागि सामुदायिक संस्था, शैक्षिक तथा प्राज्ञिक संस्था, निजी क्षेत्रका प्रतिष्ठान, जनप्रतिनिधि, सञ्चार माध्यम, नागरिक समाज, गैरसरकारी संस्था लगायत सबै निकाय वा संस्थाको समन्वयमा कार्यक्रम सञ्चालन, क्षमता विकास र असल अभ्यास प्रवर्धन कार्यक्रम सञ्चालन गर्ने।

(झ) प्रदेश अन्तर्गत सुशासन र सदाचारिता प्रवर्धनमा उल्लेख्य कार्य गर्ने व्यक्ति तथा संस्थालाई प्रोत्साहन र पुरस्कृत गर्ने।

(ञ) निर्देशक समितिले तोकेका अन्य कार्य गर्ने।

### ३.५.५ स्थानीय तह कार्यान्वयन समिति

राष्ट्रिय रणनीतिक योजना अन्तर्गतको कार्यनीति र कार्ययोजनाको स्थानीय तहमा प्रभावकारी रूपमा कार्यान्वयन गरी भ्रष्टाचार नियन्त्रण गर्न प्रत्येक स्थानीय तहमा देहाय बमोजिमको स्थानीय तह कार्यान्वयन समिति रहनेछः

| | | |
|---|---|---|
| (क) | नगरपालिकाको प्रमुख वा गाउँपालिकाको अध्यक्ष | -संयोजक |
| (ख) | सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| (ग) | सम्बन्धित स्थानीय तहको प्रमुखले मनोनित गरेको स्थानीय तहमा क्रियाशील नागरिक समाज र पत्रकार महासङ्घका एक/एक जना प्रतिनिधि | -सदस्य |
| (घ) | सम्बन्धित स्थानीय तहको सदाचार एकाइ/प्रशासन शाखा प्रमुख | -सदस्य सचिव |

स्थानीय तह कार्यान्वयन समितिको बैठक प्रत्येक चार महिनामा कम्तीमा एकपटक वा आवश्यकता अनुसार बस्नेछ। उक्त बैठकमा संयोजकले कुनै पदाधिकारी वा कर्मचारीलाई आमन्त्रण गर्न सक्नेछ। समितिको प्रकरण (ग) बमोजिम मनोनित हुने सदस्यको पदावधि मनोनयन भएको मितिले तीन वर्ष हुनेछ।

**स्थानीय तह कार्यान्वयन समितिको कार्यक्षेत्र**

(क) स्थानीय तहको जिम्मेवारीमा रहेका राष्ट्रिय रणनीतिक योजनामा समावेश भएका क्रियाकलाप कार्यान्वयन गर्न सरोकारवालासँग आवश्यक समन्वय र सहकार्य गर्ने।

(ख) राष्ट्रिय रणनीतिक योजना कार्यान्वयन गर्न आवश्यक पर्ने स्थानीय कानून तर्जुमा र संशोधन एवम् स्थानीय तहका मौजुदा नीति, कार्यनीति तथा कार्ययोजनामा आवश्यक संशोधन गर्न सिफारिस गर्ने।

(ग) राष्ट्रिय रणनीतिक योजना कार्यान्वयनमा स्थानीय तहका कर्मचारी तथा सरोकारवालाको क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने।

(घ) राष्ट्रिय रणनीतिक योजना कार्यान्वयन गर्न आवश्यक पर्ने कार्यक्रम तर्जुमा तथा बजेट विनियोजन गर्ने।

(ङ) भ्रष्टाचार नियन्त्रणका असल अभ्यास पहिचान गरी लागू गर्ने गराउने।



पुष्कर सापकोटा
सचिव

(च) स्थानीय तहमा राष्ट्रिय रणनीतिक योजना कार्यान्वयनका सम्बन्धमा नियमित अनुगमन गर्ने। साथै, कार्यान्वयनको चौमासिक र वार्षिक समीक्षा गरी सोको प्रतिवेदन सम्बन्धित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समक्ष पेस गर्ने।

(छ) सदाचारयुक्त समाज निर्माणका लागि आधारभूत तहको शिक्षा अन्तर्गत स्थानीय पाठ्यक्रम तर्जुमा, सदाचार प्रवर्धनका लागि स्थानीय क्लब, सामुदायिक सङ्गठन, निजी क्षेत्रका प्रतिष्ठान, जनप्रतिनिधि, सञ्चार माध्यम, नागरिक समाज, गैरसरकारी संस्था लगायत सबै निकाय वा संस्थाको समन्वयमा कार्यक्रम सञ्चालन, क्षमता विकास र असल अभ्यास प्रवर्धन गर्ने।

(ज) स्थानीयतहभित्र सुशासन र सदाचारिता प्रवर्धनमा उल्लेख्य कार्य गर्ने व्यक्ति तथा संस्थालाई प्रोत्साहन र पुरस्कृत गर्ने।

(झ) निर्देशक समितिले तोकेका अन्य कार्य गर्ने।

## ३.६ अनुगमन गर्ने निकाय र तिनको भूमिका

अनुगमनको कार्य राष्ट्रिय रणनीतिक योजना कार्यान्वयनको अभिन्न अङ्ग हो। राष्ट्रिय रणनीतिक योजना बमोजिमका क्रियाकलापको सफल कार्यान्वयन गर्न गराउन अनुगमनको उल्लेख्य भुमिका रहन्छ। राष्ट्रिय रणनीतिक योजनाका क्रियाकलापको (क) व्यावहारिक रूपमा प्रभावकारी कार्यान्वयन गर्न; (ख) क्रियाकलाप समयमै कार्यान्वयन हुन सके नसकेको जानकारी लिन; (ग) कार्यान्वयनमा देखिएका समस्या पहिचान गर्न; (घ) क्रियाकलाप कार्यान्वयनको लागि साधन स्रोत उपलब्धताको जाँच गर्न; र (ङ) क्रियाकलाप कार्यान्वयनमा भएको प्रगतिको मूल्याङ्कन गरी आवश्यक निर्णय लिन तथा निर्देशन वा सिफारिस गर्न निरन्तर अनुगमन गरिनेछ।

यस राष्ट्रिय रणनीतिक योजनामा समावेश भएका क्रियाकलापको अनुगमन वार्षिक/निरन्तर गरिनेछ भने समग्र रणनीतिक योजनाको आवधिक मूल्याङ्कन दुई वर्ष पुगेपछि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले गर्नेछ।

अनुगमन गर्ने निकायले अनुगमनबाट प्राप्त सुझाव आफूसँग सम्बन्धित भएमा आफैंले कार्यान्वयन गर्नेछन् र अन्य निकायसँग सम्बन्धित भएमा तत्तत् जिम्मेवार निकायमा पठाउनेछन्। क्रियाकलापको प्रकृति अनुसार देहायका निकायले आआफ्नो कार्यक्षेत्र र जिम्मेवारी अनुरूप राष्ट्रिय रणनीतिक योजनाका क्रियाकलाप कार्यान्वयनको निरन्तर अनुगमन गर्नेछन् -

(क) सङ्घीय संसद, संसदीय समितिहरू
(ख) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मन्त्रालय/आयोग/कार्यालयहरू
(ग) अख्तियार दुरूपयोग अनुसन्धान आयोग
(घ) प्रदेश सभा
(ङ) मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, प्रदेश सरकारमा मन्त्रालयहरू
(च) स्थानीय तहको नगर सभा वा गाउँ सभा तथा नगर कार्यपालिका वा गाउँ कार्यपालिका
(छ) सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ बमोजिमका समिति



पुष्कर सापकोटा
सचिव

(ज) राष्ट्रिय सतर्कता केन्द्र
(झ) सार्वजनिक खरिद अनुगमन कार्यालय
(ञ) नेपाल राष्ट्र बैंक
(ट) वित्तीय पारदर्शिता इकाइ
(ठ) जिल्ला प्रशासन कार्यालय
(ड) निजी संस्थाका नियमनकारी निकाय, नेपाल चार्टर्ड एकाउण्टेण्ट संस्था
(ढ) निजी क्षेत्रका छाता संगठन
(ण) कार्ययोजनामा उल्लिखित अन्य निकाय।

## ३.७ भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिका प्रावधान र रणनीतिक योजनाबीचको सम्बन्ध

भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धि, २००३ मा मुख्यतः (क) भ्रष्टाचार निवारणका उपाय, (ख) अपराधीकरण र कानून कार्यान्वयन र (ग) अन्तर्राष्ट्रिय सहयोग तथा समन्वय, सम्पत्ति फिर्ता, प्राविधिक सहायता र सूचना आदानप्रदान लगायतका व्यवस्था रहेका छन्। नेपालका प्रचलित कानून, नीति एवम् संस्थागत व्यवस्थाले महासन्धिका अधिकाम्श प्रावधानलाई सम्वोधन गर्ने भए तापनि विश्वमा नवीनतम प्रविधिको विकाससँगै भ्रष्टाचारको स्वरूप र भ्रष्टाचारबाट आर्जित सम्पत्तिको स्थानान्तरणमा नयाँनयाँ चुनौती र आयाम देखा परिरहेका छन्।

भ्रष्टाचार विरुद्धको दोस्रो राष्ट्रिय रणनीतिक योजना बमोजिमका क्रियाकलापको प्रभावकारी कार्यान्वयन गरी परिणाममुखी बनाउनको लागिः (क) समय सापेक्ष नयाँ कानून निर्माण र प्रचलित कानूनमा संशोधन गर्ने, (ख) सदाचार प्रवर्धनका लागि विभिन्न निकायको भूमिका स्पष्ट गर्ने, (ग) भ्रष्टाचार नियन्त्रणमा निरोधात्मक एवम् दण्डात्मक उपाय लागू गर्ने, (घ) जिम्मेवार निकायको संस्थागत क्षमता सुदृढीकरण गर्ने र (ङ) पर्याप्त स्रोत, साधन तथा दक्ष जनशक्ति सहितको संस्थागत व्यवस्था आवश्यक हुन्छ।

यसका लागि एकातर्फ मुलुकको विद्यमान आर्थिक अवस्था, स्रोत साधन र दक्ष जनशक्तिको अपर्याप्तताको कारण रणनीतिक योजना कार्यान्वयनमा कठिनाई एवम् वाधा उत्पन्न हुनसक्ने र अर्कोतर्फ मुलुकका राजनीतिक दलहरूको भ्रटाचार निवारणप्रतिको दृष्टिकोण, सोच एवम् प्रतिबद्धताले समेत यसमा प्रभाव पार्ने देखिन्छ।

प्रस्तुत राष्ट्रिय रणनीतिक योजनाको सफल कार्यान्वयनबाट नेपालले अन्तर्राष्ट्रियस्तरमा भ्रष्टाचार विरुद्ध संयुक्त राष्ट्रसङ्घीय महासन्धि प्रतिको दायित्व पुरा गरेको ठहरिने र राष्ट्रिय रूपमा सदाचारमा आधारित भ्रष्टाचारमुक्त विकसित राष्ट्र निर्माण गर्नमा योगदान गर्नेछ।

भ्रष्टाचार विरुद्धको पहिलो राष्ट्रिय रणनीति तथा कार्ययोजना लागू भए पश्चात् तर्जुमा वा संशोधन भएका (क) निर्वाचन र राजनैतिक दल सम्बन्धी कानूनमा चन्दा, आर्थिक सहायता, फजुल खर्च नियन्त्रण सम्बन्धी स्पष्ट व्यवस्था नभएको, (ख) न्यायपरिषद् ऐन, २०७३ मा न्यायाधीशको गैरकानूनी सम्पत्ति



पुष्कर सापकोटा

आर्जन, घूस रकम लेनदेन लगायत अन्य भ्रष्टाचारको कसूरको अनुसन्धान, छानबिन, मुद्दा दायर गर्ने र फैसला गर्ने स्पष्ट कानूनी व्यवस्था र संरचना नतोकिएको, र (ग) राष्ट्र बैंक ऐन, २०५८ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ मा क्रिप्टो करेन्सी सम्बन्धी कसूरको कुनै स्पष्ट परिभाषा र व्यवस्था नभएकोले त्यस्ता कानूनमा महासन्धिको भावना अनुरूप संशोधन गर्नुपर्ने देखिन्छ।

त्यस्तै, (क) सार्वजनिक र निजी क्षेत्रमा हुने भ्रष्टाचारजन्य क्रियाकलापको जोखिम, (ख) नवीनतम प्रविधिको उपयोग गरी भ्रष्टाचार नियन्त्रण, (ग) भ्रष्टाचारको अभियोजन प्रक्रिया, (घ) अन्तर्राष्ट्रिय समन्वय एवम् सहकार्यको माध्यमबाट भ्रष्टाचार नियन्त्रणका लागि कानूनी एवम् संरचनागत व्यवस्था र (ङ) क्षमता अभिवृद्धि गरिनु आवश्यक देखिएको छ।

### ३.७.१ निर्माण गर्नुपर्ने नीति, मापदण्ड र दिग्दर्शन तथा गर्नुपर्ने सन्धिसम्झौता

(क) सरकारी बजेट, खर्च , आयोजनाको स्थिति, सरकारी तलव भत्ता लगायतको तथ्याङ्क एवम् सूचना खुला रूपमा एकै पोर्टलमा राख्ने गरी खुला डेटा नीति तर्जुमा गर्ने।

(ख) पारस्परिक कानूनी सहायता, कसूरजन्य सम्पत्ति खोज, अनुसन्धान, सम्पत्ति जफत र फिर्ता सम्बन्धी व्यवस्था समेट्ने गरी अन्तर्राष्ट्रिय सन्धिसम्झौता गर्न आवश्यक कार्य गर्ने।

(ग) अभियोजन सम्बन्धी निर्देशिका, मापदण्ड वा दिग्दर्शन, निकायगत आचारसंहिता लागू गर्ने।

### ३.७.२ संशोधन गर्नुपर्ने ऐनहरू

(क) **भ्रष्टाचार निवारण ऐन, २०५९:** भ्रष्टाचार सम्बन्धी अनुसन्धान, अभियोजन लगायतका विषयलाई अझ निष्पक्ष र प्रभावकारी बनाउने विषयहरू समेट्नु पर्ने।

(ख) **अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८:** नीतिगत भ्रष्टाचार, नेपाल स्थित विदेशी सङ्घसंस्थाका पदाधिकारीको भ्रष्टाचारजन्य कार्य समेत अनुसन्धानमा समेट्ने।

(ग) **विशेष अदालत ऐन, २०५९:** भ्रष्टाचार निवारण ऐन, २०५९ तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐनसँग तादात्म्य हुने।

(घ) **निर्वाचन सम्बन्धी कानून:** राजनैतिक दल सम्बन्धी ऐन, २०७३; स्थानीय तह निर्वाचन ऐन, २०७३; निर्वाचन आयोग ऐन, २०७३ र निर्वाचन (कसूर र सजाय) ऐन २०७३: चन्दा, आर्थिक सहायता, फजुल खर्च नियन्त्रण गर्ने गरी।

(ङ) **न्यायपरिषद् ऐन, २०७३:** न्यायाधीशको गैरकानूनी सम्पत्ति आर्जन, घुस रकम लेनदेन लगायत अन्य भ्रष्टाचारको कसूरको अनुसन्धान, छानविन, मुद्दा दायर गर्ने र फैसला गर्ने स्पष्ट कानूनी व्यवस्था र संरचना तोक्ने गरी।

(च) **महाभियोग ऐन (कार्यविधि नियमित गर्ने), २०५९:** महाअभियोगको प्रस्ताव दर्ता भएपछि निलम्वन हुने र दुई महिनाभित्र महाअभियोगको कारबाही टुङ्गो लगाउनुपर्ने र महाअभियोगको प्रस्ताव पारित भएमा भ्रष्टाचारजन्य कसूरमा समेत अनुसन्धान गर्न सिफारिस गर्न सक्ने गरी आवश्यक कानूनी व्यवस्था गर्ने।

(छ) **सैनिक ऐन, २०६३:** (भ्रष्टाचार निवारण ऐन, २०५९ सँग तादाम्य हुने गरी)।

(ज) **प्रमाण ऐन, २०३१:** (डिजिटल प्रमाणलाई पूर्ण प्राथमिक प्रमाणको रूपमा ग्रहण गर्ने गरी)।



पुष्कर सापकोटा
सचिव

(झ) **मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को लिखत पारित सम्बन्धी व्यवस्थाः** (घर जग्गा खरिद बिक्रीमा बैंक स्टेटमेण्ट र सोको भौचर वा एकाउन्ट पेयी चेक समेत पेस नगरी घर जग्गाको लिखत पारित गर्न गराउन नपाउने प्रावधान समेट्ने गरी)।

(ञ) **सार्वजनिक खरिद ऐन, २०६३** :उपभोक्ता समिति मार्फत हुने कार्यलाई व्यवस्थित, पारदर्शी तथा उत्तरदायी बनाउने।

(ट) **राष्ट्र बैंक ऐन, २०५८:** क्रिप्टो करेन्सी सम्बन्धी कसूर समेतमा स्पष्टता हुने व्यवस्था गर्ने।

(ठ) **बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३**: निजी क्षेत्रमा हुने अनियमितता समेतलाई भ्रष्टाचारजन्य कसूर कायम गर्ने र क्रिप्टो करेन्सी कसूरलाई समेत स्पष्ट गर्ने गरी संशोधन गर्ने।

(ड) **निजी क्षेत्रसँग सम्बन्धित प्रचलित कानूनः** साझेदारी ऐन, २०२०; संस्था दर्ता ऐन, २०३४; प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४; निर्माण व्यवसाय ऐन, २०५५; नेपाल चार्टर्ड एकाउण्टेण्टस् ऐन, २०५३; दूरसञ्चार ऐन, २०५३; नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३; बीमा ऐन, २०७९; सहकारी ऐन, २०७४।

### ३.७.३ निर्माण गर्नुपर्ने नयाँ ऐनहरू

(क) **निजामती सेवा ऐनः** नियुक्ति, सरुवा, पदस्थापना, बढुवा, क्षमता विकास जस्ता कर्मचारी व्यवस्थापन लगायतका विषयलाई थप पारदर्शी, अनुमानयोग्य र स्वचालित हुने व्यवस्था गर्ने।

(ख) **सम्पत्ति विवरण स्क्रिनिङ्ग गर्ने सम्बन्धी ऐनः-** जोखिमका आधारमा राष्ट्रसेवक लगायत सबै सार्वजनिक पदाधिकारीको सम्पत्ति विवरण प्रत्येक वर्ष स्क्रिनिङ्ग गर्ने र गलत विवरण पेस गर्ने सार्वजनिक पदाधिकारीलाई सजाय गर्ने वाध्यकारी कानूनी व्यवस्था समेट्ने।

(ग) **स्वार्थको द्धन्द सम्बन्धी ऐनः** विभिन्न कानूनमा छरिएर रहेका व्यवस्थालाई एकीकृत गरी स्वार्थको द्धन्द सम्वन्धी कानून निर्माण गर्ने।

(घ) **सुराकीको संरक्षण सम्बन्धी ऐनः** विभिन्न कानूनमा छरिएर रहेका जाहेरवाला, साक्षी र सुराकीको संरक्षण सम्बन्धी व्यवस्थालाई एकीकृत गर्ने।

(ङ) **राष्ट्रिय सतर्कता सम्बन्धी ऐनः** अनुचित कार्यको अनुसन्धान तथा कारबाही गर्ने अधिकार दिने।

(च) **विद्युतीय कारोबार सम्बन्धी ऐनः** डिजिटल प्रमाणको प्रकृति, प्रमाणित गर्ने निकाय र अधिकारी स्पष्टता गर्ने।

(छ) **कम्पनी ऐनः** पूँजी वृद्धि, शेयर खरिद बिक्री समेतका अभिलेख राख्ने कार्य बैंक स्टेटमेण्टका आधारमा मात्र गर्ने।

(ज) **गैरसरकारी तथा निजी क्षेत्रमा हुने भ्रष्टाचारजन्य कार्य नियन्त्रण सम्बन्धी ऐनः** गैर सरकारी तथा निजी क्षेत्रमा हुने भ्रष्टाचारजन्य कार्यको परिभाषा, निजीक्षेत्रबाट हुने भ्रष्टाचारको कसूर र सजाय, अनुसन्धान, तहकिकात, अभियोजन र मुद्दा हेर्ने निकाय समेत तोक्ने।

## ३.८ संस्थागत सुधार

नेपालमा भ्रष्टाचार नियन्त्रण, अनुसन्धान, अभियोजन, सम्पत्ति व्यवस्थापन तथा फैसला कार्यान्वयनलाई प्रभावकारी बनाउन सम्बन्धित संस्थाहरूको संरचनागत सुधार अत्यावश्यक छ। देहायका निकायलाई



पुष्कर सापकोटा
सचिव

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रविधिमैत्री, साधन स्रोत सम्पन्न र सक्षम बनाउने उद्देश्यले सुधारका केही उपायहरू यसप्रकार प्रस्तुत गरिएको छः

१. **न्याय परिषद्:** न्यायाधीशबाट हुने गैरकानूनी सम्पत्ति आर्जन तथा अन्य भ्रष्टाचारजन्य कसूरको अनुसन्धान, अभियोजन र मुद्दा सुनुवाइका लागि विद्यमान संरचनाभन्दा अलग स्वतन्त्र अनुसन्धान तथा न्यायिक संयन्त्र स्थापना गर्नुपर्ने, न्याय परिषद्को संरचनालाई भ्रष्टाचार निवारण ऐनसँग तादात्म्य हुने गरी पुनर्गठन गर्नुपर्ने, न्यायिक क्षेत्रमा हुने भ्रष्टाचार र न्यायमा मनसायपूर्वक अवरोध पुऱ्याउने कार्यलाई प्रभावकारी रूपमा नियन्त्रण गर्ने व्यवस्था विकास गर्नुपर्ने तथा न्यायपालिकाको निष्ठा, पारदर्शिता र जनविश्वास अभिवृद्धि गर्ने गरी संस्थागत क्षमता सुदृढ गर्नु आवश्यक छ। साथै, न्याय परिषद्ले न्यायाधीशसँग सम्बन्धित भ्रष्टाचारजन्य कसूरको जाँचबुझ र आवश्यकताअनुसार मुद्दा दायर गर्ने भूमिकालाई थप प्रभावकारी बनाउन कानूनी तथा संस्थागत सुधार आवश्यक रहेको छ।

२. **विशेष अदालतः** विशेष अदालतलाई भ्रष्टाचारसम्बन्धी मुद्दाको छिटो, निष्पक्ष र प्रभावकारी फैसला गर्ने सक्षम न्यायिक निकायका रूपमा विकास गर्न सुविधा सम्पन्न भवन, आधुनिक अदालत कक्ष, विद्युतीय मुद्दा व्यवस्थापन प्रणाली (e-Court), भर्चुअल सुनुवाइ, डिजिटल अभिलेख प्रणाली र साइबर सुरक्षा जस्ता पूर्वाधारको विकास गर्नुपर्छ। न्यायाधीश, कर्मचारी र प्राविधिक जनशक्तिको क्षमता अभिवृद्धि गर्दै सूचना प्रविधि विज्ञ, डिजिटल प्रमाण विश्लेषक तथा अदालत प्रशासन विशेषज्ञको व्यवस्था गर्न आवश्यक छ।

३. **अख्तियार दुरूपयोग अनुसन्धान आयोगः** अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई पूर्ण रूपमा प्रविधिमैत्री र विशिष्टीकृत अनुसन्धान निकायका रूपमा विकास गर्न स्वतन्त्र खालको प्रविधि एकाई स्थापना गर्नुपर्छ, जहाँ प्रविधि विश्लेषक, डेटा वैज्ञानिक र डिजिटल फरेन्सिक विशेषज्ञ रहनेछन्। जोखिम विश्लेषण प्रणाली, स्वचालित उजुरी व्यवस्थापन, डिजिटल प्रमाण सङ्कलन तथा विश्लेषण क्षमतामा लगानी आवश्यक छ।

४. **महालेखापरीक्षकको कार्यालयः** महालेखापरीक्षकको कार्यालयमा कार्यसम्पादन लेखापरीक्षणलाई प्रविधिमैत्री बनाउन स्वतन्त्र प्रविधि एकाई स्थापना गरी प्रविधि विश्लेषक र डिजिटल फरेन्सिक विशेषज्ञ समावेश गर्नुपर्छ। ठूला तथ्याङ्क (Big Data) विश्लेषण, जोखिममा आधारित लेखापरीक्षण र रियल टाइम निगरानी प्रणाली विकास गर्नुपर्छ। महालेखापरीक्षक कार्यालयबाट हुने लेखापरीक्षणमा सङ्लग्न कर्मचारीहरूलाई उच्च निष्ठायुक्त बनाउनु आवश्यक छ।

५. **महान्यायाधिवक्ताको कार्यालयः** महान्यायाधिवक्ताको कार्यालयलाई प्रभावकारी अभियोजन निकाय बनाउन अभियोजकहरूको विषयगत र प्रविधिगत क्षमता अभिवृद्धि गर्नुपर्छ। डिजिटल केस ट्र्याकिङ, प्रमाण व्यवस्थापन प्रणाली, अनुसन्धान निकायसँग डेटा साझेदारी संयन्त्र र अभियोजन सहकार्य सुदृढ गर्न आवश्यक छ।

पुष्कर सापकोटा
सचिव

६. **कसूरजन्य सम्पत्ति व्यवस्थापन विभागः** कसूरजन्य सम्पत्ति व्यवस्थापन विभागलाई साधन स्रोत सम्पन्न र प्रविधिमैत्री बनाउँदै जफत, जाँच, व्यवस्थापन र बिक्री प्रक्रिया पारदर्शी बनाउन डिजिटल सम्पत्ति व्यवस्थापन प्रणाली लागू गर्नुपर्छ। सम्पत्ति मूल्याङ्कन, संरक्षण र उपयोगका लागि विशिष्टीकृत जनशक्ति विकास गर्न आवश्यक छ।

७. **सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागः** यस विभागलाई पुनःसंरचना गरी स्वतन्त्र, पेशागत र विशिष्टीकृत अनुसन्धान निकायका रूपमा स्थापित गर्नुपर्छ। प्रविधिमा आधारित वित्तीय अनुसन्धान, अन्तर निकाय सूचना साझेदारी र अन्तर्राष्ट्रिय सहकार्य सुदृढ गर्दै जनशक्तिको क्षमता अभिवृद्धि गर्नुपर्छ।

८. **फैसला कार्यान्वयन निर्देशनालयः** फैसला कार्यान्वयन निर्देशनालयलाई प्रविधिमैत्री बनाउँदै फैसला अनुगमन, जफत तथा असुली कार्यलाई स्वचालित प्रणालीमार्फत प्रभावकारी बनाउनुपर्छ। पर्याप्त साधन स्रोत, जनशक्ति र डिजिटल ट्र्याकिङ प्रणालीको विकास र कसूरजन्य सम्पत्ति व्यवस्थापन विभागसँगको प्रभावकारी समन्वय आवश्यक छ।

९. **वित्तीय जानकारी इकाईः** वित्तीय जानकारी इकाईको रणनीतिक विश्लेषण (Strategic Analysis) र कार्यात्मक विश्लेषण (Operational Analysis) क्षमतामा विस्तार गर्दै जोखिम विश्लेषण, संकास्पद कारोबार पहिचान र अन्तर्राष्ट्रिय सूचना आदानप्रदान सुदृढ गर्नुपर्छ। डेटा विश्लेषक, वित्तीय अनुसन्धानकर्ता र प्रविधि विशेषज्ञको क्षमता अभिवृद्धि अपरिहार्य छ।

१०. **सार्वजनिक खरिद अनुगमन कार्यालयः** सार्वजनिक खरिद अनुगमन कार्यालयलाई सरकारी तथा सार्वजनिक खरिद प्रक्रिया पूर्ण रूपमा अनलाइन, पारदर्शी र प्रतिस्पर्धी बनाउन विद्युतीय खरिद (e-Procurement) प्रणाली सुदृढ गर्नुपर्छ। विभिन्न प्रकृतिका खरिद कार्य एउटै सार्वजनिक खरिद ऐनले समेट्ने कठिन हुनेहुँदा खरिदको प्रकृति अनुसारका विशेष व्यवस्था एवम् सार्वजनिक विक्रीका प्रावधान समेत राख्नुपर्दछ। जोखिम सूचक प्रणाली, खुला डेटा पोर्टल र नागरिक निगरानी संयन्त्र विकास गरी भ्रष्टाचार जोखिम न्यूनीकरण गर्न आवश्यक छ।

११. **राष्ट्रिय सतर्कता केन्द्रः** राष्ट्रिय सतर्कता केन्द्रलाई भ्रष्टाचारको पूर्वरोकथाम, जोखिम विश्लेषण र प्रणालीगत सुधारमा केन्द्रित विशिष्टीकृत निकायका रूपमा विकास गर्न आवश्यक छ। यसका लागि वार्षिक राष्ट्रिय भ्रष्टाचार जोखिम मूल्याङ्कन )National Corruption Risk Assessment) गर्ने, कृत्रिम बुद्धिमत्तामा आधारित भ्रष्टाचार जोखिम विश्लेषण (AI-based Risk Analytics Platform) तथा डिजिटल जोखिम घनत्व मानचित्र )Digital Risk Heatmap) विकास गर्ने, सार्वजनिक खरिद र उच्च मूल्यका आयोजनाको रियल—टाइममा आधारित निगरानी तथा जोखिम सूचक प्रणाली सञ्चालन गर्ने, प्रत्येक स्थानीय तहमा सदाचार सम्पर्क व्यक्ति )Integrity Focal Person) तोक्ने, अनाम तथा सुरक्षित डिजिटल गुनासो प्रणाली सञ्चालन गर्ने, नागरिक निगरानी तथा सार्वजनिक—निजी क्षेत्रसँगको सामूहिक पहल )Collective Action) सुदृढ गर्ने तथा पर्याप्त प्रविधि, दक्ष जनशक्ति र विश्लेषणात्मक क्षमता विकास



पुष्कर सापकोटा
सचिव

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

गरी केन्द्रलाई भ्रष्टाचारको पूर्वानुमान, निगरानी र रोकथाममा प्रभावकारी संस्थाका रूपमा सुदृढ गर्नु आवश्यक देखिएको छ।

***

पुष्कर सापकोटा
सचिव

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

# परिच्छेद-४ कार्ययोजना

## ४.१ रणनीति, कार्यनीति र क्रियाकलापहरू

यस रणनीतिक योजनामा माथि उल्लेख भए बमोजिम ५ वटा रणनीतिक स्तम्भ र सो अन्तर्गत २५ वटा कार्यनीतिहरू रहेका छन्। साथै, २५ वटा कार्यनीति अन्तर्गत जम्मा १५९ क्रियाकलापहरू समेटिएका छन् । यस परिच्छेदमा सोही बमोजिम विस्तृत कार्ययोजना प्रस्तुत गरिएको छ।

**रणनीतिक स्तम्भ १:** नीति, कानूनको तर्जुमा तथा संस्थागत सुशासन सुदृढीकरण।

**रणनीतिक स्तम्भ २:** नवीनतम प्रविधिको उपयोग तथा नागरिक सशक्तीकरणको माध्यमबाट भ्रष्टाचार विरुद्ध कर्तव्य बोध, जवाफदेहिता र पारदर्शितालाई प्रोत्साहन गर्दै सदाचारयुक्त समाजको निर्माण।

**रणनीतिक स्तम्भ ३:** सबै क्षेत्रमा हुने भ्रष्टाचारजन्य कार्यलाई अपराधीकरण गर्ने र राज्यलाई हानी नोक्सानी भएको वा अनुचित लाभ लिए दिएकोमा कारबाही गर्न नीति तथा कानूनी व्यवस्थाको कार्यान्वयनमा सुधार।

**रणनीतिक स्तम्भ ४:** भ्रष्टाचार निवारण सम्बन्धी कानूनको प्रभावकारी कार्यान्वयनका लागि अनुसन्धान, अभियोजन र प्रतिरक्षा गर्न विशिष्टीकृत एवम् सक्षम जनशक्ति विकास।

**रणनीतिक स्तम्भ ५:** भ्रष्टाचार निवारणको लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा समन्वय, सहकार्य गर्ने र पारस्परिकता कायम गर्दै भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय महासन्धि लगायतका कानूनी प्रावधानको प्रभावकारी कार्यान्वयन।

पुष्कर सापकोटा

## ४.२ कार्ययोजनाको विस्तृत तालिका

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | अनुगमन गर्ने निकाय | उपलब्धि सूचक | जोखिम तथा सीमा | भ्रष्टाचार विरुद्धको सं.रा.सं.महासन्धिको सम्बन्धित धारा |
|---|---|---|---|---|---|---|---|---|
| **रणनीतिक स्तम्भ १: नीति, कानूनको तर्जुमा तथा संस्थागत सुशासन सुदृढीकरण।** | | | | | | | | |
| **कार्यनीति १.१: भ्रष्टाचार नियन्त्रणका लागि नेपालको संविधान, राष्ट्रसङ्घ भ्रष्टाचार विरुद्धको संयुक्तधीय महासन्धि (UNCAC) लगायतका अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरूप विद्यमान नीति तथा कानूनी व्यवस्थाको समग्र समीक्षा गर्दै विद्यमान कानूनमा आवश्यक संशोधन तथा नयाँ कानून तर्जुमा गर्ने।** | | | | | | | | |
| १.१.१ | भ्रष्टाचार रोकथाम तथा सार्वजनिक क्षेत्रको सदाचार कायम गर्न विद्यमान कानूनी र नीतिगत व्यवस्थाको समग्र समीक्षा गरी UNCAC मापदण्डअनुसार आवश्यक स्वार्थको द्वन्द्व सम्बन्धी ऐन लगायतका नयाँ कानून तर्जुमा, संशोधन र कार्यान्वयन सुनिश्चित गर्ने। | प्रधानमन्त्री तथा म.प. को कार्यालय | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय र राष्ट्रिय सतर्कता केन्द्र | ६ महिना | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | UNCAC अनुरूप कानून तर्जुमा एवम् संशोधन भएको हुने। | कानून निर्माणमा ढिलाइ, अन्तरनिकाय समन्वय कमजोर हुनसक्ने। | ५, ७, ८, ९, १०, १३ |
| १.१.२ | सबै सार्वजनिक निकायमा आचारसंहिता लागू गरी नैतिक आचरण, पेशागत मर्यादा र जिम्मेवारीबोध संस्थागत गर्ने तथा उल्लङ्घनमा निष्पक्ष कारबाही प्रणाली सुदृढीकरण गर्ने। | राष्ट्रिय सतर्कता केन्द्र | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | निरन्तर | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | आचारसंहिता लागू र उल्लङ्घनमा कारबाही भएको हुने। | आचारसंहिता कार्यान्वयन औपचारिकतामा सीमित हुनसक्ने जोखिम। | ५, ७, ८, ९, १०, १३ |
| १.१.३ | स्वार्थको द्वन्द्वको पहिचान, घोषणा र व्यवस्थापनका लागि स्पष्ट मापदण्ड, प्रणाली र अनुगमन संयन्त्र विकास एवम् कार्यान्वयन गरी निर्णय प्रक्रियामा निष्पक्षता सुनिश्चित गर्ने। | सम्बन्धित मन्त्रालय/निकाय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय सतर्कता केन्द्र | ६ महिना | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | स्वार्थको द्वन्द्वको घोषणा तथा व्यवस्थापन प्रणाली लागू भएको हुने। | राजनीतिक दबाब, नीति परिपालना कमजोर हुनसक्ने। | ५, ७, ८ |
| **कार्यनीति १.२: पारदर्शिता र जवाफदेहिता सहित राज्यका निकाय पदाधिकारी तथा कर्मचारीको सदाचार प्रवर्धन, पारदर्शिता र जवाफदेहिता सहितको नैतिक सङ्गठनका लागि व्यावसायिक आचार संहिता लागू गर्दै सार्वजनिक सेवाको समुचित व्यवस्थापन र प्रभावकारिता अभिवृद्धि गर्ने।** | | | | | | | | |
| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | अनुगमन गर्ने निकाय | उपलब्धि सूचक | जोखिम तथा सीमा | भ्रष्टाचार विरुद्धको सं.रा.सं.महासन्धिको सम्बन्धित धारा |

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय काठमाडौं
...कर सापकोटा
सचिव

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १.२.१ | राष्ट्रिय सदाचार नीति तर्जुमा गरी कार्यान्वयन गर्ने। | प्रधानमन्त्री तथा म.प. को कार्यालय | तीनै तहका सरकार, राष्ट्रिय सतर्कता केन्द्र | १५ दिन | सङ्घीय संसद, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | राष्ट्रिय सदाचार नीति तर्जुमा भई कार्यान्वयन भएको हुने। | कार्यान्वयन र अनुगमनको दायरा फराकिलो भई अस्पष्टता हुनसक्ने। | ५, ७, ८ |
| १.२.२ | सबै सार्वजनिक निकायले आ-आफ्नो क्षेत्रमा सेवा प्रवाह सरलीकृत गर्न कार्यालय सञ्चालन कार्यविधि वा निर्देशिका (SOP) निर्माण गर्ने। | सबै सार्वजनिक निकाय | तीनै तहका सरकार, राष्ट्रिय सतर्कता केन्द्र | २ महिना | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सबै निकायको सेवा प्रवाह सम्बन्धी SOP तर्जुमा भई कार्यान्वयनमा आएको हुने। | निकायगत क्षमता र मानकीकरणको अभाव एवम् अनुपालनमा कमजोरी हुनसक्ने। | ५, ९, १०, १३ |
| १.२.३ | सबै तहका सार्वजनिक निकायको क्षेत्रगत सेवा प्रवाहका लागि कार्यालय सञ्चालन निर्देशिका वा कार्यविधिको नमूना तयार गरी एकरूपता कायम गर्ने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय; भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २ महिना | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | तीनै तहका निकायका लागि कार्यालय सञ्चालन निर्देशिका वा कार्यविधिकोनमूना तर्जुमा भई लागू भएको हुने। | निकायगत विविधता र कार्यक्षेत्र फरकपनका कारण नमूना कार्यविधिमा अपनत्व र पालना कमजोर हुनसक्ने। | ५, ९,१०,१३ |
| १.२.४ | सार्वजनिक निकायका पदाधिकारीमा सत्यनिष्ठा (Integrity), इमान्दारिता र उत्तरदायित्व अभिवृद्धिका लागि क्षेत्रगत रूपमा मापनयोग्य सूचकसहितको व्यावसायिक आचारसंहिता लागू गर्ने। | तीनै तहका सरकारहरू, राष्ट्रिय सतर्कता केन्द्र | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ६ महिना भित्र | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | व्यावसायिक आचारसंहिता लागू भएको हुने। | आचारसंहिता उल्लङ्घन भएमा प्रभावकारी कारबाही नहुन सक्ने जोखिम। | ५, ७, ८ |
| १.२.५ | सार्वजनिक पदमा रहेका पदाधिकारी वा कर्मचारीको सम्पत्ति विवरण जोखिमका आधारमा प्रत्येक वर्ष स्क्रिनिङ्ग गर्ने कानूनी व्यवस्था गरी विवरण पेस नगर्ने एवम् गलत वा झुठा विवरण पेस गर्ने लाई | प्रधानमन्त्री तथा म.प. को कार्यालय; कानून, न्याय तथा संसदीय | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय; अख्तियार दुरुपयोग अनुसन्धान | ६ महिना | कानून, न्याय तथा मानवअधिकार संसदीय समिति | सम्पत्ति विवरण स्क्रिनिङ्ग गर्ने कानूनी व्यवस्था भएको हुने। | कानूनी विवाद, राजनीतिक तथा प्रशासनिक प्रतिरोध हुनसक्ने। | ५, ७, ८, ९, १०, २०, ५०,५२ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सजाय गर्ने व्यवस्था गर्ने। | मामिला मन्त्रालय, | आयोग | | | | | |
| १.२.६ | सार्वजनिक सेवा प्रवाहमा विचौलियाको भूमिका नियन्त्रण र सहज सेवा प्रवाहको लागि पूर्ण अनलाइन प्रणालीको व्यवस्था गर्ने। | सम्बद्ध मन्त्रालय तथा निकायहरू | सूचना प्रविधि तथा विद्युतीय शासन कार्यालय, इ-गभर्नेन्स बोर्ड | ६ महिना | तीनै तहका सरकार | सार्वजनिक सेवा प्रवाह गर्ने निकाय विचौलियाविहीन भएको हुने। | प्राविधिक पूर्वाधारको कमी, साइबर सुरक्षा चुनौती र प्रणाली अवरुद्ध हुने जोखिम। | ५, ९, १० |
| १.२.७ | खुला सरकारको मर्म र अभ्यासको लागि नागरिकको सूचनाको अधिकार र सरकारी तथ्याङ्कमा पहुँच सुनिश्चित गर्ने। | सूचना प्रविधि तथा विद्युतीय शासन कार्यालय | राष्ट्रिय सूचना आयोग, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सबै मन्त्रालय तथा सार्वजनिक निकाय, राष्ट्रिय तथ्याङ्क कार्यालय, नेपाल दूरसञ्चार प्राधिकरण | निरन्तर | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय सूचना आयोग | Open Data Portal सञ्चालनमा आएको हुने, सार्वजनिक निकायमध्ये कम्तीमा ८०% ले नियमित रूपमा सूचना र तथ्याङ्क सार्वजनिक गरेको हुने, सूचना माग निवेदनको फछ्र्योट दर वृद्धि भएको हुने, Open Government Index मा सुधार भएको हुने। | गोपनीयताको हक र पारदर्शिताबीच सन्तुलन गर्नमा चुनौती, साइबर सुरक्षा जोखिम र डेटा दुरूपयोगको सम्भावना हुनसक्ने। | १०, १३ |
| १.२.८ | निजामती सेवाका कर्मचारीको सरुवामा चक्रीय प्रणाली अवलम्बन गर्नेगरी कानूनी व्यवस्था गर्ने र सो अनुरूपको सफ्टवेयरको निर्माण गरी कार्यान्वयन गर्ने। | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | सम्बन्धित मन्त्रालयहरू र सूचना प्रविधि तथा विद्युतीय शासन कार्यालय | १ वर्ष | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | स्वचालित चक्रीय प्रणाली अनुरूप सरुवा सुनिश्चित भएको हुने। | राजनीतिक र प्रशासनिक हस्तक्षेप, सफ्टवेयर कार्यान्वयनमा प्राविधिक जटिलता, हुनसक्ने। | ५, ९, १० |
| १.२.९ | भ्रष्टाचार रोकथाम र सदाचार प्रवर्धनका लागि प्रत्येक स्थानीय तहमा एकजना सदाचार सम्पर्क व्यक्ति (Integrity Focal Person) तोक्ने। | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन | सबै स्थानीय तह, राष्ट्रिय सतर्कता केन्द्र | ३ महिना | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र राष्ट्रिय सतर्कता | सबै स्थानीय तहमा सम्पर्क व्यक्ति तोकिएको र जिम्मेवारी स्पष्ट | कार्यबोझ थपिने हुनाले सक्रियतामा कमी आउन सक्ने। | ६, ३६ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | मन्त्रालय | | | केन्द्र | पारिएको। | | |
| १.२.१० | प्रत्येक वर्ष भ्रष्टाचारका क्षेत्र र प्रकृति विश्लेषण गर्न राष्ट्रिय भ्रष्टाचार जोखिम मूल्याङ्कन (National Corruption Risk Assessment) गर्ने। | राष्ट्रिय सतर्कता केन्द्र | अख्तियार दुरुपयोग अनुसन्धान आयोग, नागरिक समाज | वार्षिक | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | वार्षिक राष्ट्रिय भ्रष्टाचार जोखिम मूल्याङ्कन प्रतिवेदन सार्वजनिक भएको। | तथ्याङ्कको उपलब्धता र वस्तुनिष्ठतामा चुनौती। | ५, ६ |
| १.२.११ | सार्वजनिक पदबाट अवकाश पाएका पदाधिकारीहरू निजी क्षेत्रको स्वार्थ जोडिने पदमा तत्काल जान रोक्न कार्यविश्राम अवधि (Cooling-off Period) को कानूनी व्यवस्था गर्ने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय; लोक सेवा आयोग | १ वर्ष | सङ्घीय संसद | "कार्यविश्राम अवधि" सम्बन्धी कानूनी प्रावधान कार्यान्वयनमा आएको। | रोजगारीको हक सम्बन्धी संवैधानिक प्रश्न र निजी क्षेत्रको प्रभाव। | ८, १२ |
| १.२.१२ | खुला सरकार डाटा पोर्टल (Open Government Data Portal) स्थापना गरी सरकारी बजेट, खर्च, खरिद, अनुदान तथा परियोजना सम्बन्धी तथ्याङ्क सार्वजनिक गर्ने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सबै मन्त्रालयहरू | २ वर्ष | सङ्घीय संसद र राष्ट्रिय सतर्कता केन्द्र | डेटा पोर्टल सञ्चालनमा आएको र नियमित अपडेट भएको। | डेटाको शुद्धता सुनिश्चितता र निकायगत समन्वय। | ५, १०, १३ |
| १.२.१३ | स्थानीय तहका योजना, बजेट विनियोजन र खर्चको विवरण सर्वसाधारणले हेर्न मिल्ने गरी सार्वजनिक पारदर्शिता ड्यासबोर्ड (Public Transparency Dashboard) सञ्चालन गर्ने। | सबै स्थानीय तह | भूमि व्यवस्था, सहकारी, भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय; सूचना प्रविधि तथा विद्युतीय शासन कार्यालय | २ वर्ष | जिल्ला समन्वय समिति र राष्ट्रिय सतर्कता केन्द्र | स्थानीय तहको खर्च विवरण रियल-टाइम ड्यासबोर्डमा उपलब्ध भएको। | प्राविधिक पूर्वाधारको अभाव र तथ्याङ्क प्रविष्टिमा ढिलाइ। | ९, १०, १३ |
| १.२.१४ | 'अनाम गुप्तिकृत डिजिटल गुनासो प्रणाली' (Anonymous Encrypted Digital Complaint System) सञ्चालन गर्ने। | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | राष्ट्रिय सतर्कता केन्द्र, सूचना प्रविधि तथा विद्युतीय शासन कार्यालय | १ वर्ष | सङ्घीय संसद | सूचनादाताको गोपनीयता सुरक्षित गरी गुनासो प्रणाली सञ्चालन भएको। | साइबर सुरक्षा खतरा र मिथ्या उजुरीको चाप। | १३, ३२, ३३ |
| **कार्यनीति १.३:संस्थागत सुदृढीकरण गर्ने। तीनवटै तह अन्तर्गतका निकायहरूको राज्यका निवारणका लागि भ्रष्टाचार** | | | | | | | | |
| **क्र.सं.** | **क्रियाकलाप** | **जिम्मेवार निकाय** | **सहयोगी निकाय** | **समयावधि** | **अनुगमन गर्ने** | **उपलब्धि सूचक** | **जोखिम तथा सीमा** | **भ्रष्टाचार विरुद्धको** |



सापकोटा
सचिव

| | | | | | निकाय | | | सं.रा.सं.महासन्धिको सम्बन्धित धारा |
|---|---|---|---|---|---|---|---|---|
| १.३.१ | अनुचित कार्यको अनुसन्धान तथा कारबाही गर्ने अधिकार सहित राष्ट्रिय सतर्कता केन्द्रलाई अधिकार सम्पन्न एवम् प्रभावकारी बनाउन छुट्टै कानून निर्माण गरी संस्थागत सुदृढीकरण गर्ने। | प्रधानमन्त्री तथा म.प. को कार्यालय; कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | अख्तियार दुरूपयोग अनुसन्धान आयोग, अर्थ मन्त्रालय र राष्ट्रिय सतर्कता केन्द्र | ४ महिना | संसदीय समिति, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | राष्ट्रिय सतर्कता सम्बन्धी छुट्टै कानून निर्माण भई कार्यान्वयन भएको हुने। | आवश्यक जनशक्ति र स्रोतको अभाव हुनसक्ने। | ५, ३६,३७, ३८ |
| १.३.२ | भ्रष्टाचार अनुसन्धान, अभियोजन र न्यायिक प्रक्रिया सुदृढीकरणका लागि सम्बन्धित निकायको संस्थागत, प्राविधिक र मानव स्रोत क्षमता अभिवृद्धि गर्ने। | अख्तियार दुरूपयोग अनुसन्धान आयोग, महान्यायाधिवक्ता को कार्यालय, विशेष अदालत र सर्वोच्च अदालत | भ्रष्टाचार अनुसन्धान, अभियोजन प्रक्रियामा संलग्न सबै निकायहरू | १ वर्ष र निरन्तर | संसदीय समिति, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | भ्रष्टाचार अनुसन्धान, अभियोजन र न्यायिक प्रक्रिया थप प्रभावकारी भएको हुने। | आवश्यक जनशक्ति र स्रोतको अभाव हुनसक्ने। | ५, ९, १०, ११, १३, ३६, ३७, ३८ |
| १.३.३ | सङ्घीय र प्रदेश सरकार तथा स्थानीय तहको सदाचारिता मापन सूचक (Integrity Assessment Index) तयार गरी कार्यान्वयन गर्ने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय; भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | राष्ट्रिय सतर्कता केन्द्र, प्रदेश सरकार तथा स्थानीय तह | ६ महिना | प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, प्रदेश सरकार तथा स्थानीय तह | सङ्घीय र प्रदेश सरकार तथा स्थानीय तहमा सदाचारिता निष्ठा मापन सूचक (Integrity Assessment Index) लागू भई मूल्याङ्कन गरिएको हुने। | सूचक तर्जुमा तथा मापनमा एकरूपता कायम गर्न कठिनाइ, स्थानीय तहको क्षमता अभाव तथा प्रोत्साहन (incentive) गर्नमा कठिनाई हुनसक्ने। | ५, ७, ८ |

पुष्कर सापकोटा
सचिव

नेपाल सरकार ... मन्त्रिपरिषद्को कार्यालय ...माडौं

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १.३.४ | वित्तीय जानकारी एकाई (Financial Intelligence Unit) को रणनीतिक विश्लेषण (Strategic Analysis) र कार्यात्मक विश्लेषण (Operational Analysis) गर्ने क्षमता अभिवृद्धि गर्न संस्थागत सुदृढीकरण गर्ने। | नेपाल राष्ट्र बैंक | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय; अर्थ मन्त्रालय; कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | निरन्तर | अर्थ मन्त्रालय | वित्तीय जानकारी एकाईको संस्थागत सुदृढीकरण भएको हुने। | स्रोत सीमितता, प्राविधिक जनशक्तिको अपर्याप्तता, दिगोपना र अन्तरनिकाय समन्वय कमजोर। | ५, ७, ८, ९, १०, १३, २०, ५२ |
| १.३.५ | भ्रष्टाचारको जोखिम पहिचान गर्न प्रत्येक तीन वर्षमा भ्रष्टाचार जोखिम मूल्याङ्कन गर्ने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय सतर्कता केन्द्र | अख्तियार दुरूपयोग अनुसन्धान आयोग | निरन्तर | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रत्येक तीन वर्षमा भ्रष्टाचार जोखिम मूल्याङ्कन प्रतिवेदन तयार भएको हुने। | तथ्याङ्क अभाव, जोखिम मूल्याङ्कन औपचारिकतामा सीमित हुनसक्ने। | ५, ९, १०, ५० |
| १.३.६ | तीनै तहका सरकारले व्यक्ति, फर्म तथा संस्थालाई प्रदान गर्ने अनुदानलाई व्यवस्थित गर्न कानूनी व्यवस्था गर्ने। | अर्थ मन्त्रालय | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय; भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र अन्य सम्बन्धित मन्त्रालयहरू | ३ महिनाभित्र तयार गरी निरन्तर | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, प्रदेश सरकार र संसदीय समिति | फर्म तथा संस्थागत अनुदानलाई व्यवस्थित गर्न कानून लागू भएको र वैयक्तिक पहिचान नम्बरका आधारमा ट्र्याकिङ्ग गर्ने एकीकृत प्रणाली विकास भएको हुने। | अनुदान वितरणमा राजनीतिक तथा प्रशासनिक दबाब र वैयक्तिक अनुदान ट्र्याकिङ्ग गर्ने एकीकृत अनलाइन प्रणाली विकास गर्न समय लाग्नसक्ने। | ५, ९, १० |
| १.३.७ | नागरिक सहभागिता, सार्वजनिक सुनुवाइ, सूचना खुलासा र सामाजिक निगरानीलाई संस्थागत रूपमा निरन्तर प्रवर्धन गरी राज्य-नागरिक विश्वास अभिवृद्धि गर्ने। | सम्बन्धित मन्त्रालय र निकाय | अख्तियार दुरूपयोग अनुसन्धान आयोग | निरन्तर | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, संसदीय समिति | सरकारप्रतिको विश्वास अनुभूति सूचकाङ्कमा सुधार भएको हुने। | नागरिक विश्वास अनुभूति सूचकाङ्क (Citizen Trust in Government Index) को विकास गर्ने प्राविधिक पक्ष जटिल हुनसक्ने। | ५, ९, १०, १३ |
| १.३.८ | सदाचार, निष्ठा र नैतिकता प्रवर्धनका असल अभ्यास आदानप्रदान गर्न तीनवटै तहका सरकारले अन्तरसम्वाद कार्यक्रम सञ्चालन गर्ने र स्थानीय | राष्ट्रिय सतर्कता केन्द्र; भूमि व्यवस्था, | अख्तियार दुरूपयोग अनुसन्धान आयोग, सम्बन्धित मन्त्रालय | निरन्तर | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय; भूमि | तीनवटै तहमा अन्तरसम्वाद कार्यक्रम सञ्चालन भई असल | कार्यक्रमको प्रभाविकारिता मापन गर्ने प्रणालीको विकास | ५, ७, ८ |



पुष्कर सापकोटा
सचिव

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | तहमा सदाचार क्लब गठन गरी परिचालन गर्ने। | सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय; प्रदेश सरकार र स्थानीय तह | वा निकाय | | व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | अभ्यास आदानप्रदान र स्थानीय तहमा सदाचार क्लबले भ्रष्टाचारको निगरानी गरेको हुने। | गर्नमा कठिनाइ हुनसक्ने। | |
| **कार्यनीति १.४: भ्रष्टाचार नियन्त्रण गर्न कानून कार्यान्वयन (अनुसन्धान तथा अभियोजन) गर्ने जिम्मेवार निकाय, पदाधिकारी तथा कर्मचारीमा व्यावसायिक दक्षता अभिवृद्धि गर्ने ।** | | | | | | | | |
| **क्र.सं.** | **क्रियाकलाप** | **जिम्मेवार निकाय** | **सहयोगी निकाय** | **समयावधि** | **अनुगमन गर्ने निकाय** | **उपलब्धि सूचक** | **जोखिम तथा सीमा** | **भ्रष्टाचार विरुद्धको सं.रा.सं.महासन्धिको सम्बन्धित धारा** |
| १.४.१ | अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन तथा सम्वद्ध नियमावलीमा संशोधन गरी आय गणना सूत्र र मापदण्ड तय गर्ने। | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय;अख्तिया र दुरूपयोग अनुसन्धान आयोग | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्ष | संसदीय समिति, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ऐन तथा नियमावलीमा संशोधन भई आय गणना सूत्र र मापदण्ड तय भएको हुने | प्राविधिक कठिनाई हुनसक्ने। | ५, ७, ८, २०, ३६, ३७, ३८, ५२ |
| १.४.२ | नेपालस्थित विदेशी नियोगका सार्वजनिक पदाधिकारी वा अन्तर्राष्ट्रिय संस्थाका पदाधिकारीका सम्बन्धमा समेत भ्रष्टाचार वा सम्पत्ति शुद्धीकरणमा संलग्न भएको प्रमाण भएमा कुटनीतिक कर्मचारीको हकमा persona non grata गरी देश निकाला गर्ने र गैरकूटनीतक कर्मचारीको हकमा अनुसन्धान, छानबिन गरी मुद्दा दायर गर्ने गरी क्षेत्रीय तथा द्विपक्षीय संयन्त्रलाई सुदृढ गर्ने। | परराष्ट्र मन्त्रालय; गृह मन्त्रालय; कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | महान्यायाधिवक्ताको कार्यालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अख्तियार दुरूपयोग अनुसन्धान आयोग | ३ महिना र निरन्तर | सङ्घीय संसद, संसदीय समिति | कूटनीतिक कर्मचारीको हकमा persona non grata गरी देश निकाला र गैरकुटनीतिक कर्मचारीको हकमा अनुसन्धान, छानबिन गरी मुद्दा दायर गर्ने गरी क्षेत्रीय तथा द्विपक्षीय संयन्त्र सुदृढ भएको हुने। | कुटनीतिक मामिला भएकाले कार्यान्वयन गर्न कठिन हुनसक्ने एवम् द्विपक्षीय तथा वहुपक्षीय संयन्त्र बनाउन समय लाग्न सक्ने। | ५, ३६, ३७, ३८, ४३, ४४, ४६, ४८, ४९ |
| १.४.३ | भ्रष्टाचारजन्य कसूरमा भ्रष्टाचार निवारण ऐनका | रक्षा मन्त्रालय; | प्रधानमन्त्री तथा | ३ महिना | सङ्घीय संसद, | सैनिक ऐनमा संशोधन | संशोधित ऐन | ५, ७, ८, ३० |



पुष्कर सापकोटा
सचिव

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | प्रावधानसँग तादात्म्य कायम गर्ने गरी प्रचलित सैनिक ऐन संशोधन गर्ने। | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | मन्त्रिपरिषद्को कार्यालय, नेपाली सेना | | संसदीय समिति | भएको हुने। | कार्यान्वयनको प्रभावकारिता यकिन गर्न कठिनाइ हुने। | |
| **कार्यनीति १.५:न्यायिक क्षेत्रमा हुने भ्रष्टाचारजन्य कार्य र न्यायमा मनसायपूर्वक अवरोध पुऱ्याउने कार्यलाई निरुत्साहित गर्दै न्यायपालिकाको निष्ठा अभिवृद्धि गर्ने।** | | | | | | | | |
| **क्र.सं.** | **क्रियाकलाप** | **जिम्मेवार निकाय** | **सहयोगी निकाय** | **समयावधि** | **अनुगमन गर्ने निकाय** | **उपलब्धि सूचक** | **जोखिम तथा सीमा** | **भ्रष्टाचार विरुद्धको सं.रा.सं.महासन्धिको सम्बन्धित धारा** |
| १.५.१ | भ्रष्टाचारजन्य कसूरमा भ्रष्टाचार निवारण ऐनका प्रावधानसँग तादात्म्य कायम गर्ने र न्याय परिषद्को पुर्नसंरचना गरी न्यायाधीशको गैरकानूनी सम्पत्ति आर्जन लगायतको अन्य भ्रष्टाचारजन्य कसूरको अनुसन्धान गरी मुद्दा दायर गर्ने र मुद्दा हेर्ने छुट्टै स्वतन्त्र निकायको व्यवस्था गर्ने। | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय; न्याय परिषद् | प्रधानमन्त्री तथा म.प.को कार्यालय, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, महान्यायाधिवक्ताको कार्यालय | १ वर्ष | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सर्वोच्च अदालत, सङ्घीय संसद | भ्रष्टाचारसम्बन्धी कानूनमा एकरूपता कायम हुने गरी संशोधन भएको हुने। | कानूनी संशोधनमा ढिलाइ, सरोकारवाला निकायबीच सहमतिको अभाव हुनसक्ने। | ५, ७, ८, ११, २०, ३६, ३७, ३८, ५२ |
| १.५.२ | न्यायिक निकायमा आचारसंहिता प्रभावकारी रूपमा कार्यान्वयन गरी उल्लङ्घन भएका घटना सार्वजनिक गर्न आवश्यक समन्वय गर्ने। | न्याय परिषद्, सर्वोच्च अदालत, महान्यायाधिवक्ताको कार्यालय | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय; अख्तियार दुरूपयोग अनुसन्धान आयोग | १–२ वर्ष | न्याय परिषद्, सर्वोच्च अदालत, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | भ्रष्टाचार मुद्दामा अभियोजनको गुणस्तर र समन्वय सुदृढ भएको हुने। | संस्थागत समन्वय कमजोर, दक्ष अभियोजकको कमी, मुद्दा ढिलाइ। | ५, ७, ८, ११ |
| १.५.३ | भ्रष्टाचारसम्बन्धी ठूलो विगो भएका मुद्दाको सार्वजनिक स्थिति खुलासा प्रणाली' (Public Status Disclosure System) सञ्चालन गर्ने। | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | सूचना प्रविधि तथा विद्युतीय शासन कार्यालय | १ वर्ष | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ठूलो विगो भएका मुद्दाको सार्वजनिक स्थिति खुलासा प्रणाली' (Public Status Disclosure System) सञ्चालन भएको हुने। | गोपनीयताको अधिकार र सूचनाको दुरुपयोग। | १०, १३ |
| **कार्यनीति १.६: राजनीतिक वित्त व्यवस्थापन तथा राजनीतिक दलका क्रियाकलापमा पारदर्शिता कायम गर्ने।** | | | | | | | | |
| **क्र.सं.** | **क्रियाकलाप** | **जिम्मेवार निकाय** | **सहयोगी निकाय** | **समयावधि** | **अनुगमन गर्ने निकाय** | **उपलब्धि सूचक** | **जोखिम तथा सीमा** | **भ्रष्टाचार विरुद्धको सं.रा.सं.महासन्धिको सम्बन्धित धारा** |
| १.६.१ | राजनीतिक दलसम्बन्धी ऐन र निर्वाचन सम्बन्धी | प्रधानमन्त्री तथा | निर्वाचन आयोग, | १ वर्ष | प्रधानमन्त्री तथा | राजनीतिक दलसम्बन्धी | राजनीतिक दलको | ७(३), १०, १३ |



पुष्कर सापकोटा
सचिव

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय काठमाडौं

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ऐनमा संशोधन गरी राजनीतिक अभियानको लागि चन्दा र आर्थिक सहायता लिनेदिने सम्बन्धमा स्पष्ट कानूनी व्यवस्था गर्ने। | मन्त्रिपरिषद्को कार्यालय; कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय; गृह मन्त्रालय | राजनीतिक दलहरू | | मन्त्रिपरिषद्को कार्यालय, सङ्घीय संसद | ऐन र निर्वाचन सम्बन्धी ऐनमा संशोधन गरी राजनीतिक अभियानको लागि चन्दा र आर्थिक सहायता लिनेदिने सम्बन्धमा स्पष्ट भएको हुने। | सहमति जुटाउन कठिन हुनसक्ने। | |
| १.६.२ | कुनै पनि राजनीतिक दलका सदस्यले आफ्नो दलको पदीय हैसियतको प्रयोग गरेर नातेदार वा आफू सम्बद्ध राजनीतिक दलमा आवद्ध व्यक्तिलाई अनुचित लाभ पुर्‍याउन निषेध गर्ने गरी स्वार्थको द्वन्द्व सम्बन्धी लगायत आवश्यक कानूनी व्यवस्था गर्ने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय; कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | गृह मन्त्रालय, राजनीतिक दलहरू | १–२ वर्ष | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सङ्घीय संसद | स्वार्थको द्वन्द सम्बन्धी कानून लागू भएको हुने। | अनुसन्धानमा ढिलाइ, प्रमाण सङ्कलन जटिलता हुनसक्ने। | ५, ७, ८ |
| १.६.३ | राजनीतिक दलको वित्तीय व्यवस्था पारदर्शी बनाई निर्वाचनलाई स्वच्छ र समान हैसियतमा प्रतिस्पर्धा गर्ने वातावरण सिर्जना गर्न राज्यकोषबाट अनुदान उपलब्ध गराउने कार्यलाई कानूनद्धारा व्यवस्थित गर्ने। | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय; अर्थ मन्त्रालय | निर्वाचन आयोग, राजनीतिक दलहरू | १ वर्ष | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्कोकार्यालय, सङ्घीय संसद | निर्वाचन खर्च राज्यकोषबाट प्रदान गर्ने सम्बन्धी कानूनी व्यवस्था लागू भएको हुने। | राज्यको स्रोतले खर्च धान्न र निरन्तरता दिन कठिन हुनसक्ने। | ५, ९, १०, १३ |
| १.६.४ | आचरण उल्लङ्घन हुन नदिन सबै राजनीतिक दलमा सदाचार समिति गठन गर्ने। | निर्वाचन आयोग, राजनीतिक दलहरू | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | १ महिना र निरन्तर | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, निर्वाचन आयोग | सबै राजनीतिक दलले सदाचार समिति गठन गरी समिति क्रियाशील भएको हुने। | सदाचार समिति राजनितक दलको नेतृत्वको छायाँ मात्र हुनसक्ने । | ५, ७, ८ |
| **कार्यनीति १.७: संवैधानिक निकाय लगायतका संवैधानिक नियुक्ति तथा अन्य राजनीतिक नियुक्तिलाई पारदर्शी, योग्यतामा आधारित एवम् उत्तरदायी बनाई व्यवस्थित गर्ने।** | | | | | | | | |
| **क.सं.** | **क्रियाकलाप** | **जिम्मेवार निकाय** | **सहयोगी निकाय** | **समयावधि** | **अनुगमन गर्ने निकाय** | **उपलब्धि सूचक** | **जोखिम तथा सीमा** | **भ्रष्टाचार विरुद्धको सं.रा.सं.महासन्धिको सम्बन्धित धारा** |
| १.७.१ | संवैधानिक नियुक्तिलाई थप व्यवस्थित तथा पारदर्शी बनाउन तथा नियुक्त हुने व्यक्तिको इमान्दारिता (Integrity), निष्पक्षता (Impartiality) | संवैधानिक परिषद्, लोक सेवा आयोग, | संसदीय समिति, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, | १ महिना र निरन्तर | संसदीय सुनुवाई समिति | प्रोबिटी परीक्षण (Probity test) बाट निष्ठावान र निष्पक्ष | विषयगत जाँच भएकोले मापन सूचक यकिन गर्न र परीक्षण | ५, ७, ८ |



पुष्कर सापकोटा
सचिव

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | र नैतिकता (Ethical conduct) जाँच गर्ने प्रोबिटी परीक्षण (Probity Test) लगायतका आवश्यक व्यवस्था गर्ने। | प्रदेश लोक सेवा आयोग | महान्यायाधिवक्ताको कार्यालय | | | पदाधिकारी नियुक्त भएको कार्यसम्पादन-बाट देखिने। | वस्तुनिष्ठ बनाउन कठिन हुनसक्ने। | |
| १.७.२ | संवैधानिक निकायका पदाधिकारी, सर्वोच्च अदालतका न्यायाधीश र न्याय परिषद्का सदस्य लाई महाअभियोगको प्रस्ताव दर्ता भएको दुई महिनाभित्र महाअभियोगको कारबाही टुङ्गो लगाउनुपर्ने र महाअभियोगको प्रस्ताव पारित भएमा निजलाई भ्रष्टाचारजन्य कसूरमा अनुसन्धान गर्न सिफारिस गर्ने गरी महाअभियोग सम्बन्धी ऐनमा परिमार्जन गर्ने। | सङ्घीय संसद्; कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, | सङ्घीय संसद्, संवैधानिक परिषद्, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, महान्यायाधिवक्ताको कार्यालय | ६ महिना | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | महाअभियोगसम्बन्धी कानूनी प्रक्रिया एवम् कार्यविधिमा समयसीमाको स्पष्ट व्यवस्था र महाअभियोग पारित भएमा भ्रष्टाचारजन्य कसूरमा अनुसन्धान गर्ने कानूनी व्यवस्था भएको हुने। | महाअभियोग प्रक्रियामा राजनीतिक प्रभाव, न्यायिक स्वतन्त्रतासम्बन्धी संवैधानिक विवाद हुनसक्ने। | ५, ११, ३०, ३६, ३७ |
| १.७.३ | सार्वजनिक निकायमा गरिने सबै राजनीतिक नियुक्तिका मापदण्डमा विषय क्षेत्रगत रूपमा एकरूपता कायम गरी पूर्ण रूपले योग्यतामा आधारित (merit-based) बनाउन त्यस्तो मापदण्ड तयार गरी कार्यान्वयन गर्ने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय; कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | सङ्घीय मन्त्रालय, प्रदेश सरकार | १ महिना र निरन्तर | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | विषय क्षेत्रगत रूपमा एकरूप योग्यतामा आधारित नियुक्ति मापदण्ड स्वीकृत र नियुक्ति प्रक्रियामा योग्यता, अनुभव र निष्पक्ष मूल्याङ्कनका स्पष्ट सूचक लागू भई मापदण्ड विपरीत नियुक्ति रोकिने। | राजनीतिक हस्तक्षेप र प्रतिरोध, मापदण्डलाई औपचारिकतामा सीमित गर्नसक्ने जोखिम, विषय क्षेत्रगत विशेषज्ञता मापनका सूचक निर्धारणमा जटिलता हुनसक्ने। | ५, ७(१), ८ |

**कार्यनीति १.८:भ्रष्टाचारजन्य कसुरको सूचनादाता, सुराकी, साक्षी, विशेषज्ञ र पीडितको सुरक्षाको सुनिश्चितता गर्ने।**

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | अनुगमन गर्ने निकाय | उपलब्धि सूचक | जोखिम तथा सीमा | भ्रष्टाचार विरुद्धको संं.रा.सं.महासन्धिको सम्बन्धित धारा |
|---|---|---|---|---|---|---|---|---|
| १.८.१ | सूचनादाता, जाहेरवाला, साक्षी र सुराकीको संरक्षण | कानून, न्याय तथा | अख्तियार दुरूपयोग | ३ महिना | प्रधानमन्त्री तथा | सूचनादाता, | - | ५, ३३, ३७ |



पुष्कर सापकोटा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सम्बन्धी एकीकृत कानून निर्माण गर्ने। | संसदीय मामिला मन्त्रालय | अनुसन्धान आयोग, महान्यायाधिवक्ताको कार्यालय। | | मन्त्रिपरिषदको कार्यालय | जाहेरवाला, साक्षी, सुराकीको संरक्षण सम्बन्धी एकीकृत कानून निर्माण भएको हुने। | | |
| १.८.२ | सुराकी, साक्षी, जाहेरवाला, सूचनादाता तथा अनुसन्धानमा सघाउने अभियुक्तको संरक्षण सम्बन्धी कानूनको कार्यान्वयन प्रभावकारी बनाउने। | अख्तियार दुरूपयोग अनुसन्धान आयोग, महान्यायाधिवक्ताको कार्यालय | प्रहरी प्रधान कार्यालय | निरन्तर | गृह मन्त्रालय | कानूनको प्रभावकारी कार्यान्वयन भएको हुने। | अभियुक्तको संरक्षणमा अनुचित दबाब आउनसक्ने। | ३२, ३३, ३६, ३७ |

**रणनीतिक स्तम्भ २: नवीनतम प्रविधिको उपयोग तथा नागरिक सशक्तीकरणको माध्यमबाट भ्रष्टाचार विरुद्ध कर्तव्य बोध, जवाफदेहिता र पारदर्शितालाई प्रोत्साहन गर्दै सदाचारयुक्त समाजको निर्माण।**

**कार्यनीति २.१: सार्वजनिक सेवालाई छिटो, छरितो, पारदर्शी, जवाफदेही र पहुँचयोग्य बनाउन डिजिटल प्रविधिको प्रभावकारी उपयोग गर्ने।**

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | अनुगमन गर्ने निकाय | उपलब्धि सूचक | जोखिम तथा सीमा | भ्रष्टाचार विरुद्धको संं.रा.सं.महासन्धिको सम्बन्धित धारा |
|---|---|---|---|---|---|---|---|---|
| २.१.१ | सरकारी बजेट प्रणाली तथा सार्वजनिक खरिद प्रक्रियालाई पूर्ण रूपमा डिजिटल गर्नुका साथै बजेट जवाफदेहिता, पारदर्शिता र खुला बजेट प्रणाली अवलम्बन गर्ने। | अर्थ मन्त्रालय, प्रदेश सरकार तथा स्थानीय तहहरू | सूचना प्रविधि तथा विद्युतीय शासन कार्यालय | २ वर्ष | सङ्घीय संसद, प्रदेश सभा, नगरसभा वा गाउँसभा, राष्ट्रिय योजना आयोग | बजेट र सार्वजनिक खरिदमा डिजिटल प्रणाली लागू भएको हुने, बजेट पारदर्शिताका सबै उपाय अवलम्बन भएको हुने। | प्राविधिक जनशक्ति र संस्थागत क्षमताको कमी, बजेटमा पारदर्शिता नचाहने प्रवृत्तिले व्यवधान ल्याउनसक्ने। | ५, ७, ९, १० |
| २.१.२ | सार्वजनिक सेवामा पारदर्शिता सुनिश्चित गर्न ठेक्का प्रक्रिया, जग्गा रजिष्ट्रेसन प्रक्रिया, शेयर खरिद बिक्री, कर सङ्कलन लगायतका क्षेत्रमा ब्लकचेन मार्फत कारोबारको | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, नेपाल राष्ट्र | आन्तरिक राजस्व विभाग, महालेखा परीक्षकको कार्यालय, सार्वजनिक खरिद | ६ महिना | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, नेपाल राष्ट्र बैंक, | ठेक्का प्रक्रिया, जग्गा रजिष्ट्रेसन, शेयर खरिद बिक्री र कर सङ्कलन जस्ता क्षेत्रमा ब्लकचेन | प्राविधिक क्षमता र दक्ष जनशक्तिको अभाव; तथ्याङ्क संरक्षण (गोपनीयता) तथा | ५, ९, १०, १२, १४ |



पुष्कर सापकोटा
सचिव

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | निगरानीको प्रबन्ध मिलाउने। | बैंक | अनुगमन कार्यालय, अख्तियार दुरूपयोग अनुसन्धान आयोग। | | सार्वजनिक खरिद अनुगमन कार्यालय। | प्रयोग भएको हुने। | साइबर सुरक्षा सम्बन्धी जोखिम; प्रणाली एकीकरणको लागत बढ्नसक्ने। | |
| २.१.३ | नागरिक र सञ्चार माध्यमलाई निगरानी गर्न सहज हुनेगरी सरकारी आय व्यय, आयोजना कार्यान्वयनको स्थिति, सरकारी तलब भत्ता लगायतका सरकारी तथ्याङ्क, विवरण र सूचना आम नागरिकको पहुँचका लागि एकै पोर्टलमा राख्ने व्यवस्था गर्ने। | अर्थ मन्त्रालय र प्रदेश सरकार | सूचना प्रविधि तथा विद्युतीय शासन कार्यालय, सम्बन्धित मन्त्रालयहरू | ३ महिना र निरन्तर | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सरकारी वजेट, खर्च, आयोजनाको स्थिति, सरकारी तलव भत्ता लगायतको तथ्याङ्क एवम् सूचना खुला रूपमा एकै पोर्टलमा राखिएको हुने। | संवेदनशील सूचनाको दुरूपयोगको जोखिम; तथ्याङ्क अद्यावधिक गर्न; प्रणाली सञ्चालन र अन्तरनिकाय समन्वयमा चुनौती। | ५, ९, १० |
| २.१.४ | राजस्व, भन्सार लगायतका क्षेत्रमा सङ्कास्पद वित्तीय लेनदेन पहिचान गर्न जोखिम सङ्केत प्रणाली (Risk Flagging System) सञ्चालन गरी स्वचालित निगरानीको व्यवस्था गर्ने। | अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक | सूचना प्रविधि तथा विद्युतीय शासन कार्यालय, आन्तरिक राजस्व विभाग, दुरसञ्चार संस्थान, सार्वजनिक खरिद अनुगमन कार्यालय | ६ महिना र निरन्तर | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | जोखिम सङ्केत प्रणाली स्थापना गरी स्वचालित निगरानीको व्यवस्था सञ्चालन भएको हुने। | डेटा गुणस्तर, कानूनी एवम् प्राविधिक सुरक्षा र संस्थागत गोपनीयता सम्बन्धी चुनौती। | १४, ५२, ५८ |
| २.१.५ | भ्रष्टाचारको जोखिम रहेका सबै सरकारी कार्यालय तथा निकायमा सिसिटिभि (CCTV) को अनिवार्य व्यवस्था गरी यसको आधारमा कार्यालय प्रमुखले आवधिक रूपमा नियमन गर्ने। | सम्बन्धित संवैधानिक निकाय, मन्त्रालय र प्रदेश सरकार | सम्बन्धित विभाग, नियामक निकाय तथा अन्य सरोकारवाला निकाय | १–२ वर्षमा (जडान निरन्तर) | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय सतर्कता केन्द्र। | सार्वजनिक निकायमा सिसिटिभि जडान भएको हुने। | लागत तथा सिसिटिभि नेटवर्किङ्गो समस्या हुनसक्ने। | ७, १० |
| २.१.६ | नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट हुने सबै प्रकारको भुक्तानी विद्युतीय भुक्तानी प्रणाली (Electronic Fund Transfer- EFT) मार्फत गर्ने। | अर्थ मन्त्रालय, सम्बन्धित सबै मन्त्रालय वा निकाय, प्रदेश सरकार, स्थानीय तह | महालेखा परीक्षकको कार्यालय, नेपाल राष्ट्र बैंक | निरन्तर | महालेखा परीक्षकको कार्यालय | तीनै तहबाट हुने भुक्तानी Electronic Fund Transfer- EFT मार्फत भएको हुने। | कमजोर डिजिटल तथा बैंकिङ् पुर्वाधार, साइबर आक्रमण वा प्रणाली दुरूपयोग हुने तथा डिजिटल पहुँचको | ५, ९, १० |



पुष्कर सापकोटा
सचिव

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | कारण बञ्चितीकरण हुने सम्भावना। | |
| २.१.७ | राष्ट्रसेवक कर्मचारी र सार्वजनिक पद धारण गरेका पदाधिकारीको ट्रान्सपरेन्सी प्रोफाइल तयार गर्ने। | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय; संवैधानिक निकाय | सम्बन्धित मन्त्रालय, नियामक निकाय तथा अन्य सरोकारवाला निकाय वा संस्था | १ महिनामा प्रोफाइल तयार गरी निरन्तरता दिने | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय सतर्कता केन्द्र | सम्बन्धित नीति, प्रणाली वा संरचना कार्यान्वयनमा आएको हुने। | व्यक्तिगत तथ्याङ्क सुरक्षा, तथ्याङ्क अद्यावधिक नहुने तथा राजनीतिक वा प्रशासनिक दुरूपयोगको जोखिम | ७, ८, १० |
| २.१.८ | सार्वजनिक खरिदमा मिलेमतो (Cartel/Bid Rigging) पहिचान गर्न एआइ (AI) मा आधारित जोखिम पहिचान प्रणाली विकास गर्ने। | सार्वजनिक खरिद अनुगमन कार्यालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ६ महिना | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | एआइ(AI) मा आधारित जोखिम पहिचान प्रणाली सञ्चालनमा आएको। | प्राविधिक जनशक्तिको अभाव, डेटाको गुणस्तर र सुरक्षा चुनौती। | ५, ९ |
| २.१.९ | नागरिकले सरकारी सेवा ट्र्याक गर्न सक्ने डिजिटल सर्भिस ट्याकिङ्ग प्रणाली सञ्चालन गर्ने। | सम्बन्धित सेवा प्रदायक निकाय, | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्ष | राष्ट्रिय सतर्कता केन्द्र | सेवाको अवस्था नागरिकले ट्याक गर्न सक्ने प्रणाली। | सेवा प्रवाहको डिजिटल इन्ट्रीमा उदासिनता। | ५, १० |
| २.१.१० | नागरिक बडापत्र बमोजिम सेवा प्राप्त हुने समयको सुनिश्चितताका लागि टाइम कार्ड लागू गर्ने। | सबै सेवा प्रदायक निकाय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय सतर्कता केन्द्र | ३ महिना | राष्ट्रिय सतर्कता केन्द्र | टाइम कार्ड प्रणाली लागू भएको। | स्रोत र साधनको कमी, कार्यबोझ र प्रक्रियागत जटिलता। | ५, १० |
| २.१.११ | उच्च मूल्यका ठेक्काको रियलटाइम अनुगमन ड्यासबोर्ड सञ्चालन गर्ने। | सार्वजनिक खरिद अनुगमन कार्यालय | सम्बन्धित आयोजना प्रमुख, राष्ट्रिय सतर्कता केन्द्र | ६ महिना | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | रियलटाइम अनुगमन ड्यासबोर्ड कार्यान्वयनमा आएको। | फिल्डस्तरबाट तथ्याङ्क प्रविष्टिमा ढिलाइ। | ५, ९, १३ |
| २.१.१२ | सार्वजनिक सेवा प्रवाहमा ढिलाइ भएमा माथिल्लो निकायलाई जानकारी हुने Automatic Delay Alert System लागू गर्ने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सूचना प्रविधि तथा विद्युतीय शासन कार्यालय, सबै मन्त्रालयहरू | १ वर्ष | राष्ट्रिय सतर्कता केन्द्र | तोकिएको समयभन्दा ढिला भएमा स्वचालित अलर्ट जाने प्रणाली। | प्राविधिक अवरोध र जवाफदेहिता वहनमा हुने आलटाल। | ५, ७, ८ |
| २.१.१३ | तोकिएको समयमा सेवा प्राप्त नभएमा | सम्बन्धित सेवा प्रदायक | सबै मन्त्रालय र | १ वर्ष | प्रधानमन्त्री तथा | स्वचालित रूपमा | इन्टरनेट र प्राविधिक | ५, ७, ८ |



पुष्कर सापकोटा
सचिव

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सोको जानकारी माथिल्लो तहमा स्वतः पुग्ने गरी स्वचालित सोपानक्रमिक प्रेषण संयन्त्र (Automatic Service Escalation Mechanism )सञ्चालन गर्ने। | निकाय | विभागहरू | | मन्त्रिपरिषद्को कार्यालय र राष्ट्रिय सतर्कता केन्द्र | विलम्बको सूचना र जिम्मेवारी सार्ने डिजिटल प्रणाली सञ्चालन। | पूर्वाधारको पहुँचमा असमानता। | |
| **कार्यनीतिः २.२: नवीनतम प्रविधिको उपयोग गरी भ्रष्टाचार नियन्त्रणसँग सम्बन्धित निकायको संस्थागत सुदृढीकरण गर्ने र पदाधिकारी तथा कर्मचारीको दक्षता बढाउने।** | | | | | | | | |
| **क्र.सं.** | **क्रियाकलाप** | **जिम्मेवार निकाय** | **सहयोगी निकाय** | **समयावधि** | **अनुगमन गर्ने निकाय** | **उपलब्धि सूचक** | **जोखिम तथा सीमा** | **भ्रष्टाचार विरुद्धको संं.रा.सं.महासन्धिको सम्बन्धित धारा** |
| २.२.१ | सार्वजनिक खरिद, बजेट, लेखा र राजस्व प्रशासन प्रणालीमा पारदर्शिता, प्रतिस्पर्धा र मूल्य–लाभ सुनिश्चित गर्न डिजिटल र जोखिममा आधारित नियन्त्रण संयन्त्र विकास तथा कार्यान्वयन गर्ने। | सम्बन्धित मन्त्रालय वा निकाय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय सतर्कता केन्द्र | निरन्तर (पहिलो देखि–५ वर्ष) | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सम्बन्धित नीति, प्रणाली वा संरचना कार्यान्वयनमा आएको हुने। | प्राविधिक क्षमताको कमी, डिजिटल दुरूपयोगको जोखिम। | ५, ९, १० |
| २.२.२ | स्थानीय तहसम्मका कार्यालयमा उच्च गतिको इन्टरनेट पहुँचको व्यवस्था गर्ने। | सूचना प्रविधि तथा विद्युतीय शासन कार्यालय | भूमि व्यवस्था, सहकारी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय; सूचना प्रविधि तथा विद्युतीय शासन कार्यालय; दुरसञ्चार संस्थान | ६ महिना | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश सरकार, संवैधानिक निकाय | नेपालका सबै स्थानमा इन्टरनेटको व्यवस्था भएको हुने। | दुर्गम क्षेत्रमा पूर्वाधार विकासको चुनौती; उच्च सञ्चालन तथा मर्मत लागत; र असमान पहुँचको जोखिम। | १०, १३ |
| २.२.३ | सरकारी कर्मचारी, बैंक कर्मचारी, प्रविधि विज्ञ, प्रहरी समेतलाई डिजिटल साक्षरता लगायतको प्रविधि प्रयोगमा क्षमता अभिवृद्धि गर्ने। | सम्बन्धित मन्त्रालय, निकाय | सूचना प्रविधि तथा विद्युतीय शासन कार्यालय, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, नेपाल राष्ट्र बैंक, प्रहरी तालिम केन्द्र | निरन्तर | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | तालिममार्फत क्षमता अभिवृद्धि भएको हुने। | प्रणाली सञ्चालनमा तालिम प्राप्त जनशक्ति पर्याप्त नहुने जोखिम। | ७, ६० |



पुष्कर सापकोटा
सचिव

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २.२.४ | अख्तियार दुरूपयोग अनुसन्धान आयोग, प्रहरी कार्यालय, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, सूचना प्रविधि तथा विद्युतीय शासन कार्यालय र न्यायपालिकाबीच सूचनाको द्रुत आदान प्रदान र समन्वय कायम गर्नेगरी प्रभावकारी सूचना तथा समन्वय संयन्त्रको स्थापना गर्ने। | सूचना प्रविधि तथा विद्युतीय शासन कार्यालय | अख्तियार दुरूपयोग अनुसन्धान आयोग, गृह मन्त्रालय, सूचना प्रविधि तथा विद्युतीय शासन कार्यालय, सर्वोच्च अदालत, महान्यायाधिवक्ताको कार्यालय | २ महिना र निरन्तर | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सर्वोच्च अदालत, महान्यायाधिवक्ताको कार्यालय। | प्रभावकारी सूचना तथा समन्वय संयन्त्रको स्थापना भएको हुने। | गोपनीयता र अधिकार क्षेत्र विवाद; संस्थागत समन्वय कमजोर हुनसक्ने; र प्रविधि मापदण्ड असंगत हुनसक्ने। | ३६, ३८, ४८, ४९ |
| २.२.५ | सार्वजनिक खरिदमा सहभागी कम्पनीहरूको वास्तविक स्वामित्व अनिवार्य रूपमा खुलाउने व्यवस्था गर्ने। | कम्पनी रजिष्ट्रारको कार्यालय, सार्वजनिक खरिद अनुगमन कार्यालय | नेपाल राष्ट्र बैंक, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग | ३ महिना | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | वास्तविक स्वामित्व खुलाउने कानूनी तथा प्राविधिक व्यवस्था भएको। | कम्पनीहरूको अपारदर्शी संरचना र सूचना लुकाउने प्रवृत्ति। | ५, ९, १२ |
| २.२.६ | स्थानीय तहका योजना तथा आयोजनाको जियो ट्यागिङ्ग सहित डिजिटल अनुगमन गर्ने। | सम्बन्धित अनुगमन गर्ने निकाय | सबै स्थानीय तह, राष्ट्रिय योजना आयोग | १ वर्ष | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | Geo-tagging प्रणाली मार्फत भौतिक प्रगति अनुगमन भएको। | दुर्गम क्षेत्रमा इन्टरनेट पहुँच र प्राविधिक जनशक्तिको कमी। | ५, ९, १३ |
| २.२.७ | एआइमा आधारित भ्रष्टाचार जोखिम एनालिटिक्स प्लेटफर्म निर्माण गर्ने। | राष्ट्रिय सतर्कता केन्द्र | अख्तियार दुरुपयोग अनुसन्धान आयोग, नेपाल राष्ट्र बैंक | २ वर्ष | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | भ्रष्टाचारका जोखिम क्षेत्र पहिचान गर्ने AI प्लेटफर्म तयार भएको। | ठूलो परिमाणको डेटा (Big Data) व्यवस्थापन र सुरक्षा। | ५, ६ |
| २.२.८ | सार्वजनिक ठेक्कामा सदाचार सम्झौता (Integrity Pact) प्रणाली लागू गर्ने। | सार्वजनिक खरिद अनुगमन कार्यालय | सबै सार्वजनिक निकाय, ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल | ६ महिना | राष्ट्रिय सतर्कता केन्द्र | उच्च मूल्यका ठेक्कामा अनिवार्य Integrity Pact लागू भएको। | सम्झौताको पालना नहुने र औपचारिकतामा मात्र सीमित हुने जोखिम। | ५, ९, १३ |
| २.२.९ | भ्रष्टाचार जोखिमयुक्त क्षेत्रहरूको डिजिटल जोखिम घनत्व मानचित्र (Digital Risk Heatmap) तयार गर्ने। | राष्ट्रिय सतर्कता केन्द्र | अख्तियार दुरुपयोग अनुसन्धान आयोग, नेपाल प्रहरी | २ वर्ष | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | भौगोलिक र क्षेत्रगत आधारमा भ्रष्टाचारको जोखिम नक्सा तयार भएको। | तथ्याङ्क सङ्कलनमा हुने पूर्वाग्रह र सुरक्षा संवेदनशीलता। | ५, ६, १५ |
| २.२.१० | बारम्बार गल्ती गर्ने ठेकेदार र | सार्वजनिक खरिद | निर्माण व्यवसायी | १ वर्ष | प्रधानमन्त्री तथा | कालोसूचीमा परेका र | गलत तथ्याङ्क प्रविष्टि | ९, १२ |



पुष्कर सापकोटा
सचिव

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कालोसूचीमा परेका कम्पनीहरूको एकीकृत डाटाबेस (Repeat Offender Integrated Database) सञ्चालन गर्ने। | अनुगमन कार्यालय | महासङ्घ, सबै सार्वजनिक निकाय | | मन्त्रिपरिषद्को कार्यालय | जोखिमयुक्त निर्माण व्यवसायीको एकीकृत पोर्टल सञ्चालन। | र नाम परिवर्तन गरी काम गर्ने प्रवृत्ति। | |
| २.२.११ | भेरिएसन आदेशको अधिकतम सीमा तथा स्वीकृति प्रक्रिया कडाइका साथ लागू गर्ने। | सम्बन्धित निकाय, सार्वजनिक खरिद अनुगमन कार्यालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ३ महिना | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | भेरिएसन सम्बन्धी कडा मापदण्ड लागू भएको। | प्राविधिक जटिलता र डिजाइनमा हुने त्रुटि। | ५, ९ |

**कार्यनीति २.३: राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा सहकार्य गरी क्रिप्टो करेन्सी लगायतका भर्चुअल करेन्सी सम्बन्धी कसूर नियन्त्रण गर्ने।**

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | अनुगमन गर्ने निकाय | उपलब्धि सूचक | जोखिम तथा सीमा | भ्रष्टाचार विरुद्धको सं.रा.सं.महासन्धिको सम्बन्धित धारा |
|---|---|---|---|---|---|---|---|---|
| २.३.१ | क्रिप्टो सम्पत्ति, टोकन वा NFT (Non Fungible Token) सम्बन्धमा नीतिगत स्पष्टता गर्ने, सीमापार कारोबार अनुगमन सम्बन्धी रूपरेखा निर्माण र Block Chain Surveillance Tool प्रयोग गर्नेगरी ब्लकचेन निगरानी प्रणाली स्थापना गर्ने। | अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक | राजस्व अनुसन्धान विभाग, नेपाल प्रहरी | १ वर्ष | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | क्रिप्टो सम्पत्ति, टोकन वा NFT सम्बन्धमा नीतिगत स्पष्टता र सीमापार कारोबार अनुमगन फ्रेमवर्क र ब्लकचेन निगरानी प्रणाली स्थापना भएको हुने। | सीमापार भएकाले प्रविधिमा पूर्ण नियन्त्रण कठिन; प्राविधिक जटिलता र उच्च लागत; गोपनीयता तथा कानूनी विवादको जोखिम। | १४, ५२, ५४, ६० |
| २.३.२ | क्रिप्टो सम्बन्धी परिभाषा गर्ने, भ्रष्टाचारजन्य क्रियाकलापबाट आर्जित सम्पत्ति आङ्कवादी गतिविधिमा प्रयोग गर्नबाट रोक्न र क्रिप्टो कारोबारलाई नियन्त्रण गर्न ब्लकचेन, स्मार्ट कन्ट्याक्ट, मिक्सिङ टुल्सहरू प्रयोग गर्ने, Crypto Traffic Detection System (नेपालबाट एक्सचेन्जमा प्रत्यक्ष पहुँच रोक्न), Financial Fraud Analytics System (क्रिप्टो खरिद बिक्री मा प्रयोग हुने बैंक | अर्थ मन्त्रालय; कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, नेपाल राष्ट्र बैंक | नेपाल प्रहरी, सङ्घीय संसद | १ वर्ष | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | क्रिप्टो सम्बन्धी स्पष्ट व्यवस्था हुनेगरी नेपाल राष्ट्र बैंक ऐनमा संशोधन भएको हुने वा छुट्टै क्रिप्टो सम्पत्ति सम्बन्धी नयाँ कानून निर्माण भएको हुने। | अत्यधिक कडाइले वैध नवप्रवर्तन प्रभावित हुनसक्ने; प्रविधि छिटो परिवर्तन हुनेहुँदा कानून अप्रासङ्गिक हुने जोखिम; कार्यान्वयन क्षमता बढाउने चुनैति हुनसक्ने। | १४, २३, ३१, ५२ |

पुष्कर सापकोटा
सचिव

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | खाता पहिचान गर्न) र Unified KYC Data Infrastructure , Biometric and Document Verification , Risk based Scoring समेतका माध्यमबाट फर्जि खाताबाट हुने क्रिप्टो कारोबार रोक्ने गरी नेपाल राष्ट्र बैंक ऐन, २०५८ मा संशोधन गर्ने वा नयाँ कानून बनाउने। | | | | | | | |
| २.३.३ | क्रिप्टो कारोबार नियन्त्रणलाई प्रभावकारी बनाउन अख्तियार दुरूपयोग अनुसन्धान आयोग, नेपाल राष्ट्र बैंक, नेपाल दूरसञ्चार प्राधिकरण, सूचना तथा सञ्चार मन्त्रालय, विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय, साईवर व्यूरो तथा अन्तर्राष्ट्रिय संस्थाहरू INTERPOL, FATF (Financial Action Task Force), Block Chain Analysis Firms बीचमा सहकार्य तथा समन्वय गर्ने। | अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, नेपाल प्रहरी | अख्तियार दुरूपयोग अनुसन्धान आयोग | १ वर्ष र निरन्तर | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय। | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थाबीच संस्थागत सहकार्य र समन्वय भएको हुने। | संस्थागत अधिकार क्षेत्रबारे सवाल उठ्न सक्ने; अन्तर्राष्ट्रिय सहकार्य ढिलो वा सीमित हुने जोखिम; सूचना साझेदारीमा गोपनीयताको चुनौती। | ३६, ३८, ४८, ४९, ६० |

**कार्यनीति २.४: भ्रष्टाचारको संभाव्य क्षेत्रको पहिचान गरी उक्त क्षेत्रको क्रियाकलापमा निगरानी तथा अनुगमन एवम् मूल्याङ्कनको व्यवस्था गर्ने।**

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | अनुगमन गर्ने निकाय | उपलब्धि सूचक | जोखिम तथा सीमा | भ्रष्टाचार विरुद्धको सं.रा.सं.महासन्धिको सम्बन्धित धारा |
|---|---|---|---|---|---|---|---|---|
| २.४.१ | भ्रष्टाचारको संभाव्य क्षेत्र, निकाय तथा पद तथा जिम्मेवारीको पहिचान गरी सोको आधारमा निगरानी, नियन्त्रण र अनुगमन (Risk mapping and mitigating strategy) गर्ने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय सतर्कता केन्द्र | अख्तियार दुरूपयोग अनुसन्धान आयोग, तीनै तहका सरकार | निरन्तर | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | भ्रष्टाचारको संभाव्य क्षेत्र, निकाय तथा पदको पहिचान भई, निगरानी र अनुगमन भएको हुने। | राष्ट्रिय सतर्कता केन्द्रको सीमित क्षमता। | ५, ६, ७, ९, १० |
| २.४.२ | सबै सार्वजनिक निकायमा आचारसंहिता निर्माण गरी कार्यान्वयन गर्ने र सोको उल्लङ्घन भएमा विभागीय कारबाही हुने व्यवस्थाको सुनिश्चितता गर्ने। | तीनै तहका सरकार, सम्बन्धित सबै सार्वजनिक निकाय | राष्ट्रिय सतर्कता केन्द्र; अख्तियार दुरूपयोग अनुसन्धान आयोग; भूमि व्यवस्था, | १ महिना | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश सरकार र | सबै सार्वजनिक निकायमा आचार संहिता लागू भएको र उल्लङ्घन भएमा | आचारसंहिता परिपालनामा उदासिनता हुनसक्ने। | ५, ७, ८ |



पुष्कर सापकोटा
सचिव

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | | स्थानीय तह | विभागीय कारवाही भएको हुने। | | |
| २.४.३ | जोखिममा आधारित अनुसन्धान पद्धतिलाई सम्पत्ति शुद्धीकरण निवारण प्रणालीको सशक्त आधारस्तम्भका रूपमा अवलम्बन गर्ने। | अर्थ मन्त्रालय,सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग | नेपाल राष्ट्र बैंक, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, नेपाल प्रहरी, राजस्व अनुसन्धान विभाग | १ महिना (निरन्तर कार्यान्वयन) | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | (क) जोखिममा आधारित अनुसन्धान कार्यविधि लागू भएको; (ख) उच्च जोखिम देखिएका केसमा अनुसन्धान भएको; (ग) STR/CTR बाट सुरु भएका अनुसन्धान वृद्धि भएको; (घ) आरोप पुष्टी (conviction) तथा सम्पत्ति जफतको दर बढेको हुने। | जोखिम वर्गीकरण र जोखिममा आधारित पद्धति पूर्ण स्वचालित वा वस्तुनिष्ठ बनाउन कठिन, प्राविधिक क्षमताको कमी हुनसक्ने, गुणस्तरीय डाटामा सीमित पहुँच, अन्तरनिकाय सूचना आदानप्रदान कमजोर हुनसक्ने। | १४, ३१, ३६, ५८ |
| २.४.४ | भ्रष्टाचारमा संलग्न कानूनी व्यक्तिको अपराधिक, देवानी र प्रशासनिक दायित्व स्थापित गरी खासगरी फौजदारी दायित्व हुनेगरी आवश्यक कानूनी व्यवस्था गर्ने। | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय; महान्यायाधिवक्ताको कार्यालय | अख्तियार दुरूपयोग अनुसन्धान आयोग, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, नेपाल राष्ट्र बैंक, सम्बन्धित नियामक निकायहरू | ४ महिना (कानून संशोधन वा नयाँ कानून लागू) | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | (क) कानूनी व्यक्तिको अपराधिक, देवानी, र प्रशासनिक दायित्वसम्बन्धी स्पष्ट कानूनी व्यवस्था लागू भएको; (ख) भ्रष्टाचार कसुरमा कानूनी व्यक्तिविरुद्ध अभियोग दर्ताको संख्या वृद्धि भएको; (ग) कसूर प्रमाणित तथा सम्पत्ति जफतको | "corporate criminal liability" बारे कानूनी विवाद, प्रमाण सङ्कलन तथा जिम्मेवारी निर्धारण जटिल, तथा कार्यान्वयनमा नियामक निकायको क्षमता अभाव। | १४, २६, ३०, ३१ |



पुष्कर सापकोटा
सचिव

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | दरमा सुधार भएको हुने। | | |
| **कार्यनीतिः २.५: भ्रष्टाचार नियन्त्रणका लागि राज्यका निकाय निजी क्षेत्र सरोकारवाला लगायत सबै क्षेत्रको सङ्लग्नतामा प्रवर्धनात्मक कार्यक्रमहरू सञ्चालन गर्ने।** | | | | | | | | |
| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | अनुगमन गर्ने निकाय | उपलब्धि सूचक | जोखिम तथा सीमा | भ्रष्टाचार विरुद्धको सं.रा.सं.महासन्धिको सम्बन्धित धारा |
| २.५.१ | नागरिक समाज, गैरसरकारी तथा सामुदायिक संस्था र निजी क्षेत्रको सहभागितामा भ्रष्टाचार विरुद्धको सचेतनामूलक कार्यक्रम सङ्घ, प्रदेश र स्थानीय तहमा सञ्चालन गर्ने। | राष्ट्रिय सतर्कता केन्द्र, नागरिक समाज, गैरसरकारी संस्था तथा सामुदायिक संस्था र निजी क्षेत्रका छाता सङ्गठनहरू | सूचना प्रविधि तथा विद्युतीय शासन कार्यालय, रेडियो नेपाल, नेपाल टेलिभिजन लगायतका सञ्चार माध्यम, नागरिक समाज, प्रदेश सरकार र स्थानीय तह | निरन्तर | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | वार्षिक रूपमा सम्पन्न गरिएका चेतनामूलक कार्यक्रमको सङ्ख्या, भ्रष्टाचार नियन्त्रणमा सक्रिय नागरिक समाज सम्मानित हुने। | स्पष्ट मापदण्ड नभएमा कार्यक्रम औपचारिकतामा सीमित हुनसक्ने; र दिगोपनाको चुनौती। | ५, १०, १३ |
| २.५.२ | विद्यालयस्तरको पाठ्यक्रममा "भ्रष्टाचार समाज विरुद्धको अपराध" भन्ने विषयलाई समावेश गरी भ्रष्टाचार विरुद्ध सामाजिक सचेतना जगाउने। | शिक्षा तथा खेलकुद मन्त्रालय | पाठ्यक्रम विकास केन्द्र, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र | १ वर्षभित्र र निरन्तर | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | विद्यालयस्तरको पाठ्यक्रममा भ्रष्टाचार विरुद्धको विषय समावेश भएको हुने। | पाठ्यक्रम अद्यावधिक गर्ने कार्यको स्थापित प्रणाली हुँदा ढिलो हुनसक्ने। | १३ |
| २.५.३ | शैक्षिक तथा प्रशासनिक क्षेत्रमा नैतिकता तथा आचरण सम्बन्धी छुट्टै कोर्स अध्ययन/अध्यापन हुने गरी नैतिकवान संस्थाको रूपमा विकास गर्ने। | शिक्षा तथा खेलकूद मन्त्रालय; भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय; संवैधानिक निकाय | सम्बन्धित विभाग, नियामक निकाय तथा अन्य सरोकारवाला निकाय वा संस्था | निरन्तर | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय सतर्कता केन्द्र | शैक्षिक तथा प्रशासनिक संस्थाका पदाधिकारी तथा कर्मचारी नैतिकवान भएको हुने। | नैतिकताको मापनमा जटिलता हुने र मूल्याङ्कन संयन्त्र वस्तुनिष्ट नहुन सक्ने। | ७, ८ |
| २.५.४ | भ्रष्टाचार विरुद्धको जनचेतना अभिवृद्धिका लागि सूचना, शिक्षा तथा सञ्चार | तीनै तहका सरकार, अख्तियार दुरुपयोग | शिक्षा तथा खेलकूद मन्त्रालय; सूचना | १ महिना र निरन्तर | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को | सूचना शिक्षा तथा सञ्चार सामग्रीको तयारी र | सन्देश लक्षित समूहसम्म पुगनमा | १०, १३ |

पुष्कर सापकोटा
सचिव

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | (Information, Education Communication) सामग्रीको तयारी र वितरण गर्ने। | अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र | प्रविधि तथा विद्युतीय शासन कार्यालय, प्रदेश सरकार र स्थानीय तह | | कार्यालय | वितरण भएको हुने। | समस्या हुनसक्ने; स्रोतको अपव्यय हुनसक्ने। | |
| २.५.५ | कालो बजारी, मिलेमतो, कृत्रिम अभाव तथा अनैतिक लेनदेनलाई पूर्ण रूपमा निरुत्साहित गर्न निजि क्षेत्रको छाता संगठनलाई क्रियाशील गराउने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | सम्बन्धित मन्त्रालय वा सम्बन्धित विभाग, नियामक निकाय तथा अन्य सरोकारवाला संस्था | १ महिना र निरन्तर | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय सतर्कता केन्द्र | निजि क्षेत्रको छाता संगठनहरू सक्रिय भै कालो बजारी, मिलेमतो, कृत्रिम अभाव तथा अनैतिक लेनदेन नियन्त्रण भएको हुने। | निजी क्षेत्रको प्रतिरोध; स्वनियमन कमजोर; स्वार्थको द्वन्द्व हुनसक्ने। | ५, १२ |
| २.५.६ | स्थानीय तहमा भ्रष्टाचार विरुद्ध नागरिक निगरानी संस्था (Citizen Jury) वा नागरिक क्लब गठन र विस्तार गर्ने। | स्थानीय तह, नेपाल नगरपालिका सङ्घ र गाउँपालिका राष्ट्रिय महासङ्घ नेपाल | अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र, नागरिक समाज | ३ महिना र निरन्तर | नेपाल नगरपालिका सङ्घ र गाउँपालिका राष्ट्रिय महासङ्घ नेपाल, राष्ट्रिय सतर्कता केन्द्र | भ्रष्टाचार विरुद्ध सबै जिल्लामा नागरिक निगरानी संस्था (Citizen Jury) गठन तथा विस्तार भएको हुने। | अस्पष्ट कानूनी हैसियत; दुरूपयोग वा राजनीतिकरण; सामाजिक अवरोध हुनसक्ने। | १३ |
| २.५.७ | व्यक्तिको सम्पत्तिको स्रोतको पहिचान गर्ने र गलत तरिकाबाट आम्दानी गरेको सम्पत्तिको अस्वीकृतिको संस्कृति (Culture of rejection) विकास गर्ने। | सबै सरकारी मन्त्रालय, निकाय वा संवैधानिक निकाय | सम्बन्धित विभाग, नियामक निकाय, नागरिक समाज तथा अन्य सरोकारवाला संस्था | निरन्तर | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय सतर्कता केन्द्र | समाजमा गलत तरिकाबाट आम्दानी गरेको सम्पत्तिको अस्वीकृतिको संस्कृति विकास भएको हुने। | सामाजिक प्रतिरोध हुनसक्ने। | ५, १३, ५२ |
| २.५.८ | सत्य, निष्पक्ष र विश्वासनीय स्रोतमा आधारित सूचना सम्प्रेषण गर्न सञ्चार क्षेत्रलाई प्रोत्साहन गर्ने। | सूचना प्रविधि तथा विद्युतीय शासन कार्यालय | सम्बन्धित मन्त्रालय वा संवैधानिक निकाय, सम्बन्धित विभाग, नियामक निकाय तथा अन्य सरोकारवाला संस्था | निरन्तर | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सञ्चारमाध्यमबट प्रकाशित प्रसारित सूचना तथ्यपरक र विश्वसनीय भएको हुने। | सञ्चार क्षेत्रको अस्था र झुकावले गर्दा निष्पक्षता र विश्वासनीयतामा सवाल उठ्नसक्ने। | १०, १३ |
| २.५.९ | सदाचार प्रवर्धनबाट सुशासन र समृद्धि | संवैधानिक निकाय र | प्रधानमन्त्री तथा | ६ महिनामा | प्रधानमन्त्री तथा | सबै राष्ट्रसेवकले | स्वमूल्याङ्कन | ५,७,८ |



पुष्कर सापकोटा
सचिव

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | भन्ने नारा सहित स्वजारण, स्वमूल्याङ्कन र स्वनियमनका कार्यक्रम तालिम केन्द्रहरूले सञ्चालन गर्ने। | सम्बन्धित तीनै तहका सरकार र सार्वजनिक निकाय, राष्ट्रिय सतर्कता केन्द्र | मन्त्रिपरिषद्को कार्यालय; भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय; योग ध्यान सञ्चालन गर्ने संस्था | तालिमको मोड्यूल तयार गरी निरन्तर सञ्चालन | मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय सतर्कता केन्द्र | स्वजागरण सम्बन्धी तालिम पाई व्यवहार परिवर्तन भएबाट भ्रष्टाचारका उजुरी घटेको हुने। | औपचारिक हुने; र तालिमको परिणाम मापन कठिन हुनसक्ने। | |
| २.५.१० | वैयक्तिक सत्यनिष्ठा सूचक (Individual Integrity Index) विकास गरी सबै राष्ट्रसेवकको वृत्ति विकाससँग आवद्ध गर्ने गरी सम्बन्धित ऐनमा व्यवस्था गर्ने। | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय; अन्य सम्बन्धित निकाय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, लोक सेवा आयोग, राष्ट्रिय सतर्कता केन्द्र | ६ महिना | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | Individual Integrity Index कानूनद्वारा स्थापित भै कर्मचारीको वृत्ति विकाससँग आबद्ध भएको हुने। | मापन सूचकको वस्तुगनिष्ठता सुनिश्चित गर्न कठिन, कर्मचारी प्रतिरोध, गोपनीयताको सवाल उठ्नसक्ने। | ७, ८ |
| २.५.११ | विद्यालय तहका विद्यार्थीमा वित्तीय साक्षरता, जिम्मेवारी र नैतिक व्यवहार विकास गर्न बैंक तथा वित्तीय संस्थाहरूको सहकार्यमा वित्तीय अपराध साक्षरता कार्यक्रम सञ्चालन गर्ने। | शिक्षा तथा खेलकूद मन्त्रालय; शिक्षा तथा मानव स्रोत विकास केन्द्र | अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, स्थानीय तह | निरन्तर | स्थानीय तह | पाठ्यक्रम तर्जुमा भएको, कार्यक्रम र सहभागी विद्यार्थी संख्या। | कार्यान्वयनलाई निरन्तरता दिन कठिन, विद्यार्थीको पहुँच सीमित हुनसक्ने। | ३, १३,६० |
| २.५.१२ | वित्तीय अपराधप्रति सचेत बनाउन बैङ्क तथा वित्तीय संस्थाहरूको सहकार्यमा युवाहरूका लागि वित्तीय अपराध साक्षरता कार्यक्रम सञ्चालन गर्ने। | युवा, श्रम तथा रोजगार मन्त्रालय; अर्थ मन्त्रालय; बैङ्क तथा वित्तीय संस्थाहरू | नेपाल राष्ट्र बैङ्क, FIU, गैरसरकारी संस्थाहरू | निरन्तर | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कार्यक्रम सङ्ख्या, सहभागी युवा सङ्ख्या | युवाको पहुँच सीमित हुन सक्ने। | १३,६० |
| २.५.१३ | युवाहरूका लागि सार्वजनिक सम्पत्तिको पवित्रता र त्यसको संरक्षणप्रतिको जिम्मेवारीबोध गर्ने कार्यक्रम सञ्चालन गर्ने। | युवा, श्रम तथा रोजगार मन्त्रालय | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय; प्रदेश सरकार र स्थानीय तह | निरन्तर | राष्ट्रिय सतर्कता केन्द्र | सचेतना कार्यक्रमको संख्या, सहभागी युवाको संख्या। | व्यवहार परिवर्तन मापन कठिन हुने। | ५, १३ |
| २.५.१४ | व्यावसायिक प्रतिष्ठानले व्यावसायिक | उद्योग, वाणिज्य तथा | निजी क्षेत्रका छाता | ३ महिना | प्रधानमन्त्री तथा | आचारसंहिता लागू | निजी क्षेत्रको सीमित | १२, २६ |



पुष्कर सापकोटा
सचिव

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सत्यनिष्ठा आचारसंहिता (Code of Business Integrity) तर्जुमा गरी लागू गर्ने र फर्म/कम्पनीका छाता संगठनहरूले भ्रष्टाचार विरोधी अनुपालन कार्यक्रम (Anti-corruption Compliance Programs) सञ्चालन गर्ने। | आपूर्ति मन्त्रालय; व्यावसायिक छाता संगठनहरू | संगठनहरू | र निरन्तर | मन्त्रिपरिषद्को कार्यालय | प्रतिष्ठानको संख्या र कार्यक्रम संख्या। | प्रतिबद्धता तथा आचारसिंहता पालना कमजोर हुनसक्ने। | |
| २.५.१५ | उच्च जोखिम सार्वजनिक पदाधिकारीको जीवनशैली परीक्षण (Lifestyle Audit) प्रणाली लागू गर्ने। | राष्ट्रिय सतर्कता केन्द्र | अख्तियार दुरुपयोग अनुसन्धान आयोग, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग | १ वर्ष | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | जीवनशैली परीक्षण कार्यविधि र प्रणाली कार्यान्वयन भएको। | निजी गोपनीयताको प्रश्न र ट्याकिङ्ग प्रणाली निर्माणमा जटिलता। | ५, ७, ८, २० |
| २.५.१६ | भ्रष्टाचारको दृष्टिले उच्च जोखिम भएका पदमा निश्चित अवधि भन्दा बढी बस्न नपाइने गरी चक्रीय सरुवा प्रणाली (Rotational Transfer System) लागू गर्ने। | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | सबै सरकारी निकाय र सुरक्षा निकायहरू | १ वर्ष | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | उच्च जोखिमयुक्त पदको पहिचान र सरुवा प्रणालीमा चक्रिय व्यवस्था लागू भएको। | राजनीतिक तथा प्रशासनिक हस्तक्षेप, विशेषज्ञताको अभाव हुनसक्ने। | ७, ८ |
| २.५.१७ | सार्वजनिक कर्मचारीहरूका लागि अनिवार्य नैतिकता प्रमाणीकरण कार्यक्रम (Ethics Certification Program) सञ्चालन गर्ने। | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान (NASC) | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय; राष्ट्रिय सतर्कता केन्द्र | १ वर्ष | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कर्मचारीहरूले नैतिकता सम्बन्धी प्रमाणीकरण तालिम प्राप्त गरेको। | तालिमलाई केवल औपचारिकतामा मात्र सीमित राख्ने प्रवृत्ति। | ७, ८ |
| २.५.१८ | पदाधिकारी तथा कर्मचारीको सम्पत्ति विवरणलाई "डिजिटल सम्पत्ति अभिलेख" मा अन्तरआवद्ध गरी जोखिम पहिचान प्रणाली विकास गर्ने। | नेपाल राष्ट्र बैङ्क, वित्तीय जानकारी इकाई | भूमि व्यवस्थापन तथा अभिलेख विभाग, आन्तरिक राजस्व विभाग, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक | ३ महिना | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | एकीकृत "डिजिटल सम्पत्ति अभिलेख" प्रणाली सञ्चालनमा आएको। | डाटा अन्तरआबद्धता (Inter-operability) मा प्राविधिक जटिलता। | ५, ७, ८, ५२ |

पुष्कर सापकोटा
सचिव

| रणनीतिक स्तम्भ ३: सबै क्षेत्रमा हुने भ्रष्टाचारजन्य कार्यलाई अपराधीकरण गर्ने र राज्यलाई हानि नोक्सानी भएको वा अनुचित लाभ लिए दिएकोमा कारबाही गर्न नीति तथा कानूनी व्यवस्थाको कार्यान्वयनमा सुधार। | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| कार्यनीति ३.१: सरकारी निकाय, सहकारी क्षेत्र, पब्लिक वा प्राइभेट कम्पनी र अन्य कुनै निजी सङ्घसंस्थामा हुने भ्रष्टाचार निवारण गर्न प्रभावकारी रूपमा कानून कार्यान्वयन गर्ने। | | | | | | | | |
| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | अनुगमन गर्ने निकाय | उपलब्धि सूचक | जोखिम तथा सीमा | भ्रष्टाचार विरुद्धको सं.रा.सं.महासन्धिको सम्बन्धित धारा |
| ३.१.१ | सहकारी क्षेत्र र सार्वजनिक वा निजी कम्पनी वा अन्य कुनै निजी सङ्घसंस्थामा हुने भ्रष्टाचारको परिभाषा, भ्रष्टाचारजन्य कसूर र सजाय, निजी क्षेत्रको सम्पत्ति हिनामिना वा नोक्सानीको बिगो भराउने, अनुसन्धान, तहकिकात एवम् अभियोजन गर्ने निकाय तथा मुद्दा हेर्ने निकाय समेत तोक्नेगरी नयाँ भ्रष्टाचार निवारण ऐन तर्जुमा गर्ने। | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय; व्यवस्थापिका संसद | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय; अर्थ मन्त्रालय; अख्तियार दुरूपयोग अनुसन्धान आयोग; नेपाल राष्ट्र बैंक; सहकारी विभाग; नेपाल प्रहरी | ६ महिना | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सहकारी क्षेत्र र सार्वजनिक वा निजी कम्पनी वा अन्य कुनै निजी सङ्घसंस्थामा हुने भ्रष्टाचार निवारण गर्न नयाँ कानूनको निर्माण भएको हुने। | निजी क्षेत्रको प्रतिरोध, अधिकारक्षेत्र सम्बन्धी विवाद, कार्यान्वयनमा कमीकमजोरी हुनसक्ने। | १२, २१, २२, २६, ३०, ३६ |
| ३.१.२ | व्यापारिक प्रतिस्पर्धामा घटाउने (Competition manipulation) क्रियाकलापबाट भ्रष्टाचार हुनसक्ने कार्यलाई दण्डनीय बनाउने। | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय; व्यवस्थापिका संसद | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय; सार्वजनिक खरिद अनुगमन कार्यालय; उपभोक्ता अदालत | ६ महिना | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | नयाँ कानूनी प्रावधान लागू भएको, दर्ता तथा कारबाही भएका मुद्दाको संख्या। | निजी क्षेत्रले प्रतिरोध गर्नसक्ने र कसुरको पुष्टयाइँमा प्रमाण सङ्कलनको जटिलता हुनसक्ने। | १२, २१ |
| ३.१.३ | जारी हुने नयाँ भ्रष्टाचार निवारण ऐनका प्रावधानसँग तादाम्यता हुनेगरी निजी क्षेत्रसँग सम्वद्ध प्रचलित कानून संशोधन गर्ने। | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय; उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय; व्यवस्थापिका संसद। | सम्बन्धित मन्त्रालय तथा नियमनकारी निकाय, अख्तियार दुरूपयोग अनुसन्धान आयोग | १ वर्ष | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | संस्था दर्ता ऐन, २०३४, कम्पनी ऐन, २०६३, प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४, साझेदारी ऐन, २०२०, सहकारी ऐन, २०७४, बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३, लगायतका | कानून संशोधनमा ढिलाइ हुनसक्ने र संसदबाट समयमै पारित गर्न कठिनाइ हुनसक्ने। | १२, २१, २२, २६ |

पुष्कर सापकोटा
सचिव

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | कानून भ्रष्टाचार निवारणका लागि जारी हुने नयाँ ऐनसँग मेल खानेगरी संशोधन भएको हुने। | | |
| ३.१.४ | कम्पनी, प्राइभेट फर्म, साझेदारी फर्म, अन्य निजी सङ्घसंस्था तथा सहकारी क्षेत्रमा हुने सबै प्रकारका अनियमितता वा भ्रष्टाचार सम्बन्धी काम कारबाहीलाई निरुत्साहित गर्न मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को घरजग्गा लिखत पारित सम्बन्धी कानूनी व्यवस्था लगायत निजी क्षेत्रसँग सम्बन्धित अन्य ऐनमा समयानुकूल परिमार्जन तथा संशोधन गर्ने। | सम्बन्धित मन्त्रालय वा निकाय | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय; उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय; अर्थ मन्त्रालय; गृह मन्त्रालय; अख्तियार दुरूपयोग अनुसन्धान आयोग | ६ महिना | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय सतर्कता केन्द्र | सम्बन्धित कानून परिमार्जन भएको हुने। | संशोधन भएको कानून कार्यान्वयन र अनुगमन प्रभावकारी बनाउन जटिलता हुनसक्ने। | ५, १२, २१, २२, २६ |
| ३.१.५ | निजी क्षेत्रको आर्थिक वित्तीय वा व्यापारिक क्रियाकलापमा घूस लिनेदिने कार्यलाई दण्डनीय बनाउने। | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय; व्यवस्थापिका संसद | अर्थ मन्त्रालय, उद्योग वाणिज्य महासङ्घ, नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्था, अख्तियार दुरूपयोग अनुसन्धान आयोग | ६ महिना | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | निजी क्षेत्रमा घूसको लेनदेनलाई दण्डनीय बनाउने कानूनी व्यवस्था भएको हुने। | प्रमाण सङ्कलनमा कठिनाइ गोप्य लेनदेन, अभियोजन कमजोर हुनसक्ने। | १२, २१, २६ |
| ३.१.६ | सरकारी वा सार्वजनिक सम्पत्ति हिनामिना वा सार्वजनिक सम्पत्तिमा हानि नोक्सानी पुर्याउने लगायत निजी क्षेत्रबाट हुने भ्रष्टाचारजन्य कार्य नियन्त्रणका लागि कानूनी व्यवस्था गर्ने। | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय;व्यवस्थापिका संसद | अर्थ मन्त्रालय, उद्योग वाणिज्य महासङ्घ, नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्था, अख्तियार दुरूपयोग अनुसन्धान आयोग | ६ महिना | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सरकारी वा सार्वजनिक हानि नोक्सानी पुर्याउने, घुस लिने दिने व्यक्ति वा संस्थालाई दण्डित गर्ने नयाँ कानूनी व्यवस्था लागू भएको हुने। | दायित्व छुट्याउन कठिनाइ, प्रमाण सङ्कलन कठिनाइ, अभियोजन कमजोर भई दीर्घकालीन मुद्दामामिलाको झमेला हुनसक्ने। | १२, १४, १५, १६, १७, २१, २६, ५२ |
| ३.१.७ | सहकारी क्षेत्र र सार्वजनिक वा निजी कम्पनी | कानून; न्याय तथा | भूमि व्यवस्था, सहकारी, | ६ महिना | प्रधानमन्त्री तथा | निजी क्षेत्रको भ्रष्टाचार | लेखा प्रणाली कमजोर, | १२, १४, २१, २२, |



पुष्कर सापकोटा
सचिव

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | वा अन्य कुनै निजी सङ्घसंस्थाले आम्दानी र खर्चको विवरण अभिलेखमा हेरफेर गर्ने/ नजनाउने वा नभएको खर्च देखाउने वा गलत लिखत प्रयोग गर्ने वा स्रेस्तालाई मनसायपूर्वक नष्ट गर्ने लगायतका कार्यलाई दण्डनीय बनाउन कानूनी व्यवस्था गर्ने। | संसदीय व्यवस्था मन्त्रालय; व्यवस्थापिका संसद | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय; अर्थ मन्त्रालय;अख्तियार दुरूपयोग अनुसन्धान आयोग; नेपाल प्रहरी | | मन्त्रिपरिषद्को कार्यालय | निवारणका लागि निजी क्षेत्रसँग सम्बन्धित प्रचलित कानूनमा संशोधन गरी दण्डनीय व्यवस्था लागु भएको हुने। | फर्जी कागजात, अनुगमनका लागि दक्ष जनशक्ति अभाव हुनसक्ने। | २६ |
| ३.१.८ | सहकारी क्षेत्रमा हुने अनियमितता नियन्त्रण गर्न प्रचलित कानूनी तथा संस्थागत व्यवस्थालाई थप प्रभावकारी बनाउने। | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | अर्थ मन्त्रालय, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, नेपाल राष्ट्र बैंक, सहकारी विभाग, नेपाल प्रहरी | निरन्तर | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, संसदीय समिति | मौजुदा कानूनी तथा संस्थागत व्यवस्था प्रभावकारी रूपमा लागू भएको हुने। | फर्जी नाम प्रयोग, डाटा अद्यावधिक नहुनु, अनुगमनका लागि दक्ष जनशक्ति अभाव हुनसक्ने। | ५, १२, २६ |
| ३.१.९ | व्यापार व्यवसायको वास्तविक हिताधिकारी धनी (Beneficial Owner) को पहिचान गर्ने प्रबन्ध गर्ने। | कम्पनी रजिष्ट्रारको कार्यालय | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय; अख्तियार दुरूपयोग अनुसन्धान आयोग; सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग तथा नियमनकारी निकायहरू | निरन्तर | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | निजी क्षेत्रको पारदर्शिताका लागि वास्तविक लाभग्राही (Beneficial Owner) को पहिचानको व्यवस्था भएको हुने। | नगद कारोबार लुकाउने प्रयासलाई निस्तेज पार्ने अभियान तथा अनुगमन कमजोर हुनसक्ने। | १२, १४, ५२ |
| ३.१.१० | निजी क्षेत्रबाट हुने शेयर खरिद बिक्रीलाई नियमित, पारदर्शी र व्यवस्थित तुल्याउन दश लाख रुपैयाँ भन्दा बढी रकमको संस्थागत वा व्यक्तिगत शेयर खरिद बिक्रीको लगत अभिलेख प्रमाणीकरण गर्दा खरिदकर्ताले बिक्रीकर्ताको बैंक खातामा रकम जम्मा गरेको सक्कलै बैंक स्टेटमेण्ट वा सोको भौचर वा बैङ्क ट्रान्स्फरको प्रमाण | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय; अर्थ मन्त्रालय; नेपाल राष्ट्र बैंक | कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड | २ महिनाभित्र | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | दश लाख रुपैयाँ भन्दा बढी रकमको शेयर खरिद बिक्री कारोबारमा अनिवार्य रूपमा सक्कलै बैंक स्टेटमेण्ट वा सोको भौचर वा बैङ्क ट्रान्स्फरको प्रमाण वा | कानून निर्माणमा ढिलाइ, अधिकारक्षेत्र सम्बन्धी विवाद तथा कार्यान्वयन क्षमताको कमी हुनसक्ने। | १२, १४, २१, ५२ |



पुष्कर सापकोटा
सचिव

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | वा A/C Payee चेक समेत देखाई शेयर लगत अभिलेख राखिदिने र त्यसो नगरी भएको कारोबार बदर हुने गरी कम्पनी ऐनमा संशोधन गर्ने। | | | | | A/C Payee चेक पेस गर्नुपर्ने गरी कम्पनी निर्देशिका संशोधन भएको हुने। | | |
| ३.१.११ | निजी क्षेत्रबाट हुने शेयर खरिद बिक्रीलाई नियमित, पारदर्शी र व्यवस्थित तुल्याउन दश लाख रुपैयाँ भन्दा बढी रकमको संस्थागत वा व्यक्तिगत शेयर खरिद बिक्रीको लगत अभिलेख प्रमाणीकरण गर्दा रकम लेनदेनको आधिकारिक प्रमाण पेस नगराई शेयर लगत प्रमाणीकरण भएमा बदर हुने र त्यस्तो कार्य गर्ने कर्मचारीलाई प्रचलित कानून बमोजिम विभागीय कारबाही गर्ने र त्यस्तो शेयर लगत वदर हुनेगरी कम्पनी ऐनमा संशोधन गर्ने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय; अर्थ मन्त्रालय | कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल राष्ट्र बैंक | ३ महिनाभित्र | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | शेयर खरिद बिक्रीमा रकम लेनदेन गरेको प्रमाण नराखी शेयर लगत प्रमाणीकरण गर्ने जिम्मेवार कर्मचारीलाई विभागीय कारबाही हुने र शेयर लगत समेत बदर हुनेगरी कम्पनी निर्देशिका २०७२ मा संशोधन भएको हुने। | कानून निर्माणमा ढिलाइ, प्रमाण सङ्कलन कठिन; मिलेमतोको सम्भावना; अधिकारक्षेत्र सम्बन्धी विवाद हुनसक्ने र कानून कार्यान्वयन प्रभावकारी नहुन सक्ने। | ५, १२, १४, २१, २६, ३६, ५२ |
| ३.१.१२ | निजी क्षेत्रबाट दश लाख रुपैयाँ भन्दा बढी रकमको संस्थागत वा व्यक्तिगत घर जग्गा खरिद बिक्री गर्दा खरिदकर्ताले बिक्रीकर्ताको बैंक खातामा रकम जम्मा गरेको सक्कलै बैंक स्टेटमेण्ट र सोको भौचर वा A/C Payee चेक समेत पेस नगरी घर जग्गाको लिखत पारित गर्न गराउन नहुनेगरी मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को लिखत पारित सम्बन्धी व्यवस्थामा संशोधन गर्ने। | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | अर्थ मन्त्रालय; कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय; भूमि प्रशासन कार्यालय | ४ महिना | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्याल, | घर जग्गा खरिद बिक्रीमा वैंक स्टेटमेण्ट र सोको भौचर वा A/C Payee चेक समेत पेस नगरी घर जग्गाको लिखत पारित गर्न गराउन नहुने गरी मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को व्यवस्थामा संशोधन भएको हुने। | गोप्य/नगद लेनदेन लुकाउने प्रयास, फर्जि कागजात बनाउने जोखिम। | ५, १२, १४, ५२ |
| ३.१.१३ | मुलुकी देवानी कार्यविधि संहिता, २०७४ | भूमि व्यवस्था, सहकारी, | अर्थ मन्त्रालय; कानून | ४ महिना | प्रधानमन्त्री तथा | मुलुकी देवानी कार्यविधि | गोप्य लेनदेन लुकाउने | १४, १५, ३६, ५२ |



पुष्कर सापकोटा
सचिव

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | को लिखत पारित सम्बन्धी संशोधित व्यवस्था बमोजिम खरिदकर्ताले बिक्री कर्ताको बैंक खातामा रकम जम्मा गरेको सक्कलै बैंक स्टेटमेण्ट र सो को भौचर वा A/C Payee चेक समेत पेस नगरी घर जग्गाको लिखत पारित गरे गराएमा जिम्मेवार व्यक्तिलाई विभागीय कारबाही र कानूनी व्यवस्था गर्ने। | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | न्याय तथा संसदीय मामिला मन्त्रालय; अख्तियार दुरूपयोग अनुसन्धान आयोग, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग | | मन्त्रिपरिषद्को कार्यालय | संहिता २०७४ को लिखत पारित सम्बन्धी व्यवस्थामा संशोधन र अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐनमा संशोधन भएको हुने। | प्रयास; कर्मचारी-सेवाग्राही मिलेमतो; अनुसन्धान प्रक्रिया लम्बिनसक्ने जोखिम। | |
| **कार्यनीति ३.२: निजी क्षेत्रका हरेका क्रियाकलापमा सुशासन प्रत्याभूत गर्ने।** | | | | | | | | |
| **क्र.सं.** | **क्रियाकलाप** | **जिम्मेवार निकाय** | **सहयोगी निकाय** | **समयावधि** | **अनुगमन गर्ने निकाय** | **उपलब्धि सूचक** | **जोखिम तथा सीमा** | **भ्रष्टाचार विरुद्धको सं.रा.सं.महासन्धिको सम्बन्धित धारा** |
| ३.२.१ | निजी सङ्घसंस्थाको भ्रष्टाचार समेत समेट्ने गरी निर्माण हुने भ्रष्टाचार निवारण ऐनका प्रावधानसँग तादाम्यता हुनेगरी प्रचलित कानून, निर्देशिका वा मापदण्डमा पुनरावलोकन तथा संशोधन गर्ने र निजी क्षेत्रको आम्दानी र खर्चको लेखा तथा स्रेस्ता राख्ने तरिका एवम् लेखापरीक्षणको मापदण्ड निर्धारण गर्ने। | अर्थ मन्त्रालय, महालेखा परीक्षकको कार्यालय | सम्बन्धित मन्त्रालय तथा निकायहरू, नेपाल चार्टड एकाउन्टेन्ट संस्था | १ वर्ष | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | नयाँ जारी हुने भ्रष्टाचार निवारण ऐनका प्रावधानसँग तादाम्यताता हुनेगरी दूरसञ्चार ऐन, २०५३, नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३, बीमा ऐन, २०७९, नेपाल चार्टर्ड एकाउण्टेण्ट ऐन,२०५३, लगायतमा संशोधन भएको हुने; निजी क्षेत्रको आम्दानी र खर्चको लेखा र स्रेस्ता राख्ने तरिका र लेखापरीक्षणको | कानून संशोधनमा ढिलाइ; निजी क्षेत्रको प्रतिरोध हुनसक्ने। | ५, १२, २१, २६ |



पुष्कर सापकोटा
सचिव

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | मापदण्ड लागू भएको हुने। | | |
| ३.२.२ | निजी सङ्घसंस्थाको काम कारबाहीमा स्वार्थको द्वन्द्व हुन नदिन र व्यवसाय सम्बन्धी काम कारबाहीको उचित सम्पादन गर्न तथा निजी संस्थाको काम कारबाहीमा शुद्धता कायम गर्न आचारसंहिता, निर्देशिका वा मापदण्ड वा कार्यविधि तर्जुमा गरी लागू गर्ने। | सम्बन्धित मन्त्रालय तथा केन्द्रीयस्तरका निकाय, प्रदेश सरकार | सम्बन्धित मन्त्रालय तथा केन्द्रीयस्तरका निकाय, निजी क्षेत्रका छाता संगठनाहरू | २ महिना | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | निजी क्षेत्रसँग सम्बन्धित प्रचलित कानूनमा आवश्यक संशोधन गरी काम कारबाहीमा स्वार्थको द्वन्द्व हुन नदिन र व्यावसायिक शुद्धता कायम गर्न आचारसंहिता, मापदण्ड र कार्यविधि लागू भएको हुने। | स्वनियमन कमजोर; प्रभावकारी अनुगमनमा कठिनाइ हुनसक्ने। | ५, १२ |
| ३.२.३ | सार्वजनिक खरिद कार्यमा संलग्न निजी क्षेत्रका व्यवसायीको कारोबारको सम्बन्धमा प्रचलित कानून बमोजिम कारोबार गरे नगरेको सम्बन्धमा छानबिन, जाँचवुझ गर्ने। | आन्तरिक राजस्व विभाग, राजस्व अनुसन्धान विभाग, सार्वजनिक खरिद अनुगमन कार्यालय | अर्थ मन्त्रालय; उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | निरन्तर | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सार्वजनिक खरिद ऐनसँग संलग्न हुने निजी क्षेत्रका व्यवसायीको कारोबारको सम्बन्धमा प्रचलित नियम कानून अनुसार कारोबार गरे नगरेको बारे छानबिन वा जाँचवुझ भएको हुने। | प्रमाण सङ्कलन कठिन; राजनीतिक/व्यावसायिक क्षेत्रको दबाब हुनसक्ने। | ९, १२, २१ |
| ३.२.४ | निजी क्षेत्रको लेखाको स्रेस्ता र लेखापरीक्षण गर्दा स्थापित मापदण्ड परिपालना भए नभएको अनुगमन गरी नभएमा सजाय गर्ने कानूनी व्यवस्था गर्ने। | अर्थ मन्त्रालय, महालेखा परिक्षकको कार्यालय | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय; नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्था; नेपाल कानून आयोग | २ वर्ष | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | संस्था दर्ता ऐन, २०३४, कम्पनी ऐन, २०६३, प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४, साझेदारी ऐन, २०२०, सहकारी ऐन, २०७४, | कार्यान्वयन कमजोर हुनसक्ने; दण्ड चयनात्मक हुनसक्ने। | १२, २६ |



पुष्कर सापकोटा
सचिव

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३, बीमा ऐन, २०७९, नेपाल चार्टर्ड एकाउण्टेण्ट ऐन, २०५३, लगायतका ऐनमा आवश्यक संशोधन गरी लेखाको स्रेस्ता र लेखापरीक्षणका मापदण्ड परिपालना नभएमा दण्डित गरिएको हुने। | | |
| ३.२.५ | भ्रष्टाचार विरुद्ध सार्वजनिक निकाय, निजी क्षेत्र, नागरिक समाज लगायतका सरोकारवाला सम्मिलित सामूहिक पहलहरू (Collective Actions) सञ्चालन गर्ने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | राष्ट्रिय सतर्कता केन्द्र, नेपाल उद्योग वाणिज्य महासंघ, नागरिक समाज | निरन्तर | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | राष्ट्रिय सदाचार मञ्चको नियमित बैठक र सिफारिस कार्यान्वयन भएको। | सरोकारवालाहरूबीच समन्वय र दिगोपनाको चुनौती। | १२, १३ |

**कार्यनीति ३.३: भ्रष्टाचार सम्बन्धी उजुरीमा अनुसन्धान गर्दा दुष्कृतिजन्य कार्यलाई सुधार गर्न मौका दिने नीति अवलम्बन गर्ने।**

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | अनुगमन गर्ने निकाय | उपलब्धि सूचक | जोखिम तथा सीमा | भ्रष्टाचार विरुद्धको सं.रा.सं.महासन्धिको सम्बन्धित धारा |
|---|---|---|---|---|---|---|---|---|
| ३.३.१ | भ्रष्टाचारको कसूरमा अनुसन्धान गर्दा कुनै हानि नोक्सानी वा अनियमितता नभई दुष्कृतिजन्य कार्य भएकोमा त्यसलाई दण्डनीय बनाउने गरी कानूनी व्यवस्था गर्ने। | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | अख्तियार दुरूपयोग अनुसन्धान आयोग, महान्यायाधिवक्ताको कार्यालय, राष्ट्रिय सतर्कता केन्द्र | ६ महिना | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अन्य सम्बन्धित मन्त्रालयहरू | आवश्यक कानून संशोधन र दुष्कृतिजन्य कार्यलाई कानूनी दायरामा ल्याइएको संख्या। | दण्डहीनता अन्त्य गर्नेगरी कानून कार्यान्वयनको उदाहरण प्रस्तुत गर्न समय लाग्नसक्ने। | ३०, ३६ |



पुष्कर सापकोटा
सचिव

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३.३.२ | अनुचित लाभ लिए दिएको नभई लापरवाही वा हेलचक्राईको कारणबाट राज्य वा अन्य कसैलाई भएको हानि नोक्सानी बापतको क्षतिपूर्ति बुझाई तोकिएको समयभित्र दुष्कृतिबाट उत्पन्न दुष्परिणामलाई सच्याई कानून अनुरूप गुणस्तरीय कार्य गर्ने अवसर दिन कानूनी व्यवस्था गर्ने। | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | अख्तियार दुरूपयोग अनुसन्धान आयोग, महान्यायाधिवक्ताको कार्यालय, महालेखा परीक्षकको कार्यालय, सार्वजनिक खरिद अनुगमन कार्यालय | ६ महिना | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अन्य सम्बन्धित मन्त्रालयहरू | कानून संशोधन भई क्षतिपूर्ति बुझाई तोकिएको समयभित्र दुष्कृतिबाट उत्पन्न दुष्परिणामलाई सच्याई सम्पन्न गुणस्तरीय कार्य गर्नेको संख्या। | क्षति मूल्याङ्कन विवादास्पद हुने; क्षतिपूर्ति असमान रूपमा लागू हुने; मुद्दा प्रक्रियागत रूपमा लम्बिनसक्ने। | ३०, ३४ |

**कार्यनीति ३.४: कसुरजन्य सम्पत्तिको जफत एवम् व्यवस्थापन प्रक्रियालाई प्रभावकारी बनाउने।**

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | अनुगमन गर्ने निकाय | उपलब्धि सूचक | जोखिम तथा सीमा | भ्रष्टाचार विरुद्धको संं.रा.सं.महासन्धिको सम्बन्धित धारा |
|---|---|---|---|---|---|---|---|---|
| ३.४.१ | भ्रष्टाचारबाट आर्जित सम्पत्ति रोक्का, बरामद वा जफत सम्बन्धमा महासन्धिको व्यवस्था बमोजिम सम्बन्धित कानूनमा व्यवस्था गर्ने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | अख्तियार दुरूपयोग अनुसन्धान आयोग; गृह मन्त्रालय; कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | २ महिना | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सङ्घीय संसद | सार्वजनिक निकायमा आन्तरिक नियन्त्रण तथा जोखिम व्यवस्थापन प्रणाली संस्थागत भएको हुने। | आवश्यक क्षमता तथा स्रोत अभाव हुनसक्ने। | ५, ७, ८, २०, ३१, ४३, ४४, ४६, ४८, ४९, ५२, ५३, ५४, ५७ |
| ३.४.२ | भ्रष्टाचारजन्य कसूरसँग सम्बन्धित सम्पत्ति रोक्का राख्ने, बरामद गर्ने र जफत गर्ने सम्बन्धमा प्रचलित अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८; भ्रष्टाचार निवारण ऐन, २०५९ मा भएका व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्ने र सो सम्बन्धमा स्पष्ट कानूनी व्यवस्था गर्ने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, | महालेखा परीक्षकको कार्यालय; गृह मन्त्रालय; कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | ४ महिना | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | आन्तरिक नियन्त्रण तथा जोखिम व्यवस्थापनसम्बन्धी एकीकृत मार्गदर्शन लागू भएको हुने। | अन्तरनिकाय समन्वय कमजोर भई कार्यान्वयन प्रभावकारी नहुन सक्ने। | ५, ७, ८, २०, ३१, ३६, ३७, ३८, ५२, ५३, ५४, ५७ |

**रणनीतिक स्तम्भ ४: भ्रष्टाचार निवारण सम्बन्धी कानूनको प्रभावकारी कार्यान्वयनका लागि अनुसन्धान, अभियोजन र प्रतिरक्षा गर्न विशिष्टीकृत एवम् सक्षम जनशक्ति विकास।**

**कार्यनीति ४.१: भ्रष्टाचारजन्य कसूरको अनुसन्धान, अभियोजन र प्रतिरक्षा गर्न प्रणाली स्थापना गर्ने र सक्षमता अभिवृद्धि गर्ने।**



पुष्कर सापकोटा
सचिव

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | अनुगमन गर्ने निकाय | उपलब्धि सूचक | जोखिम तथा सीमा | भ्रष्टाचार विरुद्धको संं.रा.सं.महासन्धिको सम्बन्धित धारा |
|---|---|---|---|---|---|---|---|---|
| ४.१.१ | भ्रष्टाचारको कसूरसँग सम्बन्धित मुद्दाको अनुसन्धान, अभियोजन तथा प्रतिरक्षा प्रणालीलाई व्यवस्थित र प्रभावकारी बनाउन आवश्यकता अनुसार अभियोजन निर्देशिका वा मापदण्ड वा दिग्दर्शन निर्माण गरी लागू गर्ने। | अख्तियार दुरूपयोग अनुसन्धान आयोग, महान्यायाधिवक्ताको कार्यालय | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | २ महिना र निरन्तर | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | अभियोजन सम्बन्धी निर्देशिका, मापदण्ड वा दिग्दर्शन निर्माण भई कार्यान्वयन भएको हुने। | सम्बन्धित निकायको दक्षता अभिवृद्धिमा बिलम्ब हुनसक्ने। | ५, ३०, ३६ |
| ४.१.२ | भ्रष्टाचारको कसूरसँग सम्बन्धित मुद्दाको अनुसन्धान, अभियोजन तथा प्रतिरक्षा प्रणालीलाई व्यवस्थित र प्रभावकारी बनाउन अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा विशिष्टीकृत अनुसन्धान एकाइ गठन गर्ने। | अख्तियार दुरूपयोग अनुसन्धान आयोग | महान्यायाधिवक्ताको कार्यालय | १ महिना | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | विशिष्टीकृत अनुसन्धान एकाइ गठन भएको हुने। | विशिष्टीकृत अनुसन्धान एकाइमा फरेन्सिक तथा प्राविधिक दक्षता अभाव हुनसक्ने । | ३६, ३८ |
| ४.१.३ | भ्रष्टाचार सम्बन्धमा अनुसन्धान र अभियोजनकारी निकायहरूमा अनुसन्धान र विकास (R&D) एकाई गठन गरी कार्यविधि समेत जारी गर्ने। | सम्बन्धित अनुसन्धान तथा अभियोजनकारी निकाय | अर्थ मन्त्रालय, नीति अनुसन्धान प्रतिष्ठान | २ महिना | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | अनुसन्धान र अभियोजनकारी निकायमा अनुसन्धान र विकास (R&D) एकाइ गठन भएको हुने। | स्रोत साधनको कमी हुने जोखिम। | ३६ |
| ४.१.४ | अस्वाभाविक सम्पत्ति छानविन (Unexplained Wealth Investigation) संयन्त्र सञ्चालन गर्ने। | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, नेपाल प्रहरी | १ वर्ष | सङ्घीय संसद | अस्वाभाविक सम्पत्तिको अनुसन्धान गर्ने विशिष्टीकृत संयन्त्र स्थापित भएको। | प्रमाण जुटाउन कठिन र कानूनी छिद्रको प्रयोग। | २०, ५२ |
| ४.१.५ | जटिल वित्तीय अपराधको विश्लेषणका लागि वित्तीय फरेन्सिक ल्याबोरेटरी (Financial Forensic Laboratory) | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | नेपाल राष्ट्र बैंक, नेपाल प्रहरी, अर्थ मन्त्रालय | १ वर्ष | सङ्घीय संसद | फरेन्सिक प्रयोगशाला स्थापना भई सञ्चालनमा आएको। | उच्च प्रविधिको लागत र दक्ष जनशक्तिको टिकाउपन। | ३६, ३७ |



पुष्कर सापकोटा
सचिव

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | स्थापना गर्ने। | | | | | | | |
| ४.१.६ | डिजिटल प्रमाण सङ्कलन र विश्लेषणका लागि Cyber Forensic Investigation Unit स्थापना गर्ने। | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | नेपाल प्रहरी (साइबर ब्यूरो), सूचना प्रविधि तथा विद्युतीय शासन कार्यालय | १ वर्ष | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | विशिष्टीकृत साइबर फरेन्सिक इकाइ क्रियाशील भएको। | द्रुत गतिमा परिवर्तन हुने प्रविधि र साइबर सुरक्षा चुनौती। | ३६, ३८ |
| ४.१.७ | अनुसन्धान प्रक्रियालाई सघाउन एआई-समर्थित अनुसन्धान प्रणाली (AI-assisted Investigation Tool) विकास गर्ने। | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | विश्वविद्यालयहरू, सूचना प्रविधि विज्ञहरू | २ वर्ष | सङ्घीय संसद | एआइ मार्फत अनुसन्धानको गुणस्तर सुधार भएको। | एल्गोरिदमको निष्पक्षता र डेटा गोपनीयताको रक्षा। | ४८, ५० |
| ४.१.८ | विद्युतीय प्रमाण सङ्कलन र संरक्षणका लागि विद्युतीय प्रमाण सङ्कलन तथा संरक्षण प्रोटोकल (Electronic Evidence Collection and Preservation Protocol) लागू गर्ने। | महान्यायाधिवक्ताको कार्यालय | नेपाल प्रहरी, अख्तियार दुरुपयोग अनुसन्धान आयोग | ६ महिना | अदालत र राष्ट्रिय मानव अधिकार आयोग | विद्युतीय प्रमाण सम्बन्धी प्रमाणिक कार्यविधि लागू भएको। | प्रमाणको कानुनी स्वीकार्यता र भण्डारण सुरक्षा। | ५० |
| ४.१.९ | ठूलो परिमाणको वित्तीय डेटा विश्लेषणका लागि बिग डाटा एनालिटिक्स (Big Data Analytics) प्रयोग गर्ने। | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग | नेपाल राष्ट्र बैंक (FIU), राजस्व अनुसन्धान विभाग | २ वर्ष | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | बिग डेटा एनालिटिक्स मार्फत शंकास्पद कारोबार पहिचान। | विभिन्न निकायका डेटा प्रणालीबीचको एकीकरण। | ५२, ५८ |
| ४.१.१० | अनुसन्धान तथा अभियोजन निकायबीच 'एकीकृत विद्युतीय सूचना साझेदारी' (Integrated Digital Information Sharing System) सञ्चालन गर्ने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | महान्यायाधिवक्ताको कार्यालय, अख्तियार, नेपाल प्रहरी | १ वर्ष | सङ्घीय संसद | निकायहरूबीच सूचना आदानप्रदानको एकीकृत डिजिटल संयन्त्र। | अन्तर-निकाय समन्वय र सूचना चुहावटको जोखिम। | ३८, ४३, ४६ |
| ४.१.११ | उजुरीदेखि फैसलासम्मको प्रक्रिया ट्र्याक गर्न डिजिटल मुद्दा व्यवस्थापन प्रणाली (Digital Case Management System) लागू गर्ने। | मुख्य रजिष्ट्रारको कार्यालय, सर्वोच्च अदालत | महान्यायाधिवक्ताको कार्यालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग | १ वर्ष | सङ्घीय संसद | मुद्दा व्यवस्थापन प्रणाली पूर्णतः डिजिटल भएको। | पुरानो भौतिक अभिलेखको डिजिटाइजेसनमा कठिनाइ। | १०, ३६ |
| ४.१.१२ | अनुसन्धानकर्ताहरूको पेशागत दक्षताका लागि 'अन्तर्राष्ट्रिय प्रमाणीकरण कार्यक्रम' (International Certification Program) सञ्चालन गर्ने। | महान्यायाधिवक्ताको कार्यालय | अन्तर्राष्ट्रिय भ्रष्टाचार विरोधी तालिम प्रदायक संस्थाहरू | निरन्तर | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | अन्तर्राष्ट्रिय स्तरको प्रमाणपत्र प्राप्त अनुसन्धानकर्ता तयार | उच्च तालिम लागत र वैदेशिक ढ्ययनपछिको पलायन। | ६० |



पुष्कर सापकोटा
सचिव

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४.१.१३ | भ्रष्टाचारजन्य क्रियाकलापको सूचना दिने व्यक्तिलाई प्रोत्साहन गर्न पारदर्शी 'सूचनादाता पुरस्कार प्रणाली' (Whistleblower Reward System) लागू गर्ने। | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | अर्थ मन्त्रालय, राष्ट्रिय सतर्कता केन्द्र | १ वर्ष | सङ्घीय संसद | पुरस्कृत प्रणाली सम्बन्धी कार्यविधि र कोष स्थापना भई कार्यान्वयन भएको। | झुटा उजुरीको जोखिम र पुरस्कार वितरणमा पारदर्शिताको चुनौती। | १३, ३३ |
| ४.१.१४ | सुराकी तथा साक्षीको पहिचान गोप्य राख्न र सुरक्षा सुनिश्चित गर्न 'डिजिटल पहिचान संरक्षण प्रणाली' (Digital Identity Protection System) लागू गर्ने। | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | नेपाल प्रहरी, सूचना प्रविधि तथा विद्युतीय शासन कार्यालय | १ वर्ष | राष्ट्रिय मानव अधिकार आयोग र सङ्घीय संसद | सूचनादाताको पहिचान इन्क्रिप्टेड हुने सुरक्षित डिजिटल प्रणाली सञ्चालन। | साइबर सुरक्षाको जोखिम र प्राविधिक पहुँचको सीमा। | ३२, ३३ |
| **कार्यनीति ४.२: भ्रष्टाचारजन्य कसूरको अनुसन्धान, अभियोजन, प्रतिरक्षा र न्यायिक निरूपणमा संलग्न निकायमा विशिष्टीकृत दक्षतायुक्त जनशक्ति सहित संस्थागत क्षमता सुदृढीकरण गर्ने।** | | | | | | | | |
| **क्र.सं.** | **क्रियाकलाप** | **जिम्मेवार निकाय** | **सहयोगी निकाय** | **समयावधि** | **अनुगमन गर्ने निकाय** | **उपलब्धि सूचक** | **जोखिम तथा सीमा** | **भ्रष्टाचार विरुद्धको संं.रा.सं.महासन्धिको सम्बन्धित धारा** |
| ४.२.१ | भ्रष्टाचारजन्य कसूरको अनुसन्धान, तहकिकात, अभियोजन र प्रतिरक्षामा संलग्न हुने कर्मचारीलाई विशिष्टीकृत तालिम र अभिमुखीकरण गर्न गराउन पाठ्यक्रम निर्माण गर्ने। | अख्तियार दुरूपयोग अनुसन्धान आयोग, | सङ्घीय तालिम केन्द्रहरू, न्यायसेवा तालिम केन्द्र, महान्यायाधिवक्ताको कार्यालय, नेपाल प्रहरी | २ महिना | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | पाठ्यक्रम निर्माण भएको हुने। | सम्बन्धित निकायको दक्षता अभिवृद्धिमा बिलम्ब हुनसक्ने। | ३६, ३८ |
| ४.२.२ | भ्रष्टाचारजन्य कसूरको अनुसन्धान, तहकिकात, अभियोजन र प्रतिरक्षामा संलग्न हुने कर्मचारीलाई विशिष्टीकृत प्रशिक्षण, तालिम र अभिमुखीकरण तालिम प्रदान गर्ने। | अख्तियार दुरूपयोग अनुसन्धान आयोग, महान्यायाधिवक्ताको कार्यालय, नेपाल प्रहरी | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय; भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय; न्यायसेवा तालिम केन्द्र; अन्य तालिम केन्द्रहरू | निरन्तर | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | विशिष्टीकृत प्रशिक्षण, तालिम र अभिमुखीकरण प्राप्त जनशक्तिको संख्या। | तालिम प्राप्त जनशक्तिको स्थायित्वको चुनौति। | ३६, ३८ |
| ४.२.३ | भ्रष्टाचार नियन्त्रणसँग सम्बन्धित कानून | प्रधानमन्त्री तथा | राजस्व अनुसन्धान | निरन्तर | तीनै तहका | अधिकार प्राप्त | अन्तरनिकाय समन्वय | ५,३८ |



पुष्कर सापकोटा
सचिव

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कार्यान्वयन गर्ने अधिकार प्राप्त अधिकारीबीच प्रभावकारी समन्वय स्थापित गर्ने। | मन्त्रिपरिषद्को कार्यालय, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, सबै मन्त्रालय, महान्यायधिवक्ताको कार्यालय, नियामक निकाय | विभाग, सम्पति शुद्धीकरण अनुसन्धान विभाग, राष्ट्रिय सतर्कता केन्द्र, नेपाल प्रहरी | | सरकार | अधिकारीबीच आपसी सहकार्य र सहयोगको वातावरण निर्माण भएको हुने। | गर्न कठिन हुनसक्ने। | |
| ४.२.४ | भ्रष्टाचारबाट जफत गरिएको सम्पत्ति व्यवस्थापनका लागि सम्पत्ति पुनःप्राप्ति कोष (Asset Recovery Fund) स्थापना गर्ने। | कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग | अख्तियार दुरुपयोग अनुसन्धान आयोग, अर्थ मन्त्रालय | २ वर्ष | सङ्घीय संसद | जफत गरिएको सम्पत्ति व्यवस्थापनका लागि कानूनी र कोषको व्यवस्था भएको। | सम्पत्ति व्यवस्थापनको लागत र अन्तर्राष्ट्रिय समन्वय। | ५४, ५७ |
| ४.२.५ | विदेशमा लुकाइएको अवैध सम्पत्ति फिर्ता ल्याउन 'अन्तर्राष्ट्रिय सम्पत्ति पुनर्प्राप्ति समन्वय डेस्क' (International Asset Recovery Coordination Desk) स्थापना गर्ने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कानून. न्याय तथा संसदीय मामिला मन्त्रालय; सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग | १ वर्ष | सङ्घीय संसद | अन्तर्राष्ट्रिय सम्पत्ति पुनःप्राप्ति समन्वय इकाइ क्रियाशील भएको। | जटिल अन्तर्राष्ट्रिय कानूनी प्रक्रिया र कुटनीतिक पहलको सीमा। | ५१, ५४, ५५ |
| ४.२.६ | शंकास्पद वित्तीय कारोबारको सूचना आदानप्रदान गर्न 'सिमापार वित्तीय सूचना साझेदारी प्लेटफर्म' (Cross-border Financial Intelligence Sharing Platform) सञ्चालन गर्ने। | नेपाल राष्ट्र बैंक (FIU-Nepal) | कानून. न्याय तथा संसदीय मामिला मन्त्रालय; सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग | १ वर्ष | सङ्घीय संसद | सीमापार वित्तीय सूचना आदानप्रदान प्रणाली सुदृढ भएको। | वित्तीय गोपनीयता सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौताको पालना। | १४, ५८ |
| ४.२.७ | सीमापार भ्रष्टाचार र संगठित अपराध नियन्त्रणका लागि 'संयुक्त अन्तर्राष्ट्रिय अनुसन्धान संयन्त्र' (International Investigation Joint Mechanism) सञ्चालन गर्ने। | कानून. न्याय तथा संसदीय मामिला मन्त्रालय | गृह मन्त्रालय, परराष्ट्र मन्त्रालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, अन्तर्राष्ट्रिय अनुसन्धान निकायहरू | २ वर्ष | सङ्घीय संसद | संयुक्त अन्तर्राष्ट्रिय अनुसन्धानका लागि कानूनी र संस्थागत आधार तयार भएको। | क्षेत्राधिकार सम्बन्धी विवाद र प्रमाण सङ्कलनमा जटिलता। | ४६, ४८, ४९ |



पुष्कर सापकोटा
सचिव

**कार्यनीति ४.३: भ्रष्टाचार सम्बन्धी कसूरको अनुसन्धानमा प्रमाण सङ्कलन गर्न, कसूर स्थापित गर्न र प्रमाणलाई कानूनतः ग्रहणयोग्य बनाउन नवीनतम प्रविधिको उपयोग गर्ने बारे कानूनी व्यवस्था गर्ने।**

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | अनुगमन गर्ने निकाय | उपलब्धि सूचक | जोखिम तथा सीमा | भ्रष्टाचार विरुद्धको सं.रा.सं.महासन्धिको सम्बन्धित धारा |
|---|---|---|---|---|---|---|---|---|
| ४.३.१ | भ्रष्टाचारको कसूरको अनुसन्धानमा नवीनतम डिजिटल प्रविधिबाट प्रमाण सङ्कलन गर्नसक्ने, प्राप्त डिजिटल प्रमाणलाई पूर्ण प्राथमिक प्रमाणको रूपमा ग्रहण गर्नेगरी प्रमाण ऐन, २०३१ मा आवश्यक संशोधन गर्ने। | कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय; सङ्घीय संसद | अख्तियार दुरूपयोग अनुसन्धान आयोग, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग | ४ महिना | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | डिजिटल प्रमाणलाई पूर्ण प्राथमिक प्रमाणको रूपमा ग्रहण गर्नेगरी प्रमाण ऐन, २०३१ मा संशोधन भएको हुने। | डिजिटल प्रविधिमा दक्ष जनशक्तिको अभाव हुनसक्ने। | ३१, ३६, ३७, ४६, ४८, ५० |
| ४.३.२ | डिजिटल प्रमाणको प्रकृति, प्रमाणित गर्ने निकाय र अधिकारी स्पष्टता गर्नेगरी विद्युतीय कारोबारका सम्बन्धमा नयाँ सूचना प्रविधि ऐन निर्माण गर्ने। | सूचना प्रविधि तथा विद्युतीय शासन कार्यालय; कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय | अख्तियार दुरूपयोग अनुसन्धान आयोग, प्रमाणीकरण नियन्त्रकको कार्यालय, दूरसञ्चार प्राधिकरण | ४ महिना | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | नयाँ सूचना प्रविधि ऐन निर्माण भएको हुने। | डिजिटल डाटाको प्रमाणीकरण गर्ने जनशक्ति र संस्थागत क्षमताको अभाव। | ३१, ३७, ४६, ४८, ५० |
| ४.३.३ | भ्रष्टाचार निवारणका प्रत्येक क्रियाकलापमा कृत्रिम बुद्धिमत्ताको उपयोग सम्बन्धी कानूनी प्रावधान सुनिश्चित गर्ने। | सूचना प्रविधि तथा विद्युतीय शासन कार्यालय; न्याय तथा संसदीय व्यवस्था मन्त्रालय | अख्तियार दुरूपयोग अनुसन्धान आयोग, सम्बन्धित विभाग, नियामक निकाय तथा अन्य सरोकारवाला संस्थाहरू | २ महिना र निरन्तर | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय सतर्कता केन्द्र | भ्रष्टाचार निवारणका क्रियाकलापमा कृत्रिम बुद्धिमत्ताको उपयोग भएको हुने। | कृत्रिम बुद्धिमता सम्बन्धी दक्षतायुक्त जनशक्ति र संस्थागत क्षमताको अभाव, प्रविधिगत जोखिम। | ५, ६, ७, ९, १०, ३६ |

**कार्यनीति ४.४: भ्रष्टाचारसम्बन्धी कसुरको अनुसन्धान अभियोजन र प्रतिरक्षामा नवीनतम प्रविधिको उपयोग गर्ने र त्यसको लागि सम्बन्धित निकायका पदाधिकारी तथा कर्मचारीहरूको दक्षता अभिवृद्धि गर्ने।**

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | अनुगमन गर्ने निकाय | उपलब्धि सूचक | जोखिम तथा सीमा | भ्रष्टाचार विरुद्धको सं.रा.सं.महासन्धिको सम्बन्धित धारा |
|---|---|---|---|---|---|---|---|---|
| ४.४.१ | भ्रष्टाचारसम्बन्धी सूचना तथा पूर्व सूचना दिने कृत्रिम बौद्धिकता (Artificial Intelligence) | सूचना प्रविधि तथा विद्युतीय शासन | अर्थ मन्त्रालय, राष्ट्रिय सतर्कता केन्द्र | ६ महिना भित्र | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को | कृतिम बौद्धिकता लगायतका सफ्टवेयर | डेटा पक्षपात (bias) का कारण गलत | ५ १०, ६१ |



पुष्कर सापकोटा
सचिव

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | लगायतका प्रविधि तथा सफ्टवेयर निर्माण गरी कार्यान्वयन गर्ने। | कार्यालय, अख्तियार दुरूपयोग अनुसन्धान आयोग | | निर्माण (निरन्तर) | कार्यालय | निर्माण भई कार्यान्वयन भएको हुने। | पूर्वानुमान; गोपनीयता तथा डेटा सुरक्षा जोखिम; प्रणालीमा अधिक निर्भरताले निम्त्याउने जोखिम। | |
| ४.४.२ | भ्रष्टाचारजन्य कसूरको अनुसन्धानमा कृत्रिम बुद्धिमत्ता (Artificial Intelligence) वा अनियमितता डिटेक्सनको समेत सहयोगमा अनुसन्धान शुरु गर्नेगरी स्वचालित अनुसन्धान प्रक्रिया (Suo moto Investigation) को प्रभावकारी रूपमा अवलम्बन गर्न कानूनी व्यवस्था गर्ने। | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | गृह मन्त्रालय, सूचना प्रविधि तथा विद्युतीय शासन कार्यालय, अख्तियार दुरूपयोग अनुसन्धान आयोग | १ वर्ष | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कानूनी व्यवस्था गरी स्वचालित अनुसन्धान प्रक्रियाको प्रभावकारी रूपमा अवलम्बन भएको हुने। | गलत संकेतका आधारमा अनुसन्धान सुरु हुने जोखिम; प्रक्रियागत न्याय (due process) मा प्रश्न उठ्नसक्ने। | ४८, ४९, ५० |
| ४.४.३ | अख्तियार दुरूपयोग अनुसन्धान आयोग र महालेखा परीक्षकको कार्यालयमा प्रविधि विश्लेषक, डिजिटल फरेन्सिक विशेषज्ञ सहितको स्वतन्त्र प्रविधि एकाईको स्थापना गर्ने। | अख्तियार दुरूपयोग अनुसन्धान आयोग, महालेखापरीक्षकको कार्यालय | गृह मन्त्रालय, अर्थ मन्त्रालय | १ वर्ष | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | दुवै निकायमा प्रविधि विश्लेषक, डिजिटल फरेन्सिक विशेषज्ञ सहितको स्वतन्त्र प्रविधि एकाईको स्थापना भएको हुने। | दक्ष जनशक्ति अभाव; संस्थागत स्वतन्त्रता कमजोर हुने जोखिम; स्रोत—साधन दिगोपनाको चुनौती। | ३६, ३८, ६० |
| ४.४.४ | भ्रष्टाचारको गुनासो सहज रूपमा अनलाईन वा मोवाईलबाट दर्ता गर्न सकिने प्लेटफर्म निर्माण गर्ने र उजुरीको ट्र्याकिङ्ग प्रणाली सहित जवाफदेहिताको सुनिश्चित गर्ने। | सूचना प्रविधि तथा विद्युतीय शासन कार्यालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | अख्तियार दुरूपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र, सूचना प्रविधि तथा विद्युतीय शासन कार्यालय, प्रदेश सरकार र स्थानीय तह | १ महिना र निरन्तर | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | अनलाइन वा मोवाइलबाट उजुरी दर्ता गर्न सकिने प्लेटफर्म निर्माण र उजुरीको ट्याकिङ्ग प्रणाली सुनिश्चित भएको हुने। | झुट्टा वा दुर्भावनायुक्त उजुरी पर्नसक्ने जोखिम; उजुरीकर्ताको सुरक्षा चुनौती। | १०, १३, ३३ |

**रणनीतिक स्तम्भ ५: भ्रष्टाचार निवारणको लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा समन्वय, सहकार्य गर्ने र पारस्परिकता कायम गर्दै भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय महासन्धि लगायतका कानूनी**



पुष्कर सापकोटा
सचिव

प्रावधानको प्रभावकारी कार्यान्वयन।

**कार्यनीति ५.१: भ्रष्टाचारसँग सम्बन्धित नीतिगत, कानूनी र प्रशासकीय विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा समन्वय, सहयोग र सहकार्य प्रवर्धन गर्न आवश्यक व्यवस्था मिलाउने।**

| क.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | अनुगमन गर्ने निकाय | उपलब्धि सूचक | जोखिम तथा सीमा | भ्रष्टाचार विरुद्धको सं.रा.सं.महासन्धिको सम्बन्धित धारा |
|---|---|---|---|---|---|---|---|---|
| ५.१.१ | सबै तहका सरकारले भ्रष्टाचार निवारणसम्बन्धी रणनीति तथा कार्ययोजना निर्माण गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्ने। | तीनै तहका सरकार | अख्तियार दुरूपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र | १ महिनाभित्र तयार गरी निरन्तर | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | रणनीति तथा कार्ययोजना निर्माण र प्रभावकारी कार्यान्वयन भएको हुने। | प्राथमिकतामा नपर्ने जोखिम। | ५, १३ |
| ५.१.२ | नेपाल भित्रका अभियोजनकर्ताबीच एवम् अन्तर्राष्ट्रिय रूपमा अभियोजनको कार्यमा संलग्न निकायबीचको समन्वय र सहयोगलाई प्रभावकारी बनाउने। | महान्यायाधिवक्ताको कार्यालय | अख्तियार दुरूपयोग अनुसन्धान आयोग; परराष्ट्र मन्त्रालय; कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | निरन्तर | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | मुलुकभित्रका अभियोजनकर्ताबीच एवम् अन्तर्राष्ट्रिय रूपमा अभियोजनको कार्यमा संलग्न निकायबीच समन्वय र सहयोग प्रभावकारी भएको हुने। | सूचना आदानप्रदानमा ढिलाइ, संस्थागत क्षमता अभाव हुनसक्ने। | ५, ३६, ३७, ४३, ४४, ४६, ४८, ४९ |
| ५.१.३ | राजनीतिक दल तथा उम्मेदवारको निर्वाचन खर्चको डिजिटल अडिट प्रणाली लागू गर्ने। | निर्वाचन आयोग | नेपाल राष्ट्र बैंक, महालेखा परीक्षकको कार्यालय | १ वर्ष | सङ्घीय संसद | निर्वाचन खर्चको डिजिटल अडिट रिपोर्ट सार्वजनिक भएको। | दलहरूको असहयोग र खर्च विवरणको गोपनीयता। | ५, ७ |
| ५.१.४ | राजनीतिक दललाई प्राप्त चन्दा तथा सहयोगको 'तत्काल सूचना खुलासा पोर्टल' (Real-time Disclosure Portal) सञ्चालन गर्ने। | निर्वाचन आयोग | सूचना प्रविधि तथा विद्युतीय शासन कार्यालय, राजनीतिक दलहरू | १ वर्ष | सङ्घीय संसद | Real-time Disclosure Portal सञ्चालनमा आएको। | दलहरूको प्राविधिक क्षमता र पारदर्शिता प्रतिको अनिच्छा। | ५, ७ |
| ५.१.५ | नगद वा गोप्य राजनीतिक चन्दा नियन्त्रण गर्न कानूनी सीमा निर्धारण गर्ने। | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | निर्वाचन आयोग, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ६ महिना | सङ्घीय संसद | चन्दाको सीमा र बैंकिङ प्रणाली अनिवार्य गर्ने कानून तर्जुमा भएको। | अनौपचारिक चन्दा संकलन र प्रभावकारी अनुगमनको अभाव। | ५, ७ |

**कार्यनीति ५.२: भ्रष्टाचारजन्य कसूरसँग सम्बन्धित अनुसन्धान, अभियोजन र न्यायिक कारबाहीमा आपसी पारस्परिक कानूनी सहायता आदानप्रदान गर्न द्विपक्षीय सम्झौता लगायतका आवश्यक व्यवस्था**



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

पुष्कर सापकोटा

गर्ने।

| क.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | अनुगमन गर्ने निकाय | उपलब्धि सूचक | जोखिम तथा सीमा | भ्रष्टाचार विरुद्धको संं.रा.सं.महासन्धिको सम्बन्धित धारा |
|---|---|---|---|---|---|---|---|---|
| ५.२.१ | नागरिकको आवतजावत, अपराधको प्रकृति तथा राज्यहरूका बीचमा भएका व्यापारिक वा अन्य प्रकारका आर्थिक सम्बन्धको प्रवृत्ति विश्लेषण (Trend Analysis) का आधारमा सुपुर्दगी सम्बन्धी कानूनको प्रभावकारी कार्यान्वयनका लागि विभिन्न मुलुकहरूसँग यथाशीघ्र सन्धि वा सम्झौता गर्ने। | गृह मन्त्रालय; कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | परराष्ट्र मन्त्रालय | निरन्तर | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सुपुर्दगी सम्बन्धी कानूनको प्रभावकारी कार्यान्वयनका लागि विभिन्न मुलुकहरूसँग सन्धि वा सम्झौता भएको हुने। | सम्पत्ति जफत र पारस्परिक कानूनी सहायता सम्बन्धी कानून कार्यान्वयनमा जटिलता; सुपुर्दगी प्रक्रिया ढिलाइ हुने; मानव अधिकार सम्बन्धी विषयले सुपुर्दगी अस्वीकार हुने जोखिम। | ४४, ४८, ५० |
| ५.२.२ | नागरिकको आवतजावत, अपराधको प्रकृति तथा राज्यका बीचमा भएका व्यापारिक वा अन्य प्रकारका आर्थिक सम्बन्धको प्रवृत्ति विश्लेषण (Trend Analysis) गरी कसूरजन्य सम्पत्ति जफत सम्बन्धी कानून र पारस्पारिक कानूनी सहायता सम्बन्धी कानूनको प्रभावकारी कार्यान्वयनका लागि विभिन्न मुलुकहरूसँग सन्धि वा सम्झौता गर्ने। | परराष्ट्र मन्त्रालय, कानून; न्याय तथा संसदीय मामिला मन्त्रालय | गृह मन्त्रालय, कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग | निरन्तर | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कसूरजन्य सम्पत्ति जफत सम्बन्धी कानून र पारस्पारिक कानूनी सहायता सम्बन्धी कानूनको कार्यान्वयनका लागि विभिन्न मुलुकहरूसँग सन्धि वा सम्झौता भएको हुने। | सूचना आदानप्रदानमा गोपनीयता तथा कानूनी अवरोध, प्राविधिक क्षमता अभाव; अन्तर्राष्ट्रिय सहकार्यमा प्रक्रिया जटिल भई समय धेरै लाग्नसक्ने। | ४६, ४८, ५४, ५५ |
| ५.२.३ | भ्रष्टाचारजन्य कसूरबाट भएको आयको संग्रह, स्थानान्तरण र उपयोगको सूचना आदानप्रदान गर्न तथा जुनसुकै प्रकारको आपराधिक आर्जनको स्थानान्तरणलाई नियन्त्रण गर्ने, प्रतिरोध गर्ने तथा त्यस्ता | गृह मन्त्रालय; कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | अख्तियार दुरूपयोग अनुसन्धान आयोग, महान्यायाधिवक्ताको कार्यालय, अर्थ मन्त्रालय, सम्पत्ति | ६ महिना | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | अन्तर्राष्ट्रिय तहमा संयन्त्रको विकास भएको हुने। | सम्पत्तिको पहिचान र फिर्ता प्रक्रियामा ढिलाइ, विभिन्न देशका गोपनीयता सम्बन्धी मापदण्ड फरक हुँदा | १४, ४६, ४८, ५२, ५४, ५५ |



पुष्कर सापकोटा
सचिव

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | आर्जन फिर्ता गर्ने उपयुक्त उपाय र तरिकाको व्यवस्था गर्न अन्तर्राष्ट्रियस्तरमा कार्य गर्न उपयुक्त संयत्रको विकास गर्ने। | | शुद्धीकरण अनुसन्धान विभाग | | | | सूचना साझेदारी अवरुद्ध; बैंक गोपनीयता र डाटा संरक्षणका कारण ट्रेसिङ ढिलो; विदेशी क्षेत्राधिकार र अन्तर्राष्ट्रिय संयन्त्र सञ्चालनमा प्रक्रिया जटिल हुनसक्ने। | |
| ५.२.४ | भ्रष्टाचारजन्य कसूरबाट आर्जन गरेको, संग्रह गरेको र विदेशी मुलुकमा स्थानान्तरण गरिएको सम्पत्ति फिर्ता ल्याउन विभिन्न मुलुकहरूसँग सन्धि वा सम्झौता गर्ने। | परराष्ट्र मन्त्रालय; गृह मन्त्रालय; कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | अख्तियार दुरूपयोग अनुसन्धान आयोग, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग | निरन्तर | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सम्पत्ति फिर्ता सम्बन्धी सन्धि वा सम्झौता भएको हुने। | अन्तर्राष्ट्रिय संयन्त्र सञ्चालनमा जटिलता र समय लाग्नसक्ने। | ४६, ५२, ५४, ५५ |
| ५.२.५ | भ्रष्टाचार नियन्त्रणमा संलग्न निकाय, कार्यालयबीच दोहोरो सूचना आदानप्रदान, प्रभावकारी विश्लेषण र अनुसन्धानका लागि कानून निर्माण सम्बन्धी समझदारीपत्रमा हस्ताक्षर सम्पन्न गर्ने। | सम्बन्धित मन्त्रालय/ निकाय | परराष्ट्र मन्त्रालय; कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | निरन्तर | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | भ्रष्टाचार नियन्त्रणमा संलग्न निकाय वा कार्यालयबीच सूचना आदानप्रदान, विश्लेषण र अनुसन्धानका लागि समझदारीपत्र भएको हुने। | फरक–फरक कानूनी प्रणालीका कारण सन्धि गर्न ढिलाई हुने, बैंक गोपनीयता/ मानवअधिकार सम्बन्धी सवालले फिर्ता प्रक्रियामा जटिलता ल्याउनसक्ने। | ५, ३६, ४८ |
| ५.२.६ | भ्रष्टाचारको कसूरमा नवीन प्रविधि, विद्युतीय माध्यम वा अन्य विशेष अनुसन्धानात्मक प्रविधिबाट प्राप्त प्रमाणलाई न्यायिक निकायमा ग्रहणयोग्य बनाउन द्विपक्षीय वा | अख्तियार दुरूपयोग अनुसन्धान आयोग | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयप; परराष्ट्र मन्त्रालय; | १ वर्ष | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | डिजिटल प्रमाण स्वीकारसम्बन्धी सम्झौता प्रबन्धको संख्या; न्यायिक | फरकफरक देशका प्रमाणसम्बन्धी मापदण्ड; डाटा गोपनीयता/चेन– | ४६, ४८, ५० |



पुष्कर सापकोटा
सचिव

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | वहुपक्षीय सम्झौता वा आवश्यक प्रबन्ध गर्ने। | | महान्यायाधिवक्ताको कार्यालय; नेपाल प्रहरी; सूचना प्रविधि तथा विद्युतीय शासन कार्यालय | | | निकायले स्वीकार गरेका डिजिटल प्रमाणका मुद्दा। | अफ—कस्टडी विवाद; न्यायिक स्वीकारमा ढिलाइ। | |
| ५.२.७ | भ्रष्टाचारजन्य कसूरबाट आर्जित सम्पत्तिको हस्तान्तरण रोकथाम, खोजतलास, दावी र जफत गरेको सम्पत्ति वैध स्वामीलाई फिर्ता गर्ने कार्यलाई प्रभावकारी बनाउन महासन्धिमा भएको व्यवस्था र उपायहरूको अवलम्बन गर्न आवश्यक कानूनी व्यवस्था गर्ने। | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | अख्तियार दुरूपयोग अनुसन्धान आयोग, महान्यायाधिवक्ताको कार्यालय , परराष्ट्र मन्त्रालय, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, नेपाल राष्ट्र बैंक | १ वर्ष | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सम्पत्ति रोक्का/जफत/फिर्ता भएका मुद्दा; UNCAC अनुरूप कानून संशोधन। | विदेशी क्षेत्राधिकारका कानूनी अवरोध; बैंक गोपनीयता; सम्पत्ति ट्रेसिङबारे जटिलता हुनसक्ने। | ४६, ५१, ५२, ५४, ५५ |
| ५.२.८ | निजी क्षेत्र र सार्वजनिक संस्थाहरूमा भ्रष्टाचार नियन्त्रण गर्नका लागि अन्तर्राष्ट्रिय मानकीकरण मापदण्ड ISO 37001 Anti-Bribery Management System लागू गर्न प्रोत्साहन गर्ने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | राष्ट्रिय सतर्कता केन्द्र; उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | २ वर्ष | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ISO 37001 प्रमाणीकरण प्राप्त गर्ने निकायहरूको संख्या वृद्धि भएको। | उच्च प्रमाणीकरण लागत र कार्यान्वयनको जटिलता। | १२ |
| **कार्यनीति ५.३: कसुरजन्य सम्पत्ति व्यवस्थापन तथा फैसला कार्यान्वयनलाई प्रभावकारी बनाउने।** | | | | | | | | |
| **क्र.सं.** | **क्रियाकलाप** | **जिम्मेवार निकाय** | **सहयोगी निकाय** | **समयावधि** | **अनुगमन गर्ने निकाय** | **उपलब्धि सूचक** | **जोखिम तथा सीमा** | **भ्रष्टाचार विरुद्धको सं.रा.सं.महासन्धिको सम्बन्धित धारा** |
| ५.३.१ | कसूरजन्य सम्पत्ति व्यवस्थापन विभागको संस्थागत सक्षमता अभिवृद्धि गरी अपराधजन्य कार्यबाट आर्जित कसूरजन्य सम्पत्तिको व्यवस्थापन कार्य प्रभावकारी बनाउने। | गृह मन्त्रालय, कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग, फैसला कार्यान्वयन निर्देशनालय | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय; अख्तियार दुरूपयोग अनुसन्धान आयोग; महान्यायाधिवक्ताको | निरन्तर | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | व्यवस्थापन गरिएका कसूरजन्य सम्पत्तिको संख्या; व्यवस्थापन निर्देशिका/प्रक्रिया विकास; जनशक्ति र प्रणाली सुदृढीकरण | दक्ष जनशक्ति अभाव; सम्पत्ति मूल्याङ्कन र संरक्षण चुनौती; अन्तरनिकाय समन्वय कमजोर हुनसक्ने। | ३१, ५१, ५२, ५४, ५५ |



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

पुष्कर सापकोटा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | कार्यालय; सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग; नेपाल राष्ट्र बैंक; नेपाल प्रहरी | | | भएको हुने। | | |
| ५.३.२ | फैसला कार्यान्यन निर्देशनालयको संस्थागत समक्षता अभिवृद्धि गरी फैसला कार्यान्वयनको कार्यलाई छिटो, छरितो र प्रभावकारी बनाउने। | फैसला कार्यान्वयन निर्देशनालय, कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय; अख्तियार दुरूपयोग अनुसन्धान आयोग; महान्यायाधिवक्ताको कार्यालय; नेपाल प्रहरी | १ वर्ष | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सर्वोच्च अदालत | कार्यान्वयन भएका फैसलाको प्रतिशत; फैसला कार्यान्वयनमा लागेको औसत समय; बक्यौता फैसला घटेको दर | जनशक्ति तथा स्रोत अभाव; अन्तरनिकाय समन्वय कमजोर; प्रतिवादी फरार वा सम्पत्ति लुकाउने जोखिम। | ३०, ३१, ३६, ५१ |
| **कार्यनीति ५.४: भ्रष्टाचार निवारणका सम्बन्धमा निगरानी बढाई र अन्तरनिकाय समन्वय तथा सहकार्य प्रभावकारी बनाउने।** | | | | | | | | |
| **क्र.सं.** | **क्रियाकलाप** | **जिम्मेवार निकाय** | **सहयोगी निकाय** | **समयावधि** | **अनुगमन गर्ने निकाय** | **उपलब्धि सूचक** | **जोखिम तथा सीमा** | **भ्रष्टाचार विरुद्धको सं.रा.सं.महासन्धिको सम्बन्धित धारा** |
| ५.४.१ | भ्रष्टाचार निवारण सम्बन्धमा संवैधानिक निकायहरूले पेस गरेका वार्षिक प्रतिवेदनको विश्लेषण गर्दै संसदले दिएका निर्देशनको कार्यान्वयन गर्ने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अख्तियार दुरूपयोग अनुसन्धान आयोग | सङ्घीय संसद सचिवालय; महालेखा परीक्षकको कार्यालय; राष्ट्रिय सतर्कता केन्द्र | वार्षिक रूपमा | सङ्घीय संसद (सम्बन्धित समिति) | कार्यान्वयन भएका निर्देशनको प्रतिशत; प्रतिवेदन समयमै पेस। | निर्देशन कार्यान्वयनमा ढिलाइ हुनसक्ने; जिम्मेवारीबारे अस्पष्ट हुनसक्ने। | ५, १० |
| ५.४.२ | वित्तीय जानकारी इकाई मार्फत प्रास भएका इन्टेलिजेन्सका सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग, न्याय परिषद् तथा नेपाली सेनाले अनिवार्य रूपमा पृष्ठपोषण प्रदान गर्ने प्रबन्ध गर्ने। | नेपाल राष्ट्र बैंक, न्याय परिषद्, नेपाली सेना | अख्तियार दुरूपयोग अनुसन्धान आयोग, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग | निरन्तर | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | पृष्ठपोषण प्रास इन्टेलिजेन्सको अनुपात; कार्यवाहीमा परिणत भएका घटनाको संख्या। | गोपनीयता/सूचना साझेदारीमा अवरोध; संस्थागत प्रतिरोध हुनसक्ने। | १४, ४८ |
| ५.४.३ | राष्ट्रिय सतर्कता केन्द्रबाट भएका अनुगमन र निरीक्षण हुने नियमित हाजिरी, पोसाक, नागरिक वडापत्रको अनुसरण लगायतका | राष्ट्रिय सतर्कता केन्द्र | सम्बन्धित मन्त्रालय वा निकाय, सूचना प्रविधि तथा विद्युतीय | निरन्तर | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | एकीकृत अभिलेख प्रणाली सञ्चालन; अद्यावधिक भएको। | डाटा शुद्धतामा समस्या; अद्यावधिक नहुने जोखिम र | ५, १० |



पुष्कर सापकोटा
सचिव

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | विषयमा कानून परिपालना नगरेका व्यक्ति र निकायको एकीकृत अभिलेख तयार पारी कानूनी कारवाही गर्ने। | | शासन कार्यालय, प्रदेश सरकार, स्थानीय तह, | | | | राजनीतिक प्राथमिकतामा नपर्न सक्ने। | |
| ५.४.४ | भ्रष्टाचार निवारण सम्बन्धी कानून कार्यान्वयन गर्ने निकाय र सम्बद्ध निजी संस्थाबीच सहयोग अभिवृद्धिको नीतिगत व्यवस्था गर्ने। | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय; अख्तियार दुरूपयोग अनुसन्धान आयोग | अर्थ मन्त्रालय, राष्ट्रिय सतर्कता केन्द्र, नेपाल राष्ट्र बैंक, निजी क्षेत्रका छाता संगठनहरू | निरन्तर | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कानून कार्यान्वयन निकाय र सम्बद्ध संस्थाबीच सहयोग अभिवृद्धि र संयुक्त कार्यक्रमको संख्या बढेको हुने। | निजी क्षेत्रसँगको समन्वय र सहकार्य औपचारिकतामा सीमित हुने जोखिम। | ५, १२ |
| ५.४.५ | निजी क्षेत्रमा भ्रष्टाचार विरोधी मापदण्ड (Corporate Anti-Bribery Compliance Standard) लागू गर्ने। | निजी क्षेत्रका छाता सङ्गठनहरू | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग; उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | १ वर्ष | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | निजी क्षेत्रमा भ्रष्टाचार विरोधी अनुपालन मापदण्ड लागू भएको। | निजी क्षेत्रको व्यावसायिक गोपनीयता र असहयोगको सम्भावना। | १२, २१ |

## ४.३ अनुगमन तथा मूल्याङ्कन फ्रेमवर्क

यस तालिकामा प्रस्तुत रणनीतिक योजनाको रणनीतिक स्तम्भ, कार्यनीति र अपेक्षित नतिजा अनुसार सूचक, तथ्याङ्क स्रोत, अनुगमन आवृत्ति तथा जिम्मेवार निकाय स्पष्ट रूपमा प्रस्तुत गरिएको छ।

| कार्यनीति | अपेक्षित नतिजा (Outcome/Output) | मुख्य सूचक | सूचनाको स्रोत | अनुगमन आवृत्ति | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|
| **भ्रष्टाचार निवारणसम्बन्धी कानूनी सुधार** | भ्रष्टाचार नियन्त्रणका लागि UNCAC अनुरूप अद्यावधिक र प्रभावकारी कानूनी संरचना स्थापना | संशोधित/नयाँ ऐन, नियमावली, निर्देशिका तथा कार्यविधिको संख्या | नेपाल राजपत्र, कानून न्याय तथा संसदीय मामिला मन्त्रालयको वेबसाईट | वार्षिक | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय |
| **संस्थागत संरचना र** | सम्बन्धित निकायको स्पष्ट कार्यक्षेत्र र | संस्थागत संरचना | संस्थागत मूल्याङ्कन | वार्षिक | प्रधानमन्त्री तथा |



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

पुष्कर सापकोटा
सचिव

| | | | | | |
|---|---|---|---|---|---|
| **कार्यप्रणाली सुदृढीकरण** | प्रभावकारी सञ्चालन | पुनरावलोकन सम्पन्न निकायको संख्या | प्रतिवेदन | | मन्त्रिपरिषद्को कार्यालय |
| **सार्वजनिक वित्त र प्रशासन सुधार** | सार्वजनिक खर्च तथा प्रशासनमा पारदर्शिता र जवाफदेहिता वृद्धि | जोखिममा आधारित लेखापरीक्षण लागू भएका निकाय | महालेखापरीक्षकको प्रतिवेदन | वार्षिक | अर्थ मन्त्रालय |
| **उत्तरदायित्व र पारदर्शिता अभिवृद्धि** | सार्वजनिक निकायमा सूचना खुलापन र जवाफदेहिता सुदृढ | सूचना मागको समयमै फछ्र्यौट दर | राष्ट्रिय सूचना आयोगको प्रतिवेदन | अर्धवार्षिक | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| **नैतिकता र आचारसंहिता प्रवर्धन** | सार्वजनिक सेवामा सदाचार र नैतिक आचरण संस्थागत | आचारसंहिता कार्यान्वयन भएका कार्यालयको प्रतिशत | राष्ट्रिय सतर्कता केन्द्रको प्रतिवेदन | वार्षिक | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| **अनुगमन, मूल्याङ्कन र प्रतिवेदन प्रणाली** | रणनीति कार्यान्वयनको नियमित ट्र्याकिङ र सुधार | समयमै अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन पेस दर | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन | वार्षिक | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| **संवैधानिक निकाय सुदृढीकरण** | संवैधानिक निकायहरूको कार्यसम्पादन क्षमता अभिवृद्धि | क्षमता अभिवृद्धि कार्यक्रम सम्पन्न संख्या | सम्बन्धित संवैधानिक निकायको वार्षिक प्रतिवेदन | वार्षिक | संवैधानिक निकायहरू |
| **नागरिक सहभागिता र सूचनाको पहुँच** | भ्रष्टाचार नियन्त्रणमा नागरिकको सक्रिय सहभागिता | नागरिक उजुरी तथा सुझाव संख्या | हेलो सरकार/हेल्पडेस्क/उजुरी पोर्टलको तथ्याङ्क | त्रैमासिक | सम्बन्धित मन्त्रालयहरू |
| **जोखिम व्यवस्थापन र आन्तरिक नियन्त्रण** | भ्रष्टाचार जोखिम न्यूनीकरण र नियन्त्रण प्रणाली प्रभावकारी | जोखिम मूल्याङ्कन सम्पन्न कार्यालय संख्या | आन्तरिक लेखापरीक्षण प्रतिवेदन | वार्षिक | अर्थ मन्त्रालय |
| **नीति समन्वय र कार्यान्वयन सुधार** | नीतिगत दोहोरोपन र कार्यान्वयन कमजोरी न्यून | अन्तर–निकाय समन्वय बैठक संख्या | बैठक र निर्णय सङ्ख्या | अर्धवार्षिक | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| **डिजिटल सुशासन र ई–सेवा** | सेवा प्रवाह डिजिटल र पारदर्शी | अनलाइन सेवा उपलब्ध कार्यालय प्रतिशत | ई–गभर्नेन्स पोर्टल, नागरिक एप | त्रैमासिक | सूचना प्रविधि तथा विद्युतीय शासन |



पुष्कर सापकोटा
सचिव

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | कार्यालय |
| डिजिटल निगरानी र जोखिम पहिचान | भ्रष्टाचार जोखिम समयमै पहिचान | डिजिटल जोखिम फ्ल्याग उत्पन्न संख्या | MIS / Risk System Log | त्रैमासिक | सम्बन्धित नियामक निकाय |
| नागरिक गुनासो र उजुरी प्रणाली | नागरिक गुनासोको प्रभावकारी सुनुवाइ | समयमै फछ्र्यौट भएका उजुरी प्रतिशत | हेलो सरकार/गुनासो व्यवस्थापन प्रणाली | त्रैमासिक | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| सूचना प्रविधि क्षमता अभिवृद्धि | सूचना प्रविधि सम्बन्धी दक्ष जनशक्ति विकास | तालिम प्राप्त कर्मचारी संख्या | तालिम प्रतिवेदन | वार्षिक | सम्बन्धित मन्त्रालय/निकाय |
| डेटा एकीकरण र विश्लेषण | तथ्याङ्कमा आधारित निर्णय प्रणाली | एकीकृत डेटाबेस सञ्चालन स्थिति | डेटा प्लेटफर्म प्रतिवेदन | अर्धवार्षिक | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| प्रविधिमा आधारित अनुसन्धान र प्रमाण | डिजिटल प्रमाण प्रयोग हुने अनुसन्धान वृद्धि | डिजिटल प्रमाण समावेश मुद्दा संख्या | अनुसन्धान/अदालतको अभिलेख | वार्षिक | अख्तियार दुरूपयोग अनुसन्धान आयोग |
| निजी तथा सहकारी क्षेत्रमा भ्रष्टाचार नियन्त्रण | निजी तथा सहकारी क्षेत्रमा उत्तरदायित्व स्थापना | कारबाही गरिएका संस्था संख्या | नियामक निकाय प्रतिवेदन | वार्षिक | सम्बन्धित नियामक निकाय |
| निजी क्षेत्रका हरेक क्रियाकलापमा सुशासन | निजी क्षेत्रको कारोबार पारदर्शी | सुशासन मापदण्ड पालना दर | स्व–घोषणा/अडिट प्रतिवेदन | वार्षिक | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय |
| दुष्कृतिजन्य कार्यलाई सुधार गर्ने मौका दिने | स्वेच्छिक सुधारमार्फत अनुपालन वृद्धि | स्वेच्छिक सुधार अपनाएका केस संख्या | नियामक अभिलेख | वार्षिक | सम्बन्धित नियामक निकाय |
| अनुसन्धान र अभियोजन सुदृढीकरण | भ्रष्टाचार मुद्दामा अनुसन्धान/अभियोजन प्रभावकारिता | दर्ता र सफल अभियोजन दर | विशेष अदालत/महान्यायाधिवक्ता प्रतिवेदन | अर्धवार्षिक | अख्तियार दुरूपयोग अनुसन्धान आयोग |
| फैसला कार्यान्वयन र प्रतिरक्षा सुधार | अदालत फैसला समयमै कार्यान्वयन | फैसला कार्यान्वयन दर | फैसला कार्यान्वयन निर्देशनालयको अभिलेख | अर्धवार्षिक | फैसला कार्यान्वयन निर्देशनालय |
| राष्ट्रिय निकायबीच समन्वय | भ्रष्टाचार नियन्त्रणमा एकीकृत प्रयास | संयुक्त कार्ययोजना संख्या | समन्वय समिति प्रतिवेदन | वार्षिक | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| अन्तर्राष्ट्रिय कानूनी | सीमापार भ्रष्टाचार मुद्दामा सहयोग सुदृढ | पारस्परिक कानुनी सहायता | कानून, न्याय तथा संसदीय | वार्षिक | कानून, न्याय तथा |



पुष्कर सापकोटा
सचिव

| | | | | | |
|---|---|---|---|---|---|
| **सहायता र सहकार्य** | | (MLA) अनुरोधको सफल कार्यान्वयन दर | मामिला मन्त्रालय/परराष्ट्र मन्त्रालय अभिलेख | | संसदीय मामिला मन्त्रालय |
| **सम्पत्ति फिर्ता र सुपुर्दगी** | भ्रष्टाचारबाट आर्जित सम्पत्ति पुनःप्राप्ति | फिर्ता/जफत गरिएको सम्पत्ति मूल्य | सम्पत्ति व्यवस्थापन विभाग प्रतिवेदन | अर्धवार्षिक | कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग |

**पुष्कर सापकोटा**
सचिव

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

# परिच्छेद-५ रणनीतिक योजनाको सीमा र अपेक्षित उपलब्धि

## ५.१ रणनीतिक योजनाको सीमा

भ्रष्टाचार विरुद्धको दोस्रो राष्ट्रिय रणनीतिक योजना (२०८२/८३-२०८७/८८) शासन प्रणालीमा देखिएका संरचनागत, संस्थागत र व्यवहारगत कमजोरीलाई सम्बोधन गर्दै भ्रष्टाचार न्यूनीकरण, सदाचार प्रवर्धन र जवाफदेहिता सुदृढीकरण गर्ने उद्देश्यले तयार गरिएको छ। यस रणनीतिक योजनाले कानूनी, नीतिगत, प्रशासनिक, वित्तीय, प्राविधिक तथा सामाजिक पक्षलाई समेट्दछ। साथै, राष्ट्रिय रणनीतिक योजनाले प्रदेश सरकार, स्थानीय तह र निजी क्षेत्रलाई सदाचारिता प्रवर्धन गर्न थप रणनीति तथा कार्ययोजना बनाउने बटो खुला गरेको छ।

यस राष्ट्रिय रणनीतिक योजनाको कार्यक्षेत्र अन्तर्गत सङ्घीय शासन प्रणालीका सङ्घ, प्रदेश तथा स्थानीय तहका सबै सार्वजनिक निकायको हकमा लागू हुनेछ। मन्त्रालय, विभाग, आयोग, सार्वजनिक संस्थान, नियामक निकाय, न्यायिक तथा अर्ध-न्यायिक निकाय लगायत सार्वजनिक सेवा प्रवाहमा संलग्न अन्य संरचनाहरू यस राष्ट्रिय रणनीतिक योजनाको दायराभित्र पर्नेछन्। साथै, सार्वजनिक स्रोतको व्यवस्थापन, सेवा प्रवाह र निर्णय प्रक्रियामा संलग्न सबै तहका सार्वजनिक निकायका पदाधिकारी तथा कर्मचारी यस राष्ट्रिय रणनीतिक योजनाको प्रत्यक्ष सरोकारवाला रहनेछन्।

यो राष्ट्रिय रणनीतिक योजना निम्न प्रमुख क्षेत्रहरूमा सीमित रहनेछः

(क) **कानूनी तथा नीतिगत सुधारः** भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय महासन्धि अनुरूप विद्यमान कानून र नीतिको समीक्षा, संशोधन तथा आवश्यक नयाँ कानून तर्जुमा गरी भ्रष्टाचार नियन्त्रणका लागि स्पष्ट र कार्यान्वयनयोग्य कानूनी आधार निर्माण गर्ने।

(ख) **सदाचार र नैतिक आचरणः** सार्वजनिक सेवामा आचारसंहिता निर्माण र कार्यान्वयन, स्वार्थको द्वन्द्व व्यवस्थापन, सम्पत्ति घोषणा तथा आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारी कार्यान्वयन गर्ने र समुदाय तथा शैक्षिक संस्थामार्फत सदाचार र नैतिक शिक्षाको प्रवर्धन गर्ने।

(ग) **अनुसन्धान, अभियोजन र न्यायिक प्रक्रियाः** भ्रष्टाचारसम्बन्धी कसुरको अनुसन्धान, अभियोजन र न्यायिक निरूपणलाई प्रविधिमा आधारित, प्रभावकारी, निष्पक्ष र समयबद्ध बनाउने।

(घ) **सार्वजनिक वित्त तथा खरिद प्रणालीः** सार्वजनिक खरिद, बजेट तर्जुमा, लेखा र राजस्व प्रशासनमा पारदर्शिता, प्रतिस्पर्धा र जोखिममा आधारित नियन्त्रण प्रणालीको सुदृढीकरण गर्ने।

(ङ) **डिजिटल शासन र प्रणालीगत नियन्त्रणः** सूचना प्रविधिको प्रयोगमार्फत सेवा प्रवाह, निर्णय प्रक्रिया र नियन्त्रण प्रणाली पारदर्शी र मापनयोग्य बनाउने।

(च) **नागरिक सहभागिता र सामाजिक निगरानीः** नागरिक, मिडिया र नागरिक समाजको सहभागिता अभिवृद्धि गरी सार्वजनिक निकायको पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गर्ने।

(च) **अनुगमन, मूल्याङ्कन, सिकाइ र सुधारः** रणनीति तथा कार्ययोजना कार्यान्वयनको निरन्तर अनुगमन, मूल्याङ्कन र सिकाइमार्फत सुधारात्मक कदम चाल्ने।

पुष्कर सापकोटा
सचिव

यस राष्ट्रिय रणनीतिक योजनाले भ्रष्टाचार नियन्त्रणलाई केवल दण्डात्मक उपायमा सीमित नराखी निरोधात्मक, प्रवर्धनात्मक, प्रणालीगत र व्यवहारगत सुधारको एकीकृत प्रयासलाई जोड दिन्छ। तथापि, निजी क्षेत्र, राजनीतिक दलको आन्तरिक लोकतन्त्र तथा अन्तर्राष्ट्रिय अपराध नियन्त्रण जस्ता विषयहरूमा यो रणनीतिक योजनाको प्रत्यक्ष हस्तक्षेप सीमित रहनेछ र ती विषयमा सम्बन्धित कानून र निकायहरूसँगको समन्वयमा काम गरिनेछ।

## ५.२ जोखिम न्यूनीकरणका उपायहरू

रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयनका लागि सम्भावित जोखिमलाई समयमै पहिचान गरी त्यसको नियन्त्रण र न्यूनीकरणका उपाय अवलम्बन गर्नु आवश्यक छ। यसका लागि उच्च जोखिमयुक्त क्षेत्रमा नियमित भ्रष्टाचार जोखिम मूल्याङ्कन, आन्तरिक नियन्त्रण प्रणाली र जोखिम व्यवस्थापन प्रणाली लागू गरी त्यसको नतिजाका आधारमा सुधारात्मक कार्य गरिनेछ। नीतिगत दोहोरोपन र कार्यान्वयनमा देखिने कमजोरी हटाउन अन्तर–निकाय समन्वयलाई सुदृढ बनाउँदै नियमित समन्वय बैठक, निर्णय कार्यान्वयनमा सहकार्य तथा जिम्मेवारीको स्पष्ट बाँडफाँट गरिनेछ। साथै, रणनीतिक योजनाको कार्यान्वयनको नियमित अनुगमन, मूल्याङ्कन र प्रतिवेदन प्रणालीलाई प्रभावकारी बनाउँदै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नेतृत्वमा प्रगतिको निरन्तर समीक्षा गरी आवश्यक सुधारका कदम चालिनेछ।

त्यसैगरी, जोखिम नियन्त्रणका लागि डिजिटल सुशासन, डिजिटल निगरानी प्रणाली, जोखिम सङ्केत (Risk Flagging) प्रणाली, कृत्रिम बुद्धिमत्तामा आधारित जोखिम विश्लेषण, जियो-ट्यागिङ, खुला सरकारी तथ्याङ्क, तथा नागरिक गुनासो व्यवस्थापन प्रणाली जस्ता प्रविधिमैत्री उपायहरू अवलम्बन गरिनेछ। सूचना प्रविधिसम्बन्धी दक्ष जनशक्ति विकास, साइबर सुरक्षा तथा डेटा सुरक्षाको प्रत्याभूति, पारदर्शी सेवा प्रवाह, नागरिक सहभागिता, हेलो सरकार तथा उजुरी प्रणालीको प्रभावकारी सञ्चालन, र संवैधानिक निकाय, नियामक संस्था तथा सम्बन्धित मन्त्रालयबीच सूचना आदानप्रदान र सहकार्यलाई सुदृढ बनाउँदै कार्यान्वयनका क्रममा उत्पन्न हुने प्राविधिक, संस्थागत र समन्वयसम्बन्धी जोखिमको न्यूनीकरण गरिनेछ।

## ५.३ अपेक्षित उपलब्धि

भ्रष्टाचार विरुद्धको राष्ट्रिय रणनीतिक योजनाको प्रभावकारी रूपमा कार्यान्वयन भएमा देहायका प्रमुख उपलब्धिहरू हासिल हुने अपेक्षा गरिएको छः

### ५.३.१ कानूनी तथा संस्थागत उपलब्धि

(क) भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय महासन्धि अनुरूप भ्रष्टाचार नियन्त्रणसम्बन्धी कानूनी तथा नीतिगत सुधार र संस्थागत सुदृढीकरण भई भ्रष्टाचार नियन्त्रणका कार्यमा स्पष्टता र प्रभावकारिता आउने।

(ख) सूचनादाता (whistleblower ) को संरक्षण, अवैध सम्पत्ति जफत तथा व्यवस्थापन कार्यबाट भ्रष्टाचारजन्य कार्य छानबिनको दायरामा आई भ्रष्टाचारवाट आर्जित सम्पत्ति राज्यकोषमा फिर्ता आउने।



पुष्कर सापकोटा
सचिव

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

### ५.३.२ सदाचार र जवाफदेहिता सम्बन्धी उपलब्धि

(क) सार्वजनिक सेवामा आचारसंहिता र स्वार्थको द्वन्द्व व्यवस्थापन प्रणाली प्रभावकारी रूपमा लागू भई नैतिक आचरण र व्यक्तिगत जवाफदेहिता सुदृढ हुने।

(ख) सम्पत्ति घोषणा र जीवनशैली अनुगमन प्रणालीले अवैध धन आर्जनको जोखिम न्यूनीकरण हुने।

(ग) सार्वजनिक पदाधिकारी तथा कर्मचारीमा जिम्मेवारीबोध र नैतिक संस्कार अभिवृद्धि हुने।

### ५.३.३ अनुसन्धान, अभियोजन र न्यायिक सुधार

(क) भ्रष्टाचारसम्बन्धी मुद्दाको अनुसन्धान र अभियोजन प्रक्रिया अझ छिटो, सक्षम, प्रविधिमैत्री, प्रभावकारी र निष्पक्ष हुने।

(ख) अनुसन्धान तथा अभियोजन निकायको क्षमता अभिवृद्धि भई मुद्दा फछ्र्यौट दरमा सुधार हुने।

(ग) अन्तराष्ट्रियस्तरमा भ्रष्टाचारजन्य क्रियाकलापबाट आर्जित सम्पत्तिको खोजबिन, जफत तथा फिर्ता हुने दर बढ्ने।

(घ) दण्डहीनताको प्रवृत्ति क्रमशः न्यूनीकरण भई कानूनी जवाफदेहिता र सुशासन सुदृढ हुने।

### ५.३.४ सार्वजनिक वित्तीय प्रणाली सुधार

(क) सार्वजनिक खरिद, बजेट र लेखा प्रणालीमा पारदर्शिता बढ्दै आर्थिक अनियमितता न्यूनीकरण हुने।

(ख) डिजिटल प्रणाली र जोखिममा आधारित नियन्त्रणमार्फत सार्वजनिक स्रोतको मूल्य अभिवृद्धि र कुशल उपयोग हुने।

(ग) राजस्व प्रशासन सुधार भई राजस्व चुहावट घट्ने।

### ५.३.५ नागरिक सहभागिता र सामाजिक विश्वास

(क) सार्वजनिक सुनुवाइ, सूचना खुलासा र सामाजिक निगरानीका माध्यमबाट नागरिक सहभागिता अभिवृद्धि हुने।

(ख) नागरिक, मिडिया र नागरिक समाजको सक्रिय भूमिकाले सार्वजनिक निकायको कामकारबाहीमा पारदर्शिता र जवाफदेहिता बढने।

(ग) राज्यप्रति नागरिकको विश्वास र भरोसा बढ्ने।

### ५.३.६ समग्र प्रभाव

समग्रमा, भ्रष्टाचार विरुद्धको राष्ट्रिय रणनीतिक योजनाको सफल कार्यान्वयनबाट भ्रष्टाचार न्यूनीकरण, सदाचार र सुशासन प्रवर्धन भई नेपालको अन्तर्राष्ट्रिय छवि सुधार, सार्वजनिक सेवा प्रवाहको गुणस्तर वृद्धि, दिगो विकास र समृद्धि हासिल गर्न सहयोग पुग्नेछ।

***

पुष्कर सापकोटा
सचिव

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं